# सिद्धार्थ बैंक लिमिटेड
# बीसौँ वार्षिक प्रतिवेदन
## आ.व. २०७७/७८

सम्बन्ध सधैंभरिलाई



Siddhartha Bank

# सञ्चालक समिति



**मनोज कुमार केडिया**

अध्यक्ष
(प्रतिनिधि, प्रुडेन्सियल इन्भेष्टमेन्ट कं. प्रा. लि.)
संस्थापक समूह



**नरेन्द्र कुमार अग्रवाल**

सञ्चालक
संस्थापक समूह



**राहुल अग्रवाल**

सञ्चालक
संस्थापक समूह



**दिनेश शंकर पालिखे**

सञ्चालक
(प्रतिनिधि, गिन्नी इन्भेष्टमेन्ट प्रा. लि.)
सर्वसाधारण समूह



**अंकित केडिया**

सञ्चालक
(प्रतिनिधि, लिभरेज होल्डिङ्गस प्रा. लि.)
सर्वसाधारण समूह



**मिना कुमारी सैंजु**

स्वतन्त्र सञ्चालक

लेखापरीक्षक
सि. ए. शिव चन्द्र श्रेष्ठ
वरिष्ठ साझेदार
जि. पि. राजबाहक एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

लक्ष्मण घिमिरे
कम्पनी सचिव

# विषय सूची


| क्र.सं | विषय | पृष्ठ |
|---|---|---|
| १. | बीसौं वार्षिक साधारणसभाको सूचना | १ |
| २. | साधारण सभा सम्बन्धी संक्षिप्त जानकारी | २ |
| ३. | बैंक संचालक समितिका अध्यक्षज्यूको सन्देश | ६ |
| ४. | संचालक समितिको वार्षिक प्रतिवेदन | १० |
| ५. | एकिकृत लेखापरीक्षकको प्रतिवेदन | ३५ |
| ६. | एकिकृत वित्तीय अवस्थाको विवरण | ३९ |
| ७. | एकिकृत नाफा नोक्सान विवरण | ४१ |
| ८. | एकिकृत अन्य विस्तृत आम्दानीको विवरण | ४२ |
| ९. | एकिकृत नगद प्रवाह विवरण | ४३ |
| १०. | एकिकृत इक्विटीमा भएको परिवर्तनको विवरण | ४५ |
| ११. | लेखा सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखानीतिहरु | ५० |
| १२. | अनुसूचीहरु | ७१ |
| १३. | प्रकटीकरण तथा थप जानकारी | १०४ |
| १४. | प्रमुख सूचकाङ्कहरु | १३७ |
| १५. | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिमको विवरण | १३८ |
| १६. | कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिमको विवरण | १४३ |
| १७. | नेपाल राष्ट्र बैंकको निर्देशन | १४७ |
| १८. | प्रबन्धपत्र र नियमावली संशोधनको तीन महले विवरण | १४८ |

# सिद्धार्थ बैंक लिमिटेडका शेयरधनी महानुभावहरुलाई

## बीसौं वार्षिक साधारण सभाको सूचना

**श्री शेयरधनी महानुभावहरु,**

यस बैंकको मिति २०७८ साल पौष ०८ गते (तदनुसार २३ डिसेम्बर, २०२१) का दिन बसेको सञ्चालक समितिको ३८६ औं बैठकको निर्णयानुसार बैंकको बीसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवम् उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

१. **सभा हुने मिति, समय र स्थान**

मिति : २०७८ साल पौष ३० गते शुक्रबार (तद्अनुसार १४ जनवरी, २०२२)
स्थान : सिलभर ओक बैंक्वेट, गैह्रिधारा, काठमाडौं ।
सभा शुरु हुने समय : बिहान ११:०० बजे
उपस्थिति पुस्तिका बिहान ९:०० बजे देखि नै खुल्ला राखिने छ ।

**छलफलका विषयहरु :**

(क) **सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७७/७८ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी सो लाई पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०७७ श्रावण १ देखि २०७८ आषाढ मसान्त सम्मको नाफा नोक्सान विवरण, सोही अवधीको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र तत् सम्बन्धी अनुसूचीहरु पारित गर्ने ।
३. यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लि." को आ.व. २०७७/७८ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७८/७९ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (बहालवाला लेखापरीक्षक श्री जि.पी. राजबाहक एण्ड कम्पनी, चार्टड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)
५. बैंकको चुक्ता पूँजी रु. १०,९६,२२,९९,१९५/- (अक्षरेपी दश अर्ब छयानब्बे करोड बाईस लाख उनानसय हजार एक सय पन्चानब्बे रुपैँया मात्र) को ०.७५ प्रतिशतका दरले रु. ८,२२,१७,२४४/- (अक्षरेपी आठ करोड बाईस लाख सत्र हजार दुई सय चौवालीस रुपैंया मात्र) नगद लाभांश (बोनस शेयर कर प्रयोजनका लागि मात्र) प्रदान गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव स्वीकृत गर्ने ।

(ख) **विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजी रु. १०,९६,२२,९९,१९५/- (अक्षरेपी दश अर्ब छयानब्बे करोड बाईस लाख उनानसय हजार एक सय पन्चानब्बे रुपैँया मात्र) को १४.२५ प्रतिशतका दरले हुने रु. १,५६,२१,२७,६३६/- (अक्षरेपी एक अर्ब छपन्न करोड एक्काइस लाख सत्ताइस हजार छ सय छत्तीस रुपैंया मात्र) बराबरको बोनस शेयर जारी गर्ने ।
२. माथि विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गरेका कारण हुने पूँजी वृद्धि लगायतका विषयहरु समावेश गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/थप/परिमार्जन गर्ने ।
३. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।
४. संचालक समितिको मिति २०७८ साल वैशाख १४ गते बसेको ३६९औं बैठकले प्रचलित कानून एवं बैंकको नियमावलीको अधिनमा रहि स्वतन्त्र संचालक पदमा ४ वर्षका लागि श्री मिना कुमारी सैंजुलाई नियुक्त गरेकोमा सो नियुक्तिलाई अनुमोदन गर्ने ।
५. संचालक समितिका अध्यक्ष र सदस्यको बैठक भत्ता वृद्धि गरी प्रति बैठक क्रमशः रु. २०,०००/- र रु. १५,०००/- कायम गर्ने ।
६. बैंकले आ.व. २०७७/७८ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५ (१) (ग) ले निर्धारण गरेको सीमाभन्दा बढी भएको खर्चलाई अनुमोदन गर्ने ।
७. सिद्धार्थ बैंक लि. र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अर्को कुनै उपयुक्त संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा बैंकको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit- DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने र गाभिने तथा प्राप्त गर्ने (Merger and Acquisition) सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य आवश्यक प्रक्रिया पुरा गरी सो मा हस्ताक्षर गर्ने, लगायत मर्जर तथा एक्वीजिसन सम्बन्धी अन्य आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

(ग) **विविध**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

## साधारण सभा सम्बन्धी संक्षिप्त जानकारी

१. साधारण सभाको प्रयोजनको लागि मिति २०७८ साल १८ गते एक दिनको लागि बैंकको शेयर दाखिल खारेज दर्ता बन्द गरिनेछ। सो दिनभन्दा अघि शेयर बाँडफाँड भई वा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सो दिनभन्दा अघि कारोबार भई बैंकको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुलेसभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नु हुनेछ ।

२. शेयरधनीहरुले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । नाबालक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

३. संयुक्त रुपमा एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्वारा मनोनित गरिएको साझेदारले वा निजहरुले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोहि व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ ।

४. सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले बैंकको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ ।

५. प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधिपत्र यस बैंकको शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा बुझाई सक्नु पर्नेछ ।

६. प्रतिनिधि नियुक्त गरी सो को लागि प्रतिनिधिपत्र यस बैंकको शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाडौंमा बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सो को सूचना सभा सुरु हुनुभन्दा ४८ घण्टा अगावै यस बैंकको शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाडौंमा नै दिनुपर्नेछ ।

७. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा दफा ६ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधि बदर हुनेछ । प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै यस बैंकको शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाडौंमा बुझाई सक्नुपर्नेछ ।

८. विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको विषयबारे सभा हुनुभन्दा ७ दिन अगावै बैंकको हात्तीसार, काठमाण्डौ स्थित प्रधान कार्यालयमा रहेको कम्पनी सचिवको कार्यालयमा जानकारी दिनुपर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर छलफल गर्न सकिने छैन ।

९. शेयर प्रमाण-पत्र वा शेयर स्टेटमेण्ट प्राप्त गरी नसक्नु भएका शेयरधनीले यस बैंकको शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाडौंबाट शेयर प्रमाण-पत्र वा आफ्नो हितग्राही खाता रहेको संस्थामा गई स्टेटमेण्ट लिनु पर्नेछ । सभाको दिन सभाकक्षमा शेयर प्रमाण-पत्र वितरण गरिने छैन ।

१०. आफ्नो परिचयपत्र सहित बैंकले जारी गरेको प्रवेश-पत्र वा शेयर प्रमाण पत्र वा बैंकको शेयर अभौतिकीकरण गरेको देखिने अभौतिकीकरण खाता (DMAT Account) को विवरण (BOID Statement) प्रस्तुत गरेपछि मात्र सभाकक्ष भित्र प्रवेश गर्न पाईनेछ ।

११. सभाको दिन सभा शुरु हुनु भन्दा पहिले नै उपस्थित भईदिनुहुन हार्दिक अनुरोध गर्दछौं । साथै, शेयरधनी महानुभावहरुको सुविधाको लागि सभा हुने दिन बिहान ९:०० बजेदेखि हाजिर पुस्तिका खुल्ला रहनेछ । विश्वव्यापी रुपमा फैलिएको कोरना भाईरस (कोभिड १९) को कारण नेपाल सरकारले पालना गर्नुपर्ने भनी तोकिएका सम्पूर्ण सुरक्षात्मक उपायहरु अवलम्बन गरी साधारण सभा संचालन गर्ने प्रबन्ध मिलाइएको छ । सभामा उपस्थित हुँदा २ मिटरको सामाजिक दुरी कायम हुने गरी हाजिरी तथा सभा स्थलमा बस्ने व्यवस्था कायम गरिएको हुँदा भाईरस संक्रमणबाट बच्न बचाउनको लागि आवश्यक पर्ने मास्क, पञ्जा लगायतका न्युनतम सुरक्षाको उपकरणहरु प्रयोग गर्नुहुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध छ ।

१२. हितग्राही खातामा बैंक खाता अद्यावधिक नगराएका शेयरधनीहरु तथा हाल सम्म पनि आफ्नो शेयर प्रमाणपत्रहरु अभौतिकिकरण (DEMAT) नगराउनु भएका शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र अभौतिकिकरण गराई सो सँगसँगै हितग्राही खातामा बैंक खाता समेत अद्यावधिक गराउनु हुन अनुरोध गर्दछौं ।

नोट :

१. साधारणसभासँग सम्वन्धित वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन र छलफलका विषयहरु यस बैंकको वेबसाइट www.siddharthabank.com मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।

२. अन्य जानकारीको लागि बैंकको रजिष्टर्ड कार्यालय, हात्तीसार, काठमाडौं स्थित कम्पनी सचिवको कार्यालय (टेलिफोन नं. ०१-४४४२९१९/४४४२९२०) मासम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

SiddharthaBank

# प्रतिनिधि (प्रोक्सी) फारम

श्री सञ्चालक समिति,
सिद्धार्थ बैंक लिमिटेड,
हात्तीसार, काठमाण्डौ ।

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

................ जिल्ला ........................ म.न.पा./न.पा./गा.पा. ......... वडा नं. ........ बस्ने म/हामी ............................ले त्यस बैंकको शेयरधनीको हैसियतले मिति २०७८ साल पौष ३० गते शुक्रबारका दिन हुने बीसौं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि ................ जिल्ला ....................म.न.पा./न.पा./गा.पा. वडा नं. ..... बस्ने त्यस कम्पनीका शेयरधनी श्री ......................................... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

**निवेदक**
दस्तखतः
नामः
ठेगानाः
शेयरधनी/हितग्राही नं.ः
कित्ता नं. ............. देखि ............. सम्म
जम्मा शेयर संख्याः
मितिः २०७८/......./.......

**प्रतिनिधि नियुक्त भएको व्यक्तिको**
हस्ताक्षरको नमूनाः
शेयरधनी नं.ः
हितग्राही नं.ः

द्रष्टव्यः यो निवेदन साधारण सभा हुनु भन्दा कम्तीमा **४८ घण्टा** अगावै बैंकको शेयर रजिष्ट्रार **श्री सिद्धार्थ क्यापिटल लिमिटेड नारायणचौर, नक्साल, काठमाडौं**मा पेश गरी सक्नुपर्नेछ । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फारम रद्द गरिने छ ।

✂..................................................................................................................

SiddharthaBank

सिद्धार्थ बैंक लिमिटेड,
हात्तीसार, काठमाण्डौ ।

**बीसौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको**

**प्रवेश-पत्र**

शेयरधनीको नामः श्री ........................................................................... कुल शेयर संख्याः ............................
शेयरधनी/हितग्राही नं. ....................................................

शेयरधनीको हस्ताक्षरः ....................................................

कम्पनी सचिव

(द्रष्टव्यः प्रतिनिधिले सभामा भाग लिन आउँदा माथि उल्लेखित सम्पूर्ण विवरणहरु उल्लेख गरी यो प्रवेश पत्र अनिवार्य साथमा लिई आई दिनुहुन अनुरोध गर्दछौं ।)

## निक्षेप मिश्रण




## कर्जा मिश्रण










**मंसिर मसान्त, २०७८**

## सिद्धार्थ बैंक लिमिटेडको बीसौं वार्षिक साधारण सभामा
## बैंक सञ्चालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाको सन्देश

**आदरणीय शेयरधनी महानुभावहरु,**

सिद्धार्थ बैंक लिमिटेडको बीसौं वार्षिक साधारण सभामा उपस्थित आदरणीय शेयरधनी महानुभावहरु, यस सभामा हाम्रो निमन्त्रणा स्वीकार गरी पाल्नु भएका नियमनकारी निकायका प्रतिनिधिहरु, बैंकका बाह्य लेखापरीक्षक, बैंकमा कार्यरत कर्मचारीहरु एवं उपस्थित समस्त महानुभावहरुलाई सञ्चालक समिति र मेरो व्यक्तिगत तर्फबाट यस गरिमामय सभामा हार्दिक स्वागत गर्न चाहन्छु । बैंकले गत आर्थिक वर्षमा र चालु आ.व.को हालसम्म गरेको कार्यहरु समेतको विस्तृत वित्तीय विवरणहरु सञ्चालक समितिको प्रतिवेदनमा समावेश गरिएको हुँदा संक्षेपमा आफ्नो मन्तव्य राख्न चाहन्छु ।

बैंकले आफ्नो संचालनको १९ वर्ष पार गरेको छ । सिद्धार्थ बैंक लिमिटेड उत्कृष्ट कार्यसम्पादन, सही दिशानिर्देश तथा रणनीतिको साथ अगाडी बढिरहेको हुँदा वित्तीय परिसूचकहरुमा आफ्नो स्थान निरन्तर रुपमा सुदृढ गर्दै बैंकले आफूलाई एउटा सबल एवं विश्वसनीय बैंकको रुपमा स्थापित गराउन सफल हुँदै आएको छ । हामी यसलाई अझ सुदृढ, व्यवसायिक रणनीति एवं नयाँ कार्य योजनाहरु कार्यान्वयन गर्दै अग्र पंक्तिमा पुऱ्याउन प्रयत्नरत छौं । यसका लागि महत्वपूर्ण योगदान पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभाव, ग्राहकवर्ग, नियामक निकाय, बैंकका कर्मचारीवर्ग, शुभेच्छुक तथा अन्य सम्पूर्ण सम्बद्ध निकायहरु समक्ष हार्दिक आभार व्यक्त गर्दछौं ।

अब म यहाँहरु समक्ष बैंकले आ.व. २०७७/७८ मा गरेका मुख्य कार्यहरु एवं प्राप्त गरेका उपलब्धिहरु, चालु आ.व. को हालसम्म भएका मूलभूत कार्यहरु र भविष्यमा गर्ने कार्यहरुको बारेमा संक्षेपमा चर्चा गर्ने अनुमति चाहन्छु ।

- समीक्षा अवधिमा बैंकको चुक्ता पूँजी रु. ९.७८ अर्बबाट वृद्धि भई रु. १० अर्ब ९६ करोड २२ लाख ९९ हजार १ सय ९५ पुगेको छ । सोही चुक्ता पूँजीलाई आधार मानी गत आ.व. २०७७/७८ को वितरण योग्य मुनाफाबाट बैंकले रु. १ अर्ब ५६ करोड २१ लाख २७ हजार ६ सय ३६ रुपैंया बराबरको अर्थात १४.२५ प्रतिशत बोनस शेयर तथा रु. ८ करोड २२ लाख १७ हजार २ सय ४४ रुपैंया बराबरको अर्थात ०.७५ प्रतिशत नगद लाभांश (बोनस शेयर कर प्रयोजनका लागि मात्र) जारी गर्ने प्रस्ताव साधारण सभा समक्ष स्वीकृतिको लागि पेश गरेको छ । सो बोनस शेयरको प्रस्ताव पारित भए पश्चात् बैंकको चुक्ता पूँजी रु. १२ अर्ब ५२ करोड ४४ लाख २६ हजार ८ सय ३१ रुपैंया पुग्नेछ ।

- समीक्षा अवधिमा बैंकले "सिद्धार्थ सामाजिक सुरक्षा खाता", "सिद्धार्थ जेन जी खाता", "सिद्धार्थ प्राथमिकता खाता" जस्ता बचत खाताहरुको शुरुवात गरेको छ । यसैगरी, बैंकले नागरिक एप्लिकेशन सँगको सहकार्यमा घरमै बसि सिद्धार्थ बैंकमा खाता खोल्न सक्ने व्यवस्था संचालनमा ल्याएको छ । समीक्षा अवधिमा बैंकको निक्षेप रु. १४५.९५ अर्बबाट वृद्धि भई रु. १८५.२० अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा २६.८९ प्रतिशतको वृद्धि हो । कोभिड-१९ को कारणले देशको सम्पूर्ण अर्थ व्यवस्था प्रभावित हुँदा पनि बैंकले संचालनमा ल्याएका विभिन्न आकर्षक निक्षेप योजनाहरु एवं ग्राहकहरुले बैंकप्रति देखाउनु भएको विश्वासको प्रतिफल स्वरुप समीक्षा अवधिमा बैंकले निक्षेपमा उल्लेख्य वृद्धि हासिल गर्न सफल भएको हो । यसैगरी, बैंकले समीक्षा वर्षमा रु. ३ अर्ब रुपैंया बराबरको सात वर्ष अवधिको "८.५०% एस.बि.एल. डिबेञ्चर २०८४" निष्काशन गरेको थियो ।

- समीक्षा अवधिमा बैंकको कर्जा रु. १२९.९५ अर्बबाट वृद्धि भई रु. १६७.७८ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा २९.१० प्रतिशतको वृद्धि हो । बैंकले आपूर्ति श्रृखला लगानी (Supply Chain Financing), Channel Financing लगायत Factoring and Reverse Factoring जस्ता नवीनतम् प्रविधियुक्त संरचनाहरु कार्यान्यवनमा ल्याएको छ । साथै, नेपाल राष्ट्र बैंकको नीति तथा प्राथमिकता अनुसार बैंकले उत्पादनमूलक क्षेत्रहरु जस्तै कृषि, जलविद्युत, पर्यटन तथा विपन्न वर्गमा आफ्नो कर्जा सेवा विस्तार गर्दै आइरहेको छ । बैंकले नेपाल राष्ट्र बैंकद्वारा प्रदान गरिएको पुनरकर्जा सुविधा प्राथमिकताका साथ लक्षित व्यवसायलाई प्रदान गरेको छ ।

  यसैगरी बैंकले सरल तथा सहज रुपमा साना व्यवसायीलाई छोटो समयमै कर्जा प्रदान गर्नका लागि "स्कोरकार्ड मोडल" समेत अवलम्बन गरेको छ । त्यस्तै बैंकले खरिदकर्ताको पक्षबाट बिक्रेतालाई तुरुन्तै रकम भुक्तानी प्रदान गर्न "इन्भवाइस डिस्काउन्टिङ्ग" जस्ता नवीन कर्जा सुविधा सञ्चालन गरेको छ । बैंकले निम्न तथा मध्यम आय भएका ग्राहकहरुको वित्तीय आवश्यकता पूरा गर्न तथा उद्यमशीलता प्रवर्द्धन गर्न सहजीकरण गर्ने लक्ष्य लिएको छ । बैंकले आफुलाई साना तथा मझौला व्यवसायीका लागि प्रथम रोजाईको बैंकको रुपमा स्थापना गर्ने लक्ष्य लिएको छ ।

- समीक्षा अवधिमा बैंकको लगानी रु. २३.७७ अर्बबाट वृद्धि भई रु. ४५.१८ अर्ब पुगेको छ, जुन गत आ.व. को तुलनामा करिब ९०.११ प्रतिशतको वृद्धि हो । समीक्षा अवधिमा बैंकको कुल सम्पत्ति रु. १७०.५८ अर्बबाट वृद्धि भई रु. २२८.९४ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा करिब ३४.२१ प्रतिशतको वृद्धि हो ।

- समीक्षा अवधिमा बैंकको कुल ब्याज आम्दानी रु. १५.४३ अर्बबाट संकुचन भई रु. १४.९५ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा करिब ३.१३ प्रतिशतले कम हो । त्यस्तै समीक्षा अवधिमा बैंकको ब्याज खर्च रु. ९.८६ अर्बबाट संकुचन भई करिब रु. ९.४४ अर्ब पुगेको छ । यसरी समीक्षा अवधिमा खुद ब्याज आम्दानी रु. ५.५७ अर्बबाट संकुचन भई रु. ५.५१ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा १.१५ प्रतिशतले कम हो । औषत ब्याजदर अन्तर (Spread Rate) ५ प्रतिशत रहेकोमा २०७७ असार मसान्तसम्ममा ४.४० प्रतिशत भित्र कायम गर्नुपर्ने प्रावधान अनुसार कायम गरिएकोले बैंकको ब्याजदर अन्तरमा कमी हुँदा खुद ब्याज आम्दानीमा संकुचन आएको हो ।

- समीक्षा अवधिमा बैंकको संचालन मुनाफा रु. ३.१७ अर्बबाट वृद्धि भई रु. ४.१७ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा ३१.५४ प्रतिशतको वृद्धि हो । यसैगरी, समीक्षा अवधिमा बैंकको खुद नाफा रु. २.१४ अर्बबाट वृद्धि भई रु. २.८५ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा ३३.१८ प्रतिशतको वृद्धि हो ।

- समीक्षा अवधिमा बैंकको नेटवर्थ प्रति शेयर रु. १८६.११ रहेको छ, जुन गत आ.व.मा रु. १६३.५८ थियो । यो गत आ.व.को तुलनामा १३.७७ प्रतिशतको वृद्धि हो । समीक्षा अवधिमा बैंकको प्रति शेयर आम्दानी रु. २६.०४ रहेको छ, जुन गत आ.व. मा रु. १९.५५ थियो । यो गत आ.व.को तुलनामा ३३.१८ प्रतिशतको वृद्धि हो ।

- आर्थिक वर्ष २०७६/७७ बाट शुरु भई विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीको प्रथम एवं द्वितीय लहरको असर समीक्षा अवधिमा पनि रह्यो । कोभिड-१९ महामारीले ऋणीको वित्तीय स्थितिमा पर्न गएको नकारात्मक असरका साथै आ.व. २०७७/७८ मा ऋणीलाई विशेष कर्जा साँवा तथा ब्याज भुक्तानमा सहुलियत तथा सहजीकरण गरिएको र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार असल कर्जामा थप ०.३ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने लगायतका कारणका बावजुद पनि आ.व. २०७६/७७ मा रु. २.१४ अर्ब रहेको बैंकको खुद मुनाफा आ.व. २०७७/७८ मा ३३.१८ प्रतिशतले वृद्धि भई रु. २.८५ अर्ब पुगेको छ ।

  यसैगरी, चालु आर्थिक वर्षमा विप्रेषण आप्रवाहमा कमी हुनु, सरकारी खर्च सन्तोषजनक नहुनु, सरकार एवं नियमनकारी निकायको नीति नियममा भएको परिवर्तन, कर्जा प्रवाहमा अत्याधिक वृद्धि आउनु र सोहि अनुपातमा निक्षेप सङ्कलन हुन नसकेको लगायतका कारणले लगानीयोग्य रकमको चरम अभाव एवं तरलता संकुचनको अवस्था हालसम्म विद्यमान रही केहि महिनासम्म रहिरहने अपेक्षा गरिएको छ । तसर्थ, उपरोक्त समस्याहरु विद्यमान रहेको अवस्थामा बैंकको कारोबार दिगो रुपमा विस्तार गरी सम्पत्तिको गुणस्तर कायम राखि लगानीकर्तालाई उचित प्रतिफल दिने कार्य हाललाई चुनौतीपूर्ण रहने देखिन्छ ।

  विविध प्रतिकूलताका बावजुद पनि चालु आ.व. को मंसिर मसान्त सम्म बैंकको कुल निक्षेप ७.५८ अर्बले वृद्धि भएको छ भने कुल कर्जा सापट (NFRS बमोजिम) रु. १९.२१ अर्बले वृद्धि भएको छ । यसैगरी चालु आ.व. को मंसिर मसान्त सम्ममा बैंकले रु. १३३.८० करोड खुद मुनाफा आर्जन गरेको छ । प्रतिकूल परिस्थितिमा पनि चालु आ.व. को आश्विन मसान्त सम्म निष्कृय कर्जा/कुल कर्जा अनुपात ०.५४ प्रतिशत कायम गरी सम्पत्तिको गुणस्तर कायम राख्दै लक्षित मुनाफा हासिल गर्ने गरी बैंकले कार्य गरिरहेको व्यहोरा यहाँहरु समक्ष जानकारी गराउँदछौं ।

- समीक्षा वर्षमा बैंकका कर्मचारीहरुमा लगातार कोरोना संक्रमण देखिएको कारण बैंकको दैनिक कार्य सम्पादन चुनौतीपूर्ण रहयो । समीक्षा वर्षको प्रतिकुल परिस्थितीमा पनि बैंकको कार्य अविछिन्न रुपमा सञ्चालन गरी ग्राहक वर्गलाई चुस्त दुरुस्त सेवा प्रदान गर्न यस बैंक सफल रहेका थियो । समीक्षा अवधिमा बैंकले "Work from Home" कार्यविधि लागु गरी सो अन्तर्गत कर्मचारीहरुले घरमा बसी सहजरुपमा बैंकको कार्य गर्न मद्दत पुग्नुका साथै कोभिड महामारी रोकथाम तथा नियन्त्रणका लागि सहयोग पुगेको थियो ।

  मानव संशाधन बैंकको अमुल्य सम्पत्ति हो भन्ने विश्वासका साथ बैंकका साविकका मानव संशाधन सम्बन्धी अभ्यासहरु, मानव संशाधन प्रक्रिया, मानव संशाधन प्रविधिहरुको सूक्ष्म रुपमा अध्ययन एवं विश्लेषण गरी बैंकको मानव संशाधनका सम्पूर्ण अवयवहरु (Total HR Eco-System) लाई प्रचलित अन्तर्राष्ट्रिय असल अभ्यासहरु (International Best Practices) अनुरुप बनाउने उद्देश्य राखी बैंकले अन्तर्राष्ट्रिय स्तरमा ख्याती प्राप्त संस्था Deloitte Touche Tohmatsu India LLP, India लाई मानव संशाधन परामर्शदाताको रुपमा नियुक्त गरेको र उक्त संस्थाले बैंकको Human Resource Transformation सम्बन्धमा दिएका सल्लाह एवं सिफारिस अनुसारका Policies तथा Standard Operating Procedures बैंकको कार्यकारी समिति तथा सञ्चालक समितिमा आवश्यक समीक्षा गरि स्वीकृत गरिएको छ ।

- बैंकले कार्ड तथा अन्य विद्युतीय वैकल्पिक माध्यम (Alternative Delivery Channel) बाट ग्राहकहरुलाई विभिन्न प्रकारका सेवा सुविधाहरु प्रदान गर्दै आइरहेको छ । समीक्षा अवधिमा विद्युतीय वैकल्पिक माध्यमबाट हुने कारोबारमा उल्लेख्य वृद्धि भई ५९ प्रतिशत हुन पुगेको छ भने परम्परागत माध्यमद्वारा हुने कारोबार ४१ प्रतिशतमा सिमित भएको छ । बढ्दो विद्युतीय कारोबार, सूचना प्रविधिको बढ्दो प्रयोग तथा वित्तीय जालसाजीको नियन्त्रणलाई मध्यनजर गर्दै बैंकले विभिन्न माध्यमबाट ग्राहकहरुलाई सुरक्षात्मक उपायहरु सुझाउँदै आइरहेको छ। यसैगरी, वित्तीय जालसाजीको नियन्त्रण, सूचना प्रविधि र तथ्याङ्को सुरक्षा व्यवस्थापन, हार्डवेयर, नेटवर्क र सिस्टम सफ्टवेयरको उचित व्यवस्थापन गर्न बैंक सफल भएको छ ।

  समीक्षा अवधिमा बैंकले कन्ट्याक्टलेस कार्ड जारी गरी रु. २,००० सम्मको कारोबारमा पिनको प्रयोग नगरी ट्याप एण्ड पे माध्यमबाट भुक्तानी गर्न सक्ने व्यवस्था मिलाएको छ। ग्राहकहरुको सुविधालाई मध्यनजर गर्दै बैंकले समीक्षा अवधिमा ग्रिन पिन सेवा संचालनमा ल्याएको छ। समीक्षा अवधिमा ग्राहकले घरमै बसी डेबिट कार्ड तथा क्रेडिट कार्ड अनलाइन मार्फत आवेदन गर्न सक्ने व्यवस्था बैंकले मिलाएको छ।

  यसैगरी विद्युतीय कारोबारहरुलाई प्रोत्साहन गर्न समीक्षा अवधिमा बैंकले फोन पे सँगको सहकार्यमा स्मार्ट टेलर सेवा संचालनमा ल्याएको छ। अन्तर्राष्ट्रिय भुक्तानी संजालसँग एकीकरण गर्ने सिलसिलामा चीनको ख्याती प्राप्त Wechat Pay सँग सिस्टम इन्टिग्रेसन गरी सिद्धार्थ बैंकका मर्चेन्टहरुले Wechat Pay बाट वस्तु तथा सेवा खरिद गर्दा सजिलै भुक्तानी पाउने व्यवस्था गरिएको छ।

  यसैगरी ग्राहकहरुलाई वैकल्पिक माध्यमबाट भुक्तानी गर्नको लागि विद्यमान सिद्धार्थ बैंकको मोबाइल बैंकिङ्ग प्रणालीमा कनेक्ट आइ.पि.एस. इन्टिग्रेसन गरी कनेक्ट आइ.पि.एस. बाट न्यूनतम शुल्कमा भुक्तानी तथा रकमान्तर गर्ने व्यवस्था मिलाइएको छ। यस्तै मोबाइल बैंकिङ्गको माध्यमबाट ग्राहक स्वंयले मुद्दती खाता खोल्ने सेवाको शुरुवात गरिएको छ।

- सूचना प्रविधिको विकासको युगमा बैंकले आफ्ना ग्राहकहरुलाई बैंकिङ्ग सेवा प्रदान गर्न निरन्तर रुपमा आफ्नो सूचना प्रणालीको स्तरोन्नती गर्दै उच्चस्तरीय प्रविधिहरु अवलम्बन गर्दै आएको छ । अहिलेको अवस्थामा सूचना प्रविधिको द्रुततर विकासले बैंकिङ्ग क्षेत्रमा असिमीत सम्भावनाहरु सिर्जना गर्नुका साथै यसको सुरक्षाको विषय अत्यन्तै चुनौतीपूर्ण बन्दै गईरहेको छ। बैंकको सूचना प्रविधि प्रणालीमा रहेको कमी कमजोरीहरु पहिल्याई आकस्मिक घटना सहायता समुह (Incident Response Team) गठन गरी परिचालन गरेको छ । साथै, सूचना प्रविधिको लेखापरीक्षण (Information System Audit) गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

  यसैगरी बैंकले स्वचालित तथा डिजिटाइजेशन (Digitization) प्रक्रियामा आधारित डिजिटल सेवा प्रदान गर्ने सन्दर्भमा नयाँ वेबसाइट सञ्चालनमा ल्याएको छ। सहज एवं सुरक्षित रुपमा कारोबार गर्नका लागि Easy Bank संचालन गरिएको छ। ग्राहकले डेबिट कार्ड, क्रेडिट कार्ड वा चेक साथमा नहुँदा पनि सोझै मोबाइल बैंकिङ्ग मार्फत QR कोड स्क्यान गरी भुक्तानी पाउने स्मार्ट टेलरको व्यवस्था गर्नुका साथै मोबाइल बैंकिङ्ग स्तरोन्नति गरिएको छ।

  ग्राहकलाई एकीकृत रुपमा ग्राहकमैत्री सेवा प्रदान गर्न ग्राहक सम्बन्ध व्यवस्थापन प्रणाली (Customer Relationship Management System) कार्यान्वयन प्रक्रिया अगाडि बढाइएको छ। बैंकका ग्राहकलाई आवश्यकता अनुरुप छिटो तथा छरितो रुपमा ऋण सेवा प्रदान गर्न एवं कर्जा जोखिम व्यवस्थापन प्रभावकारी बनाउन Loan Management System कार्यान्वयनको प्रक्रिया अगाडि बढाइएको छ। बैंकका ग्राहकहरुलाई दिगो तथा विश्वसनीय सेवा दिनका लागि विद्यमान Flexcube-CBS लाई Finacle-CBS मा प्रतिस्थापन गरी थप सुदृढ गर्दै लगिने कार्यको शुरुवात गरिएको छ।

  यसैगरी, बैंकले भविष्यमा गर्नुपर्ने कार्यको सन्दर्भमा बैंकको सूचना प्रणालीमा थप सुरक्षा, स्थिरता तथा वृद्धिको लागि उच्च प्रविधिमा आधारित Security Information and Event Management, Security Operations Center, Web Application Firewall तथा अन्य उच्च प्रविधिमा आधारित हार्डवेयर तथा सफ्टवेयर प्रयोगमा ल्याइने छ । बैंकले सूचना प्रविधि तथा डिजिटल बैंकिङ्ग रणनीति (Digital Banking Strategy, 2025) अनुरुप सुरक्षित सूचना तथा प्रविधिमा आधारित बैंकिङ्ग सेवा प्रदान गर्ने लक्ष्य लिएको छ।

- समीक्षा अवधिमा बैंकले KYC and AML/CFT Policy तथा Standard Operating Procedure For KYC and AML/CFT अद्यावधिक गरी लागु गरेको छ । यसैगरी, बैंकले AML Monitoring System लागु गरेको छ । यसैगरी बैंकले SWIFT Sanction Screening System खरिद गरी Sanction Related जोखिमहरु प्रभावकारी रुपमा अनुगमन गर्ने गरेको छ । साथै, निकट भविष्यमा बैंकले ग्राहकको प्रमाणीकरण भिडियो KYC मार्फत लागु गर्ने र KYC सूचना अद्यावधिक र रुजु गर्न विद्युतीय माध्यम समेत प्रयोग गर्ने कार्ययोजना बनाएको छ। बैंकले भविष्यमा स्वचालित रुपमा ग्राहक वर्गीकरण एवं ग्राहक सम्बन्धी जोखिमहरु मूल्याङ्कन गर्ने प्रविधिको विकास गर्ने कार्ययोजना बनाएको छ।

- बैंकको संचालन तथा व्यवस्थापनमा संस्थागत सुशासनका उच्चतम अभ्यास तथा प्रक्रियाहरुलाई बैंकले अत्यन्त महत्वका साथ पालना गर्दै आइरहेको छ। संस्थागत सुशासनका अभ्यासहरु र नैतिक व्यवसायिक आचरण बैंकको मूल्य मान्यताको केन्द्रबिन्दुमा रहेका छन्। जवाफदेहिता, वित्तीय विवेकशिलता, सरोकारवालाको सन्तुष्टिको सुनिश्चितता, लगानीकर्ताको आकांक्षा संरक्षणलाई मध्यनजर गरी आफ्नो कार्य सम्पादनमा पारदर्शीता कायम गर्दै संस्थागत सुशासनका उच्चतम अभ्यासहरुको पूर्ण रुपमा अवलम्बन तथा अनुपालना गर्न बैंक कटिबद्ध रहेको छ।
- व्यवसाय प्रर्वद्धनका साथै संस्थागत सामाजिक उत्तरदायित्वलाई उच्च प्राथमिकतामा राख्दै बैंकले आफ्नो स्थापनाकालदेखि नै देशको एक जिम्मेवार संस्थाको रुपमा आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वलाई निर्वाह गर्दै आएको छ। समाजको समग्र विकास र उत्थानमा सहयोग गर्न बैंक सदैव तत्पर रहँदै आएको छ। यसै क्रममा सिद्धार्थ बैंकले समीक्षा वर्षमा स्वास्थ्य, शिक्षा, वातावरण, पूर्वाधार, प्रकोप न्यूनीकरण, वित्तीय साक्षरता जस्ता सामाजिक क्षेत्रहरुमा कुल रु. ४ करोड ८१ लाख ५३ हजार बराबरको रकम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत प्रदान गरेको छ। बैंकले समीक्षा वर्षमा स्वास्थ्य क्षेत्रमा रु. ४ करोड ३६ लाख २४ हजार, वातावरण संरक्षणमा रु. २१ लाख ६१ हजार, शिक्षा क्षेत्रमा रु. १७ लाख ७९ हजार, पूर्वाधार तथा सुरक्षा क्षेत्र विकासमा रु. ४ लाख ६० हजार, वित्तीय साक्षरता अभिवृद्धिमा रु. ३० हजार र सांस्कृतिक प्रवर्द्धनमा रु. ९७ हजार आर्थिक सहयोग प्रदान गरेको छ। यसैगरी, बैंकले सरकारी राजस्वमा उल्लेखनीय रकम योगदान गरी एक जिम्मेवार संस्थाको कर्तव्य पनि निर्वाह गर्दै आइरहेको छ। यसैगरी, समीक्षा वर्षमा मात्रै बैंकले रु. ११५ करोड आयकरको रुपमा र रु. ९७.७६ करोड अन्य विभिन्न प्रकारका करको रुपमा गरी जम्मा रु. २१२.७६ करोड सरकारी कोषमा योगदान गरेको छ।

यसरी बैंकले प्राप्त गरेका उपलब्धिहरु बैंक सञ्चालक समिति र व्यवस्थापनको प्रयास मात्रैले सम्भव भएको पक्कै पनि होइन। शेयरधनी तथा ग्राहक वर्गको पूर्ण साथ, सहयोग र विश्वास, कर्मचारीहरुको अथक मेहनत, नियामक निकायहरुको मार्गदर्शन र विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको सहयोगले गर्दा नै बैंक यस अवस्थामा आउन सफल भएको हो। यसका लागि म यहाँहरु सबै प्रति हार्दिक कृतज्ञता जाहेर गर्दछु र भविष्यमा समेत यहाँहरु सबैबाट सदा झैं सहयोग, सद्भाव, विश्वास र मार्गदर्शन प्राप्त हुने आशा एवं विश्वास लिएको छु।

धन्यवाद।

मनोज कुमार केडिया, अध्यक्ष

सञ्चालक समिति

मिति २०७८ साल पौष ०८ गते

# सिद्धार्थ बैंक लिमिटेड

## सञ्चालक समितिको वार्षिक प्रतिवेदन

### आदरणीय शेयरधनी महानुभावहरु

सिद्धार्थ बैंक लिमिटेडको बीसौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरु, विभिन्न नियमनकारी निकायबाट पाल्नु भएका प्रतिनिधीहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरुलाई सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्दछौं । सिद्धार्थ बैंक लिमिटेड उत्कृष्ट कार्यसम्पादन, सही दिशानिर्देश तथा रणनीतिको साथ अगाडी बढिरहेको हुँदा बैंकले वित्तीय परिसूचकहरुमा आफ्नो स्थान निरन्तर रुपमा सुदृढ गर्दै आफूलाई एउटा सबल एवं विश्वसनीय बैंकको रुपमा स्थापित गराउन सफल हुँदै आएको छ। हामी यसलाई अझ सुदृढ, व्यवसायिक रणनीति एवं नयाँ कार्य योजनाहरु कार्यान्वयन गर्दै अग्र पंक्तिमा पुऱ्याउन प्रयत्नरत छौं। यसका लागि आ-आफ्नो ठाँउबाट महत्वपूर्ण योगदान पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभाव, ग्राहकवर्ग, नियामक निकाय, बैंकका कर्मचारीवर्ग, शुभेच्छुक तथा अन्य सम्पूर्ण सम्बद्ध निकायहरु समक्ष हार्दिक आभार व्यक्त गर्दछौं ।

आर्थिक वर्ष २०७७/७८ मा बैंकले गरेका प्रगतिहरु, उपलब्धीहरु, संचालनमा देखिएका चुनौतीहरु एवं बैंकले आगामी दिनहरुमा अवलम्बन गर्ने अल्पकालीन तथा दीर्घकालीन योजनाहरु र समग्र बैंकिङ्ग कार्यको समीक्षा तथा पुनरावलोकन सहित कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, तथा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, को अधीनमा रही तयार गरिएको यो वार्षिक प्रतिवेदन सञ्चालक समितिको तर्फबाट बैंकको बीसौं वार्षिक साधारण सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छौं ।

### १. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य

बैंकले आ.व. २०७७/७८ मा गरेका मुख्य कार्यहरु एवं हासिल गरेका उपलब्धिहरु, चालु आ.व. को आश्विन मसान्तसम्म भएका मुलभूत कार्यहरु, आगामी दिनका चुनौतीहरु एवं बैंकको समग्र आर्थिक अवस्थाका बारेमा उल्लेख गर्नुभन्दा अघि संक्षेपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक परिस्थितिको पछिल्लो अवस्थाका बारेमा चर्चा गर्ने अनुमति चाहन्छौं ।

#### (क) विश्व अर्थतन्त्र

सन् २०२० को शुरुवात देखि नै विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणले मानवीय क्षति हुनुको साथै विश्व अर्थतन्त्रमा गम्भीर असर परेको छ । संक्रमणको लहर बारम्बार दोहोरिने प्रवृत्तिले आर्थिक क्रियाकलाप प्रभावित भएका छन् । सन् २०२० मा ३.२ प्रतिशतले संकुचन भएको विश्व अर्थतन्त्र सन् २०२१ मा ६ प्रतिशतले विस्तार हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमान छ । सन् २०२० मा विकसित मुलुक र उदीयमान तथा विकासशील मुलुकका अर्थतन्त्रहरु क्रमशः ४.६ प्रतिशत र २.१ प्रतिशतले संकुचन भएकोमा सन् २०२१ मा क्रमशः ५.६ प्रतिशत र ६.३ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण छ । चीन र भारतको अर्थतन्त्र सन् २०१९ मा क्रमशः ६ प्रतिशत र ४ प्रतिशतले विस्तार भएकोमा सन् २०२० मा चीनको अर्थतन्त्र २.३ प्रतिशतले विस्तार भएको र भारतको अर्थतन्त्र ७.३ प्रतिशतले संकुचन भएको कोषको अनुमान छ । सन् २०२१ मा चीन र भारतको आर्थिक वृद्धि क्रमशः ८.१ प्रतिशत र ९.५ प्रतिशत रहने कोषको प्रक्षेपण छ । सन् २०२० मा विकसित र उदीयमान तथा विकासशील मुलुकको मुद्रास्फीति क्रमशः ०.७ प्रतिशत र ५.१ प्रतिशत रहेकोमा सन् २०२१ मा क्रमशः २.४ प्रतिशत र ५.४ प्रतिशत रहने कोषको प्रक्षेपण छ । (स्रोतः नेपाल राष्ट्र बैंक)

#### (ख) देशको अर्थतन्त्र

केन्द्रिय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७७/७८ मा ४.०१ प्रतिशत आर्थिक वृद्धि हुन सक्ने अनुमान छ। कृषि क्षेत्रको वृद्धि २.६४ प्रतिशत, उद्योग क्षेत्रको ५.०५ प्रतिशत तथा सेवा क्षेत्रको वृद्धि ४.४३ प्रतिशत रहेको अनुमान छ ।

आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको ६.६२ प्रतिशत र कुल स्थिर पूँजी निर्माण र कुल राष्ट्रिय बचतको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः २७.२६ प्रतिशत र ३२.३० प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७७/७८ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ३.६० प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ६.१५ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७७/७८ मा विप्रेषण आप्रवाह ९.८ प्रतिशतले वृद्धि भई रु. ९६१ अर्ब ५ करोड पुगेको छ । अघिल्लो वर्ष विप्रेषण आप्रवाह ०.५ प्रतिशतले घटेको थियो ।

आर्थिक वर्ष २०७७/७८ मा शोधनान्तर स्थिति रु. १ अर्ब २३ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष शोधनान्तर स्थिति रु. २८२ अर्ब ४१ करोडले बचतमा रहेको थियो । बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७७ असार मसान्तमा रु. १७५ अर्ब ७१ करोड रहेकोमा २०७८ असार मसान्तमा १२.१ प्रतिशतले कमी आई रु. १५४ अर्ब ३९ करोड कायम भएको छ । आर्थिक वर्ष २०७७/७८ को आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ११.२ महिनाको वस्तु आयात र १०.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । (स्रोतः नेपाल राष्ट्र बैंक)

### (ग) वित्तीय क्षेत्रको अवस्था

आर्थिक वर्ष २०७७/७८ मा कुल आन्तरिक कर्जा २६.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त कर्जा १३.६ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप २१.४ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो निक्षेप १८.७ प्रतिशतले बढेको थियो। २०७८ असारमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा चल्ती, बचत र मुद्दतीको अंश क्रमशः १०.४ प्रतिशत, ३४.२ प्रतिशत र ४७ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अंश क्रमशः १० प्रतिशत, ३१.९ प्रतिशत र ४८.६ प्रतिशत रहेको थियो । २०७८ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ४२.७ प्रतिशत रहेको छ। २०७७ असार मसान्तमा यस्तो निक्षेपको अंश ४४.३ प्रतिशत रहेको थियो ।

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा २७.३ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो कर्जा १२ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०७७/७८ मा बैंक तथा वित्तीय संस्थाहरुको कृषि क्षेत्रतर्फको कर्जा ४३.६ प्रतिशतले, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा २०.६ प्रतिशतले, निर्माण क्षेत्रतर्फको कर्जा १८.४ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा २०.४ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा २६.२ प्रतिशतले र सेवा उद्योग क्षेत्रतर्फको कर्जा २०.९ प्रतिशतले बढेको छ । समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित आवधिक कर्जा २९.७ प्रतिशतले, ओभरड्राफ्ट कर्जा २९.८ प्रतिशतले, ट्रष्ट रिसिट (आयात) कर्जा ४८.७ प्रतिशतले, डिमान्ड तथा चालु पूँजी कर्जा २५.४ प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) १५.८ प्रतिशतले र मार्जिन प्रकृति कर्जा ११०.८ प्रतिशतले बढेको छ भने हायर पर्चेज कर्जा ७.७ प्रतिशतले घटेको छ।

यसैगरी, आर्थिक वर्ष २०७८/७९ को तीन महिनामा कुल आन्तरिक कर्जा ५.१ प्रतिशतले बढेको छ, बैंक तथा वित्तीय संस्थाहरुमा रहेको निक्षेप १.२ प्रतिशतले बढेको छ भने बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ७.७ प्रतिशतले बढेको छ । २०७८ असोजमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपहरुको अंश क्रमशः ७.७ प्रतिशत, ३४.४ प्रतिशत र ५०.३ प्रतिशत रहेको छ भने कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ४०.५ प्रतिशत रहेको छ । (स्रोतः नेपाल राष्ट्र बैंक)

## २. आर्थिक वर्ष २०७७/७८ को कारोबारको संक्षिप्त सिंहावलोकन

बैंकले व्यवसायको क्रममा आईपर्न सक्ने कर्जा जोखिम, सञ्चालन जोखिम, तरलता जोखिम, बजार जोखिम, ब्याजदर जोखिम, विदेशी विनिमय जोखिम लगायतका अन्य जोखिमहरुलाई प्रभावकारी रुपमा नियन्त्रण तथा व्यवस्थापन गर्दै बैंकको कारोबार विस्तारमा सन्तुलित, निरन्तर र दीगो वृद्धिको अवधारणा आत्मसात गरेको छ ।

आर्थिक वर्ष २०७७/७८ मा बैंकले आफ्नो निक्षेप, कर्जा, लगानी लगायतका क्षेत्रमा उल्लेख्य प्रगति गरेको छ । गत दुई आर्थिक वर्षहरुमा बैंकले हासिल गरेका प्रगतिको केही सूचकांकहरु देहाय अनुसार प्रस्तुत गरिएको छ :

**रु. करोडमा**

| क्र.स. | विवरण | इकाई | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| १. | चुक्ता पुँजी | रु. | ९७८.७७ | १,०९६.२२ | १२.०० |
| २. | कुल निक्षेप | रु. | १४,५९४.७९ | १८,५१९.७१ | २६.८९ |
| ३. | कुल कर्जा | रु. | १२,९९५.८९ | १६,७७८.२० | २९.१० |
| ४. | कुल लगानी | रु. | २,३७६.७९ | ४,५१८.५० | ९०.११ |
| ५. | खुद नाफा | रु. | २१४.३६ | २८५.४८ | ३३.१८ |
| ६. | निष्कृय कर्जा (NPA) | % | १.३८ | १.०० | (०.३८) |
| ७. | कुल शाखा सञ्जाल (एक्सटेन्सन काउन्टर सहित) | संख्या | १८६ | १८९ | १.६१ |
| ८. | शाखा रहित बैंकिङ्ग सेवा केन्द्र | संख्या | १०४ | ११४ | ९.६१ |
| ९. | एटिएम (ATM) | संख्या | २०२ | २०८ | २.९७ |
| १०. | Point of Sale (POS) Machine | संख्या | १,४२३ | १,७२१ | २०.९४ |
| ११. | डेबिट कार्ड | संख्या | ३,४४,३७५ | ४,३०,६१३ | २५.०४ |
| १२. | क्रेडिट कार्ड | संख्या | २३,८१३ | २७,२१५ | १४.२८ |
| १३. | मोबाईल बैंकिङ्ग सेवा (Siddhartha Bank Smart and Alert) | संख्या | ३,१८,६४८ | ४,६८,१३९ | ४६.९१ |
| १४. | i-connect Service | संख्या | ५३,१७७ | ६०,८९९ | १४.५२ |
| १५. | बचत खाता | संख्या | ७,६६,८१७ | १०,१९,०१४ | ३२.८९ |
| १६. | जम्मा निक्षेप खाता | संख्या | ८,८३,०४० | ११,६४,३४१ | ३१.८६ |

बैंकले गत वर्ष गरेका मूलभूत कारोबार एवं अन्य क्रियाकलापहरुको विवरण देहाय अनुसार विस्तृत रुपमा प्रस्तुत गरिएको छ।

### (क) चुक्ता पुँजी तथा पुँजी कोष पर्याप्तता

समीक्षा अवधिमा बैंकको चुक्ता पूँजी रु. ९.७८ अर्बबाट वृद्धि भई रु. १० अर्ब ९६ करोड २२ लाख ९९ हजार १ सय ९५ पुगेको छ । सोही चुक्ता पूँजीलाई आधार मानी गत आ.व. २०७७/७८ को वितरण योग्य मुनाफाबाट बैंकले रु. १ अर्ब ५६ करोड २१ लाख २७ हजार ६ सय ३६ रुपैंया बराबरको अर्थात १४.२५ प्रतिशत बोनस शेयर तथा रु. ८ करोड २२ लाख १७ हजार २ सय ४४ रुपैंया बराबरको अर्थात ०.७५ प्रतिशत नगद लाभांश (बोनस शेयर कर प्रयोजनका लागि मात्र) जारी गर्ने प्रस्ताव साधारण सभा समक्ष स्वीकृतिको लागि पेश गरेको छ। सो बोनस शेयरको प्रस्ताव पारित भए पश्चात् बैंकको चुक्ता पूँजी रु. १२ अर्ब ५२ करोड ४४ लाख २६ हजार ८ सय ३१ रुपैंया पुग्नेछ ।

समीक्षा अवधिको असार मसान्तमा बैंकको प्राथमिक पूँजी र पुरक पूँजी क्रमशः ८.५२ प्रतिशत र ४.८४ प्रतिशत तथा समग्र पूँजी पर्याप्तता अनुपात (Capital Adequacy Ratio) १३.३६ प्रतिशत रहेको छ।

### (ख) निक्षेप

समीक्षा अवधिमा बैंकको निक्षेप रु. १४५.९५ अर्बबाट वृद्धि भई रु. १८५.२० अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा २६.८९ प्रतिशतको वृद्धि हो । कोभिड-१९ को कारणले देशको सम्पूर्ण अर्थ व्यवस्था प्रभावित हुँदा पनि बैंकले संचालनमा ल्याएका विभिन्न आकर्षक निक्षेप योजनाहरु एवं ग्राहकहरुले बैंकप्रति देखाउनु भएको विश्वासको प्रतिफल स्वरुप समीक्षा अवधिमा बैंकले निक्षेपमा २६.८९ प्रतिशतको वृद्धि हासिल गर्न सफल भएको हो ।

समीक्षा अवधिमा बैंकले "सिद्धार्थ सामाजिक सुरक्षा खाता" नामक बचत खाता संचालनमा ल्याएको छ । यस खाता मार्फत नेपाल सरकारद्वारा प्रदान गरिने सम्पूर्ण सामाजिक सुरक्षा सुविधाहरु सम्बन्धित नागरिकको बैंक खातामा सिधै जम्मा हुनेछ । यस खाताको माध्यमद्वारा सामाजिक सुरक्षा सुविधा प्राप्त गर्न सहज र सरल हुने विश्वास बैंकले लिएको छ ।

यसैगरी बैंकले समीक्षा अवधिमा वि.सं. २०५१ (इ.स. १९९५) र त्यसपछि जन्मिएका युवाहरुलाई लक्षित गरि "सिद्धार्थ जेन जी खाता" नामक बचत खाताको शुरुवात गरेको छ । उक्त खातामा विभिन्न आकर्षक सेवा तथा सुविधाहरु जस्तै शून्य मौज्दातमा अनलाईन मार्फत खाता खोल्न सकिने, निःशुल्क एबिबिएस सेवा, भाइबर बैंकिङ्ग सेवा, २ वर्षसम्म डेबिट कार्ड, क्रेडिट कार्ड, इन्टरनेट बैंकिङ्ग, बैंक स्मार्ट, डिम्याट खाता, मेरो शेयर तथा सि-आस्वाको निःशुल्क सुविधा प्राप्त गर्नुका साथै डिमान्ड ड्राफ्ट जारी गर्दा लाग्ने शुल्कमा ५० प्रतिशत छुट, सार्वजनिक शेयर निष्काशन, हकप्रद शेयर निष्काशन तथा सामूहिक लगानी कोषबारे बैंक स्मार्टमा सूचना आउने लगायतका सुविधाहरु उपलब्ध गराई प्रविधि मैत्री युवाहरुलाई उक्त खाता खोल्न आकर्षित गरेको छ ।

यसैगरी समीक्षा अवधिमा बैंकले "सिद्धार्थ प्राथमिकता खाता" नामक बचत खाताको शुरुवात गरेको छ । विकास तथा निर्माण क्षेत्रमा कार्यरत संघ संस्थामा कार्यरत कर्मचारीहरुलाई लक्षित गरि एकद्वार प्रणालीबाट विशिष्ट सुविधा सहितको व्यक्तिगत बैंकिङ्ग सेवाहरु प्रदान गर्ने उद्देश्यका साथ उक्त खाता संचालनमा ल्याएको हो । यसैगरी, नेपाल सरकारद्वारा प्रदान गरिने विभिन्न सरकारी सेवा सुविधाहरु नागरिकको मोबाइल मार्फत एउटै प्लेटफर्मबाट प्रदान गर्ने उद्देश्यले नेपाल सरकारले समीक्षा वर्षमा "नागरिक" नामक मोबाइल एप्लिकेशनको शुरुवात गरेको थियो । उक्त एप्लिकेशनको माध्यमद्वारा नेपाली नागरिकले बैंकमा उपस्थित नभई सिधै यस बैंकमा खाता खोल्न सक्ने व्यवस्था गरिएको छ । साथै, त्यस्ता ग्राहकलाई प्रथम वर्षको लागि डेबिट कार्ड तथा बैंक स्मार्ट सुविधा निःशुल्क गरिएको छ ।

बैंकले संचालनमा ल्याएका विभिन्न नवीनतम् ग्राहकमैत्री बचत तथा मुद्दती खाताहरु मार्फत निक्षेपमा उल्लेख्य वृद्धि हुने अपेक्षाको साथमा विगतबाट संचालनमा रहेका निक्षेप योजनाहरु समेत सदाझैं प्रभावकारी रहि रहने विश्वास लिइएको छ ।

समीक्षा वर्षमा बैंकमा २,८१,३०१ वटा नयाँ निक्षेप खाता खोलिएको छ जस मध्ये २,५२,१९७ वटा नयाँ बचत खाता रहेका छन । कर्मचारीको अथक प्रयास, बैंकले जारी गरेका विभिन्न अभियानहरु तथा उच्च गुणस्तरीय ग्राहक सेवाका कारण नयाँ खाता खोल्ने सम्बन्धमा समीक्षा वर्षमा उत्कृष्ट नतिजा प्राप्त गर्न बैंक सफल भएको छ ।

यसैगरी, बैंकले वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्न, आवश्यक पूँजी संकलन गर्न, बैंकको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी जुटाउन, बैंकको पूरक पूँजीकोष प्रयाप्तता तथा थप लगानीलाई सहज गर्नको लागि आ.व. २०७७/७८ मा ३ अर्ब रुपैंया बराबरको सात वर्ष अवधिको "८.५०% एस.बि.एल. डिबेञ्चर २०८४" निष्काशन गरेको थियो । धितोपत्र बजारमा उक्त ऋणपत्रको अत्याधिक माग भएको कारण सम्पूर्ण ऋणपत्र बिक्री भई Oversubscribe समेत भएको उक्त ऋणपत्र समीक्षा वर्ष २०७७/७८ मै बाँडफाँड गरिएको थियो । पूरक पूँजीको रुपमा जारी गरिने यस्ता ऋणपत्रबाट बैंकको व्यवसाय विस्तारमा टेवा पुग्ने बैंकले विश्वास लिएको छ ।

### (ग) कर्जा

समीक्षा अवधिमा बैंकको कर्जा रु. १२९.९५ अर्बबाट वृद्धि भई रु. १६७.७८ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा २९.१० प्रतिशतको वृद्धि हो । नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम तोकिएका विभिन्न क्षेत्रहरु जस्तै कृषि, उर्जा, लघु-घरेलु, साना एवं मझौला उद्यम लगायतका क्षेत्रमा लगानी गर्नुपर्ने न्यूनतम कर्जा सापटको सिमा रकम पुऱ्याउन यस बैंक अग्रसर रहेको छ । विशेष गरी व्यवसायिक कृषि क्षेत्र अन्तर्गत रही पशुपन्छीजन्य दाना उद्योग, पशुपन्छीपालन, दुग्ध उत्पादन तथा प्रशोधन, प्रांगरिक तथा जैविक मल, फलफुल खेती, कफी खेती, ह्याचरी व्यवसाय लगायतका क्षेत्रहरुमा लगानी गरिएको छ ।

संस्थागत कर्जा विभाग अन्तर्गत पूर्वाधार तथा परियोजना लगानी सह-विभागको गठन गरि प्राविधिक तालिम प्राप्त इन्जिनियर एवं चार्टड एकाउन्टेन्ट सहितका अनुभवयुक्त कर्मचारीहरु नवीकरणीय उर्जा, जलविद्युत तथा पूर्वाधार लगानी जस्ता विशेष प्राथमिकतामा रहेका क्षेत्रमा लगानी तथा अनुपालन प्रयोजनार्थ व्यवस्था गरिएको छ । तोकिएको क्षेत्रमा लगानीलाई प्रोत्साहित गर्न समय समयमा सम्बन्धित क्षेत्रका विज्ञ परामर्शदाताहरुबाट बैंकका कर्मचारीहरुलाई विभिन्न कार्यशाला, तालिम तथा विकास, उत्प्रेरणा जस्ता कार्यक्रमहरुमा सहभागी गराउने गरिएको छ । यसैगरी बैंकले ठुला स्तरका निजी उद्योग तथा व्यापार व्यवसायहरु, नेपाल सरकारका विभिन्न संस्थानहरु, निर्माण व्यवसाय, स्वास्थ्य

शिक्षण संस्थाहरु, हवाई सेवा प्रदायक कम्पनीहरु, तारे होटल तथा रेष्टुरेन्ट र लघुवित्त कारोबार गर्ने वित्तीय संस्थाहरुको विभिन्न वित्तीय आवश्यकताहरु पुर्ति गर्न कोष तथा गैर कोषमा आधारित थोक कर्जा तथा बैंकिङ्ग सुविधाहरु प्रदान गर्दै आइरहेको छ ।

नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको प्राथमिकता बमोजिम समग्र देशकै कुल गार्हस्थ्य उत्पादन, रोजगार, उपभोग, बचत र व्यापार व्यवसाय अभिवृद्धि गरि मुलुकको आर्थिक वृद्धिदर लगायतका उद्देश्य अनुरुप यस बैंकले आफ्नो स्थापना काल देखि नै व्यवसायिक कृषि तथा पशुपालन, खानीजन्य उद्योग, नवीकरणीय उर्जा, निर्माण व्यवसाय, होटल तथा पर्यटन व्यवसाय, अस्पताल, शैक्षिक संस्थाहरु र थोक तथा खुद्रा व्यापार लगायतका विभिन्न आर्थिक तथा सामाजिक पूर्वाधार विकासका परियोजनाहरुमा लगानी गर्ने नीति लिएको छ। यस नीति अन्तर्गत रही यस बैंकले देशको समग्र अर्थ व्यवस्थामा टेवा पुऱ्याउने सिमेन्ट उद्योग, स्टिल उद्योग, हाइड्रोपावर, सोलार तथा वैकल्पिक उर्जा, निर्माण व्यवसाय, तारे होटल तथा पर्यटकीय पूर्वाधार विकासका संरचनाहरु, हवाइ सेवा, शैक्षिक संस्थाहरु लगायतका ठुला लगानी आवश्यक पर्ने क्षेत्रमा यस बैंकको उल्लेख्य कर्जा लगानी रहेको छ । जलविद्युतको दिगो र भरपर्दो विकास मार्फत मुलुकको समृद्धिमा योगदान पुऱ्याउने नेपाल सरकारको उद्देश्यमा हातेमालो गर्दै यस बैंकले ३० भन्दा बढी जलविद्युत परियोजनामा रु. १७ अर्ब भन्दा बढी कर्जा लगानी गरेको छ र आगामी दिनहरुमा समेत यस क्षेत्रको सम्भाव्य परियोजनाहरुमा थप लगानी गर्न बैंक उत्सुक रहेको छ ।

यसैगरी, ग्राहकहरुको वृहत वित्तीय आवश्यकताहरु पुरा गर्न एक भन्दा वढी वित्तीय संस्थाहरु एक आपसमा मिली ठुला ठुला उद्योग तथा परियोजना निर्माण तथा कार्यान्यवन गर्न सहवित्तीयकरणको अवधारणा अन्तर्गत कर्जा प्रवाह गरिएको छ । सहवित्तीयकरण अन्तर्गत अगुवा बैंक भई आगामी दिनहरुमा समेत थप लगानी गर्ने गराउने तर्फ यस बैंक अग्रसर रहेको छ । सोही उद्देश्य बमोजिम बैंकले संस्थागत कर्जा विभाग गठन गरी सहवित्तीयकरण कर्जा तथा कर्जा सिन्डीकेसन मार्फत कर्जा लगानी गर्दै आइरहेको छ । यसैगरी ठुला स्तरका परियोजनाहरु, गैरसरकारी तथा सरकारी संस्थानहरुको वित्तीय आवश्यकताहरु जस्तै ट्रेजरी व्यवस्थापन, वैदेशिक मुद्रा तथा सम्पत्ति दायित्व व्यवस्थापन लगायतका अन्य अत्याधुनिक बैंकिङ्ग सुविधाहरु ट्रेजरी विभाग मार्फत परिपुर्ति गर्ने गरिएको छ ।

कोभिड संक्रमणबाट ग्रस्त साना तथा मझौला व्यवसाय उत्थानका लागि बैंकले सहुलियत ब्याजदरमा सरल तथा सहज प्रक्रियाबाट कर्जा प्रवाह गरेको छ । बैंकले कृषि क्षेत्र प्रवर्द्धनका लागि "सिद्धार्थ व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा" जस्ता सरल एवं प्रभावकारी कर्जा सुविधा कार्यान्वयनमा ल्याएको छ । महिलाहरुको व्यवसायिक रुपमा उत्थान तथा उद्यमशीलता विकासका लागि बैंकले "सिद्धार्थ महिला उद्यमशील कर्जा" नामक विशेष कर्जा सुविधा सहुलियत ब्याजदरमा प्राथमिकताका साथ प्रदान गर्दै आईरहेको छ । साथै, नेपाल सरकारको नीति तथा प्राथमिकता अनुसार बैंकले उत्पादनमूलक क्षेत्रहरु जस्तै कृषि, जलविद्युत, पर्यटन तथा विपन्न वर्गमा आफ्नो कर्जा सेवा विस्तार गर्दै नेपाल सरकारको नीतिलाई टेवा पुऱ्याउँदै आइरहेको छ ।

बैंकले नेपाल राष्ट्र बैंकद्वारा प्रदान गरिएको पुनरकर्जा सुविधा प्राथमिकताका साथ लक्षित व्यवसायलाई प्रदान गरेको छ । साथै, बैंकले नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको एकीकृत निर्देशन बमोजिम विभिन्न सहुलियतपूर्ण कर्जाहरु समेत प्रदान गर्दै आइरहेको छ । यसैगरी बैंकले सरल तथा सहज रुपमा साना व्यवसायीलाई छोटो समयमै कर्जा प्रदान गर्नका लागि "स्कोरकार्ड मोडल" समेत अवलम्बन गरेको छ । यस अन्तर्गत बैंकले व्यवसायको वित्तीय विवरण तथा सञ्चालकको कुशलता मापन गरी "क्रेडिट स्कोर" का आधारमा कर्जा प्रदान गर्ने व्यवस्था गरेको छ ।

त्यस्तै बैंकले साना तथा मझौला व्यापार व्यवसाय क्षेत्रमा संलग्न ग्राहक महानुभावहरुलाई लक्षित गर्दै भुक्तानी प्रक्रिया सहज गर्न बिक्रेताहरुबाट प्राप्त बिलबिजकको आधारमा बैंकले खरिदकर्ताको पक्षबाट बिक्रेतालाई तुरुन्तै रकम भुक्तानी प्रदान गर्न "इन्भवाइस डिस्काउन्टिङ्ग" जस्ता नवीन कर्जा सुविधा सञ्चालन गरेको छ ।

साथै, बैंकले व्यक्तिगत लगानीकर्ताको माग पूर्ति गर्न आफ्नो कर्जा सम्बन्धी व्यवस्था, नीति नियम संशोधन तथा पुनरसंरचना गरी ग्राहकमुखी बनाउँदै घर कर्जा, सवारी कर्जा, व्यक्तिगत कर्जा, मुद्दती धितो कर्जा, शेयर धितो कर्जा जस्ता कर्जा सुविधाहरु आफ्नो फैलिदो वृहत् शाखा सञ्जालको उपयोग गरी प्रदान गर्दै आएको छ । बैंकले विभिन्न डिजिटल माध्यमबाट पनि कर्जा सुविधा माग गर्ने सम्बन्धी सेवा सर्वसाधारणलाई दिदैं आएको छ ।

शाखारहित बैंकिङ्ग सेवाको स्थापना र विस्तारमा सिद्धार्थ बैंक अग्रणी बैंकको रुपमा रहेको छ । वि.स. २०६७ सालमा दैलेखबाट शुरु गरी हालसम्म बैंकको कुल शाखारहित बैंकिङ्ग सञ्जाल ११४ पुगेको छ । शाखारहित बैंकिङ्ग सेवा मार्फत ग्राहकहरुले रकम जम्मा गर्ने, रकम झिक्ने, कोष स्थानान्तरण गर्ने, बिल भुक्तानी, टपअप, रिचार्ज कार्डको खरिद, वृद्ध भत्ता भुक्तानी, एकल महिला, अपाङ्ग भत्ता आदि जस्ता उपयोगी सेवा तथा बैंकले प्रदान गर्ने अन्य सेवाहरु आफ्नै गाउँठाउँमा प्राप्त गर्न सक्नुहुनेछ । बायोमेट्रिक, शाखा रहित कार्ड प्रविधिबाट संचालन हुने यो सेवा सुरक्षित र भरपर्दो रहेको छ । २०७८ आषाढ मसान्तसम्म शाखा रहित बैकिङ्ग सेवामा आवद्ध हुने ग्राहकहरुको संख्या कुल ५१,०५३ पुगेको छ ।

यसैगरी नेपाल सरकार, अर्थ मन्त्रालय र जर्मन सरकारको समन्वय एवं जर्मन वित्तीय विकास निगमको सहयोगमा

नेपाल सरकारको तर्फबाट नेपाल राष्ट्र बैंक मार्फत सिद्धार्थ बैंक र जर्मन सरकारको तर्फबाट के. एफ. डब्लु डेभलपमेन्ट बैंकद्वारा कार्यान्वयन गर्ने गरी नेपालको ग्रामीण तथा अर्धशहरी क्षेत्रको दिगो आर्थिक विकासका लागि लघु तथा साना व्यवसायीहरुलाई प्रत्यक्ष कर्जा सुविधा र तालिम, परामर्श लगायत आवश्यक प्राविधिक सेवाहरु प्रदान गर्नको लागि Sustainable Economic Development in Rural and Semi-Urban Areas (SEDRA-II) नामक परियोजना समीक्षा वर्षमा सम्झौता भई कार्यान्वयनमा आएको छ।

यसैगरी, नेपाल सरकारले युवा तथा महिला वर्गहरुको उद्यमशीलता तथा स्वरोजगारको लागि उच्च प्राथमिकताका साथ लागू गरेको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि अनुसार बैंकले "सिद्धार्थ उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा", "सिद्धार्थ दलित समुदाय व्यवसाय विकास कर्जा", "सिद्धार्थ शिक्षित युवा स्वरोजगार कर्जा", "सिद्धार्थ वैदेशिक रोजगार कर्जा", "सिद्धार्थ भुकम्प पीडित आवास निर्माण कर्जा" र "सिद्धार्थ युवा स्वरोजगार कर्जा" सेवाहरु प्रदान गर्दै आईरहेको छ । समीक्षा अवधि सम्ममा सहुलियतपूर्ण कर्जा अन्तर्गत बैंकले कुल १,९७५ घरपरिवारलाई करिब रु. ५ अर्ब ७२ करोड कर्जा प्रदान गरिसकेको छ ।




## (घ) लगानी

बैंकको व्यवसाय विविधीकरण गर्ने क्रममा बैंकले शुरुदेखि नै विभिन्न लगानीका अवसरहरुको सदुपयोग गर्दै आय आर्जन गर्दै आईरहेको छ। समीक्षा अवधिमा बैंकको लगानी रु. २३.७७ अर्बबाट वृद्धि भई रु. ४५.१८ अर्ब पुगेको छ, जुन गत आ.व. को तुलनामा करिब ९०.११ प्रतिशतको वृद्धि हो। बैंकले आफ्नो निक्षेप तथा लगानीको उचित व्यवस्थापनका लागि थप नाफामूलक क्षेत्रको पहिचान गरी आफ्नो लगानी बढाउने रणनीति अवलम्बन गरेको छ । उक्त रणनीति अनुसार बैंकको लगानीको दायरा फराकिलो भई जोखिम कम हुने तथा मुनाफामा समेत अपेक्षित वृद्धि हुने विश्वास लिइएको छ ।

रणनीतिक रुपमा दीर्घकालीन फाईदाका दृष्टिले लगानी विविधीकरण अन्तर्गत बैंकले विभिन्न क्षेत्रमा संस्थापक शेयरधनीका रुपमा समेत लगानी गर्दै आएको छ । बैंकले संस्थापकको रुपमा रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडमा रु. २६ करोड ४० लाख रुपैंया तथा सिद्धार्थ इन्स्योरेन्स कम्पनी लिमिटेडमा रु. ८ करोड ४ लाख ३२ हजार २ सय १३ रुपैंया लगानी गरेको छ। सो लगानी उक्त संस्थाहरुको २०७८ आषाढ मसान्तको चुक्ता पूँजीको क्रमश: १२.५७ प्रतिशत तथा १५ प्रतिशत हो । त्यस्तै, यस बैंकको सहायक कम्पनीको रुपमा रहेको सिद्धार्थ क्यापिटल लिमिटेडमा बैंकको ५१ प्रतिशत लगानी रहेको छ, उक्त कम्पनीको हालको चुक्ता पुँजी रु. २० करोड रहेको छ। यसैगरी बैंकले नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम लिमिटेड, कर्जा सुरक्षण केन्द्र, नेपाल क्लियरिङ्ग हाउस लिमिटेड, नेशनल बैंकिङ्ग इन्स्टीच्युट जस्ता व्यवसायिक संस्थाहरुमा समेत लगानी गरेको छ । यसरी गरिएको लगानीबाट Shareholder Value वृद्धि हुने बैंकको विश्वास रहेको छ ।

## (ङ) कुल सम्पत्ति

समीक्षा अवधिमा बैंकको कुल सम्पत्ति रु. १७०.५८ अर्बबाट वृद्धि भई रु. २२८.९४ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा करिब ३४.२१ प्रतिशतको वृद्धि हो ।




## (च) खुद ब्याज आम्दानी

समीक्षा अवधिमा बैंकको कुल ब्याज आम्दानी रु. १५.४३ अर्बबाट संकुचन भई रु. १४.९५ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा करिब ३.१३ प्रतिशतले कम हो। त्यस्तै समीक्षा अवधिमा बैंकको ब्याज खर्च रु. ९.८६ अर्बबाट संकुचन भई करिब रु. ९.४४ अर्ब पुगेको छ। यसरी समीक्षा अवधिमा खुद ब्याज आम्दानी रु. ५.५७ अर्बबाट संकुचन भई रु. ५.५१ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा १.१५ प्रतिशतले कम हो। औषत ब्याजदर अन्तर (Spread Rate) २०७७ असार मसान्तसम्ममा ४.४० प्रतिशत भित्र कायम गर्नुपर्नेमा सो अनुसार कायम गरिएकोले बैंकको ब्याजदर अन्तरमा कमी हुँदा खुद ब्याज आम्दानीमा संकुचन आएको हो ।

### (छ) संचालन मुनाफा र खुद नाफा

समीक्षा अवधिमा बैंकको संचालन मुनाफा रु. ३.१७ अर्बबाट वृद्धि भई रु. ४.१७ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा ३१.५४ प्रतिशतको वृद्धि हो । यसैगरी, समीक्षा अवधिमा बैंकको खुद नाफा रु. २.१४ अर्बबाट वृद्धि भई रु. २.८५ अर्ब पुगेको छ, जुन गत आ.व.को तुलनामा ३३.१८ प्रतिशतको वृद्धि हो ।




### (ज) वितरण योग्य मुनाफा

आर्थिक वर्ष २०७७/७८ मा रु. २,८५,४८,२८,३४३ खुद नाफा भएकोमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४४ बमोजिम खुद नाफाको २० प्रतिशत अर्थात रु. ५७,०९,६५,६६९ साधारण जगेडा कोषमा छुट्याइएको छ । यसको अतिरिक्त नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम यस आ.व. मा बैंकले आफ्नो खुद नाफाको १ प्रतिशत रकम रु. २,८५,४८,२८३ संस्थागत सामाजिक उत्तरदायित्व कोषमा छुट्याएको छ । बैंकले जारी गरेको ऋणपत्र फिर्ता गर्नको निम्ति पूँजीफिर्ता जगेडा कोषमा रु. ४६,९०,३७,०६९ छुट्याएको छ। साथै, नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम नै बैंकले विभिन्न कोषहरुमा खुद नाफाबाट रु. २,६८,९०,४८० छुट्याएको छ। बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम नियमनकारी कोषमा प्रचलित नियमानुसार रु. ३,२१,०१,०२३ विनियोजन गरेको छ । बैंकले गत आर्थिक वर्षको संचित नाफा रु. ८,१३,४२,९८१ र यस वर्षको अन्त्यमा कायम भएको वितरण योग्य मुनाफा रु. १,७२,७२,८५,८१९ समेत गरि कुल वितरण योग्य मुनाफा रु. १,८०,८६,२८,८०० बाट नगद लाभांश तथा बोनस शेयर वितरण गर्ने प्रस्ताव गरेको छ ।

### (झ) नेट वर्थ प्रति शेयर

समीक्षा अवधिमा बैंकको नेटवर्थ प्रति शेयर रु. १८६.११ रहेको छ, जुन गत आ.व.मा रु. १६३.५८ थियो । यो गत आ.व.को तुलनामा १३.७७ प्रतिशतको वृद्धि हो ।




### (ञ) प्रति शेयर आम्दानी

समीक्षा अवधिमा बैंकको प्रति शेयर आम्दानी रु. २६.०४ रहेको छ, जुन गत आ.व. मा रु. १९.५५ थियो । यो गत आ.व.को तुलनामा ३३.१८ प्रतिशतको वृद्धि हो ।

### (ट) सम्पत्तिको गुणस्तर

समीक्षा अवधिमा बैंकको निष्क्रय कर्जा/कुल कर्जा अनुपात १.०० प्रतिशत रहेको छ, जुन गत आ.व. मा १.३८ प्रतिशत रहेको थियो । निष्क्रय कर्जा वापत पर्याप्त मात्रामा जोखिम व्यवस्था गर्नुका साथै निष्क्रय कर्जा असुलीको लागि बैंकले सक्रिय रुपमा कार्य गरिरहेको छ । आगामी दिनमा पनि बैंकको निष्क्रय कर्जा घटाउने कार्य निरन्तर रहनेछ ।






### (ठ) कर्जा अपलेखन

बैंकले गत आ.व.मा रु. ३,९२,१८,९७७ बराबरको कर्जा अपलेखन गरेकोमा समीक्षा अवधिमा कुल रु. २४,६७९ बराबरको कर्जा अपलेखन गरेको छ । बैंकले अपलेखित कर्जा असुली प्रक्रियालाई निरन्तर चालु राखेको छ ।

### (ड) शेयर संरचना

यस बैंकको कुल चुक्ता पूँजीमा ५१ प्रतिशत संस्थापक शेयरधनीहरुको हिस्सा रहेको छ भने ४९ प्रतिशत सर्वसाधारण शेयरधनीहरुको हिस्सा रहेको छ । समीक्षा अवधिको आषाढ मसान्त सम्ममा बैंकका संस्थापक शेयरधनीहरुको संख्या २६७ जना र सर्वसाधारण शेयरधनीहरुको संख्या ५३,४०६ रहेकोमा चालु आ.व. को आश्विन मसान्त सम्ममा बैंकका संस्थापक शेयरधनीहरुको संख्या २६७ जना रहेको छ भने सर्वसाधारण शेयरधनीहरुको संख्या ५९,२९४ रहेको छ ।

### (ढ) कार्ड तथा प्रविधिमा आधारित सेवाहरु

बैंकले कार्ड तथा अन्य विद्युतीय वैकल्पिक माध्यम (Alternative Delivery Channel) बाट ग्राहकहरुलाई विभिन्न प्रकारका सेवा सुविधाहरु प्रदान गर्दै आइरहेको छ । कोरोना महामारीको कारणले गर्दा यस्ता माध्यम मार्फत प्रदान गरिने सेवा सुविधाहरुको कारोबारमा उल्लेख्य वृद्धि हुन गएको छ । गत आ.व. २०७६/७७ मा विद्युतीय वैकल्पिक माध्यमबाट ५१ प्रतिशत कारोबार भएकोमा ४९ प्रतिशत कारोबार परम्परागत माध्यमद्वारा भएको थियो । समीक्षा अवधिमा विद्युतीय वैकल्पिक माध्यमबाट हुने कारोबारमा उल्लेख्य वृद्धि भई ५९ प्रतिशत हुन पुगेको छ भने परम्परागत माध्यमद्वारा हुने कारोबार ४१ प्रतिशतमा सिमित भएको छ । बढ्दो विद्युतीय कारोबार, सूचना प्रविधिको बढ्दो प्रयोग तथा वित्तीय जालसाजीको नियन्त्रणलाई मध्यनजर गर्दै बैंकले विभिन्न माध्यमबाट ग्राहकहरुलाई सुरक्षात्मक उपायहरु सुझाउँदै आइरहेको छ । यसैगरी, वित्तीय जालसाजीको नियन्त्रण, सूचना प्रविधि र तथ्याङ्कको सुरक्षा व्यवस्थापन, हार्डवेयर, नेटवर्क र सिस्टम सफ्टवेयरको उचित व्यवस्थापन गर्न बैंक सफल भएको छ ।

समीक्षा अवधिमा बैंकले कन्ट्याक्टलेस कार्ड जारी गरी रु. २,००० सम्मको कारोबारमा पिनको प्रयोग नगरी ट्याप एण्ड पे माध्यमबाट भुक्तानी गर्न सक्ने व्यवस्था मिलाएको छ । जसले गर्दा कोभिड-१९ को महामारीमा एक अर्काको सम्पर्कमा नआई छिटो छरितो सजिलै भुक्तानी गर्ने सुविधा मिल्नेछ । ग्राहकहरुको सुविधालाई मध्यनजर गर्दै बैंकले समीक्षा अवधिमा ग्रिन पिन सेवा संचालनमा ल्याएको छ । जसले गर्दा कार्डवाहकहरुले आफ्नो कार्ड प्रथम पटक एटिएममा प्रयोग गर्दा आफ्नो रजिष्टर्ड मोबाइल नम्बरमा वान टाइम पासवर्ड (OTP) प्राप्त गरी आफ्नो पिन आफै सिर्जना गर्न सक्नेछन । समीक्षा अवधिमा ग्राहकले घरमै बसी डेबिट कार्ड तथा क्रेडिट कार्ड अनलाइन मार्फत आवेदन गर्न सक्ने व्यवस्था बैंकले मिलाएको छ । एटिएमबाट हुने कारोबारको लेखाङ्कन चुस्त दुरुस्त राख्न कारोबारको हिसाब मिलान गर्नको लागि एटिएम रिकन्सिलिएसन सिस्टम बैंकले प्रयोगमा ल्याएको छ ।

यसैगरी विद्युतीय कारोबारहरुलाई प्रोत्साहन गर्न समीक्षा अवधिमा बैंकले फोन पे सँगको सहकार्यमा स्मार्ट टेलर सेवा संचालनमा ल्याएको छ । स्मार्ट टेलरको माध्यमबाट क्यूआर कोड स्क्यान गरि ग्राहकले चेक बिना आफ्नो खाताबाट सजिलै नगद प्राप्त गर्ने व्यवस्था मिलाएको छ । अन्तर्राष्ट्रिय भुक्तानी संजालसँग एकीकरण गर्ने सिलसिलामा चीनको ख्याती प्राप्त Wechat Pay सँग सिस्टम इन्टिग्रेसन गरी सिद्धार्थ बैंकका मर्चेन्टहरुले Wechat Pay बाट वस्तु तथा सेवा खरिद गर्दा सजिलै भुक्तानी पाउने व्यवस्था गरिएको छ ।

यसैगरी ग्राहकहरुलाई वैकल्पिक माध्यमबाट भुक्तानी गर्नको लागि विद्यमान सिद्धार्थ बैंकको मोबाइल बैंकिङ्ग प्रणालीमा कनेक्ट आइ.पि.एस. इन्टिग्रेसन गरी कनेक्ट आइ.पि.एस. बाट न्यूनतम शुल्कमा भुक्तानी तथा रकमान्तर गर्ने व्यवस्था मिलाइएको छ । यस्तै मोबाइल बैंकिङ्गको माध्यमबाट ग्राहक स्वंयले मुद्दती खाता खोल्ने सेवाको शुरुवात गरिएको छ । समीक्षा अवधिमा बैंकले नागरिक एप्लिकेशन सँगको सहकार्यमा बिना कुनै झन्झट घरमै बसि सिद्धार्थ बैंकमा खाता खोल्न सक्ने व्यवस्था संचालनमा ल्याएको छ । बैंकले ग्राहकहरुलाई विद्युतीय माध्यमबाट कारोबार गर्न प्रोत्साहित गर्न तथा निष्कृय कार्डवाहकहरुलाई एटिएम कारोबार मात्र नभइ POS तथा अनलाइन कारोबार गर्न प्रोत्साहित गर्न विभिन्न क्यास ब्याक अफरहरु संचालन गरेको थियो । यसैगरी बैंकले दराजसँगको सहकार्यमा सिद्धार्थ सुपर सन्डे, सिद्धार्थ फाउन्डेसन डे क्याम्पेन, गो फर कार्ड्स क्याम्पेन, बैंक स्मार्ट एक्टीभेशन क्याम्पेन, क्यूआर मर्चेन्ट इन्रोलमेन्ट एण्ड एक्टीभेशन क्याम्पेन जस्ता विभिन्न क्याम्पेनहरु सफलतापूर्वक संचालन गरेको थियो ।

### (ण) सूचना प्रविधिका क्षेत्रमा गरिएका कार्यहरु

वर्तमान अवस्थामा अद्यावधिक एवं सुरक्षित सूचना प्रविधिको विकास बिना आधुनिक तथा भरपर्दो बैंकिङ्ग सेवाको कल्पना गर्न सकिदैन । ग्राहकहरुको परिवर्तित प्राथमिकताका कारण प्रविधिका नवीनतम् आविष्कारले बैंकिङ्ग क्षेत्र रुपान्तरित भइरहेको छ । प्रविधिमुखी नेपाली समाजको आकांक्षा अनुरुप बैंकिङ्ग क्षेत्रको रुपरेखा परिवर्तित हुँदै गइरहेको छ । सूचना प्रविधिको विकासको युगमा बैंकले आफ्ना ग्राहकहरुलाई बैंकिङ्ग सेवा प्रदान गर्न निरन्तर रुपमा आफ्नो सूचना प्रणालीको स्तरोन्नती गर्दै उच्चस्तरीय प्रविधिहरु अवलम्बन गर्दै आएको छ । अहिलेको अवस्थामा सूचना प्रविधिको द्रुततर विकासले बैंकिङ्ग क्षेत्रमा असिमीत सम्भावनाहरु सिर्जना गर्नुका साथै यसको सुरक्षाको विषय अत्यन्तै चुनौतीपूर्ण बन्दै गईरहेको छ ।

सूचना प्रविधिबाट हुन सक्ने जोखिमको न्यूनीकरण गर्नको लागि सफल सूचना प्रविधि रणनीति, सूचना प्रविधि नीति तथा कार्यविधि र सो कार्यविधिको व्यवस्थित संचालन आवश्यक पर्ने तथ्य प्रति बैंक चनाखो भई सोहि अनुरुपको कार्य रणनीति लिएको छ। बैंकले सूचना प्रणालीमा आधारित सेवाहरुमा हुन सक्ने सुरक्षा जोखिम नियन्त्रण गर्नको लागि उच्चस्तरको सूचना प्रविधि तथा सुरक्षा प्रणालीको प्रयोग गरिरहेको छ, जसले ग्राहकहरुको गोपनियता, सुरक्षा र तथ्यांकको विश्वसनीयता लगायतका विषयहरु सम्बोधन गर्दछ। समीक्षा अवधिमा बैंकले दीर्घकालीन तथा अल्पकालीन सूचना प्रविधि नीतिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। साथै, सूचना प्रविधिको प्रयोगबाट कार्यदक्षता अभिवृद्धिका साथै सेवा प्रवाहलाई सरल र प्रभावकारी बनाइएको छ।

बैंकको सूचना प्रविधि प्रणालीमा रहेको कमी कमजोरीहरु पहिल्याई, नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार सूचना प्रविधि सम्बन्धमा आकस्मिक घटना सहायता समुह (Incident Response Team) गठन गरी परिचालन गरिएको छ। साथै, सूचना प्रविधिको लेखापरीक्षण (Information System Audit) गर्ने कार्यलाई निरन्तरता दिइएको छ। सूचना प्रविधिका भौतिक पूर्वाधार र सुरक्षाका लागि विद्युतीय माध्यमबाट प्रयोग हुने आन्तरिक र बाह्य कारोबार प्रभावकारी रुपमा कार्यान्वयन गर्न उच्च प्रविधिमा आधारित हार्डवेयर स्तरोन्नति, सफ्टवेयर स्तरोन्नति तथा सुरक्षा अभिवृद्धिको कार्य गरिएको छ।

यसैगरी बैंकले स्वचालित तथा डिजिटाइजेशन (Digitization) प्रक्रियामा आधारित डिजिटल सेवा प्रदान गर्ने सन्दर्भमा नयाँ वेबसाइट सञ्चालनमा ल्याएको छ। अनलाईन प्रक्रिया सहज एवं सुरक्षित रुपमा कारोबार गर्नका लागि Easy Bank संचालन गरिएको छ जसमा अनलाईनमै खाता खोल्न, नागरिक एप अनलाईन खाता खोल्न, कार्ड सेवा अनुरोध एवं नवीकरण तथा डिम्याट सम्बन्धी सेवाहरु उपलब्ध गराइएको छ। ग्राहकले डेबिट कार्ड, क्रेडिट कार्ड वा चेक साथमा नहुँदा पनि सोझै मोबाइल बैंकिङ्ग मार्फत QR कोड स्क्यान गरी भुक्तानी पाउने स्मार्ट टेलरको व्यवस्था गरी सरल र सहज बैंकिङ्ग सेवा अघि बढाउनुका साथै मोबाइल बैंकिङ्ग स्तरोन्नति गरिएको छ। हाल भौतिक रुपमा रहेका मानव संसाधन विभागका अभिलेखहरु विद्युतीय रुपमा अभिलेख गरी व्यवस्थित गर्ने र कार्य सम्पादन मूल्यांकन सम्बन्धी सफ्टवेयर स्तरोन्नतिको कार्य सम्पन्न गरिएको छ।

यसैगरी, बैंक र ग्राहकबीचको सम्बन्धलाई प्रभावकारी बनाउन तथा बैंकले प्रदान गर्दै आएका सेवाहरुलाई व्यवस्थित गर्दै त्यसको क्रियाकलापलाई एकीकृत रुपमा व्यवस्थापन गर्ने गरी बैंकले ग्राहक सेवा केन्द्रलाई निरन्तरता दिएको छ। ग्राहक सेवा केन्द्रद्वारा बैंकको ग्राहक सेवा प्रक्रिया थप प्रभावकारी हुने र "सम्बन्ध सधैंभरीलाई" भन्ने बैंकको मूल मन्त्र साकार हुँदै जाने विश्वास लिइएको छ। सो अन्तर्गत ग्राहकले बैंकको वेबसाइट, फोन, च्याट, सामाजिक संजाल मार्फत जिज्ञासा, गुनासो तथा सेवा अनुरोध दाखिल गर्ने, साथै ग्राहक बैंकमा उपस्थित नभई सोझै बैंकिङ्ग सेवा, सुविधा लिन सक्ने व्यवस्था गरिएको छ।

### (त) शाखा सञ्जालमा वृद्धि

बैंकले आफ्नो कार्यक्षेत्र विस्तार गर्ने क्रमलाई निरन्तरता दिँदै आएको छ। देशका सबै भेगका सबै तह र तप्काका जनताको लागि अत्याधुनिक बैंकिङ्ग सेवाको पहुँच विस्तार गर्दै सबै नेपालीहरुमाझ बैंकिङ्ग पहुँच पुऱ्याउन यस बैंकले ग्रामीण भेगमा समेत शाखा सञ्जाल विस्तार गरेको छ। यसैको निरन्तरता स्वरुप बैंकले गत आ.व. मा काठमाडौं उपत्यका भित्र काठमाडौंको तिनचुली, ललितपुरको जावालाखेल तथा काठमाडौं उपत्यका बाहिर कपिलवस्तुको तौलिहवामा नयाँ शाखाहरु विस्तार गरी कुल ३ वटा नयाँ शाखाहरु स्थापना गरी कुल १८९ वटा शाखाहरु (३ वटा एक्सटेन्सन काउन्टर सहित) बाट व्यवसाय सञ्चालन गरिरहेको छ। नेपालको ७७ वटा जिल्लाहरु मध्ये ५४ जिल्लाहरुमा आफ्नो उपस्थिति जनाउँदै बैंकले २०८ एटिएम, ११४ शाखारहित बैंकिङ्ग सेवा केन्द्र, इन्टरनेट बैंकिङ्ग, मोबाइल बैंकिङ्ग लगायतका माध्यमबाट आफ्ना ग्राहकहरुलाई विस्तारित सेवाहरु उपलब्ध गराउँदै आएको छ।




### (थ) विप्रेषण सेवा (एसबिएल रेमिट सेवा)

बैंकले आफ्नो सेवा विस्तार एवं विविधीकरण गर्दै जाने रणनीति अनुरुप आन्तरिक एवं बाह्य रुपमा रकम प्राप्त गर्न वा पठाउनका लागि आफ्नै "एसबिएल रेमिट" मार्फत सरल तथा सुरक्षित रुपमा आफ्ना ग्राहकहरुलाई सेवा दिईराखेको छ। बैंकले हालसम्म ७,००० भन्दा बढी भुक्तानी केन्द्रका प्रतिनिधि र उप-प्रतिनिधि मार्फत सेवा प्रदान गर्दै आएको छ। बैंकले कतार, जापान, मलेशिया, ओमान, संयुक्त अरब इमिरेट्स, दक्षिण कोरिया, कुवेत, अष्ट्रेलिया, युरोप र अमेरिकामा स्थानीय प्रतिनिधि तोकी विप्रेषणको कार्य गर्दै आएको छ। बैंकले वैदेशिक रोजगारीमा गएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुलाई लक्षित गरि शून्य

मौज्दातमा खाता खोल्न मिल्ने आकर्षक ब्याजदर सहितको "सिद्धार्थ रेमिट खाता" सञ्चालनमा ल्याएको छ। उक्त बचत खातामा बैंक स्मार्ट, इन्टरनेट बैंकिङ्ग, एटिएम, डिम्याट तथा सि-आस्वा लगायतका सुविधा समेत प्रदान गरिएको छ।

## ३. चालू वर्षको हालसम्मको उपलब्धि र भविष्यमा गर्नु पर्ने कार्यहरुको सम्बन्धमा सञ्चालक समितिको धारणा

### (क) निक्षेप परिचालन सम्बन्धी सेवाहरु

बैंकले आफ्ना ग्राहकहरुको चाहना तथा मागलाई मध्यनजर गर्दै आफ्ना सेवा सुविधालाई चुस्त दुरुस्त राख्दै सरल एंव सहज ढङ्गबाट बैंकिङ्ग सेवा पुऱ्याउँदै आएको छ। विद्यमान असाधारण परिस्थितिलाई ध्यानमा राख्दै ग्राहकहरु बैंकमा भौतिक रुपमा उपस्थित नभई अनलाइन मार्फत आफ्नो रोजाइको खाता खोल्न सक्ने प्रविधिलाई निरन्तरता दिदैं आएको छ।

समग्रमा बैंकले आफ्ना ग्राहक महानुभावको चाहना अनुरुप नवीनतम तथा गुणस्तरीय सेवा प्रदान गर्न तत्पर रहेको छ। ग्राहकका व्यक्तिगत तथा व्यवसायिक आवश्यकतालाई अग्रपंक्तिमा राख्दै बैंकले विभिन्न मुद्दती निक्षेप योजनाहरु पनि संचालन गर्दै आएको छ। भविष्यमा पनि सेवामूलक तथा ग्राहकमैत्री आकर्षक निक्षेप योजनाहरु विस्तार गर्दै जाने बैंकको रणनीति रहेको छ।

### (ख) कर्जा सेवा विस्तार

बैंकले संस्थागत ग्राहकहरुलाई अन्तर्राष्ट्रिय स्तरको सुविधा दिन तथा चुस्त दुरुस्त प्रभावकारी सेवा उपलव्ध गराउन प्रतितपत्र तथा बैंक जमानत लगायतका सेवाहरुलाई सेन्ट्रल ट्रेड अपरेशन विभाग गठन गरी सोही विभाग मार्फत विशिष्टीकृत सेवा प्रदान गर्दै आएको छ। उद्योग तथा व्यवसायहरुको इको सिस्टम अन्तर्गत रहेका मुल्य श्रृंखला (Value Chain) मा समाहित सम्पूर्ण अवयवहरुको वित्तीय तथा व्यवसायिक आवश्यकताहरु पहिचान गरि वित्तीय समावेशिता अभिवृद्धि गर्न, अत्याधुनिक बैंकिङ्ग प्रविधिको प्रयोग गरी व्यवसायिक कारोबारमा अन्तर्निहित लाभ अभिवृद्धि तथा लागत न्यूनीकरण गराई सो मुल्य श्रृंखलामा आवद्ध सम्पूर्ण पक्षहरुलाई आवश्यक बैंकिङ्ग सुविधाहरु प्रदान गर्नका निमित्त आवश्यक प्रविधिहरु विकासको चरणमा रहेको छ। आपूर्ति श्रृखला लगानी (Supply Chain Financing), Channel Financing लगायत Factoring and Reverse Factoring जस्ता नवीनतम् प्रविधियुक्त संरचनाहरु कार्यान्यवनमा ल्याइएको छ। उक्त संरचनाहरुको पूर्ण कार्यान्यवन पश्चात् ठुला स्तरका उद्योग, व्यापार, औद्योगिक व्यवसाय लगायतका वस्तु तथा सेवा आपूर्ति गर्ने लघु, घरेलु, साना तथा मझौला उद्यमहरुले एकातर्फ सहज र शिघ्र बैंकिङ्ग सेवा तथा सुविधाहरु प्राप्त गर्नेछन भने ठुला उद्योग तथा प्रतिष्ठानहरुलाई वस्तु तथा सेवाहरुको आपूर्तिको सुनिश्चितता हुनेछ।

बैंकले नवीनतम् तथा दिगो पद्धति मार्फत साना तथा मझौला उद्योगहरुको वित्तीय आवश्यकता विशेषगरी मध्यम स्तरको लगानीको आवश्यकता परेका तर परम्परागत बैंकिङ्ग संयन्त्रहरुबाट ऋण प्राप्त गर्न सक्ने अवस्थामा नरहेका "Missing Middle" व्यवसायहरुको आवश्यकतालाई सम्बोधन गर्ने लक्ष्य लिएको छ। बैंकले निम्न तथा मध्यम आय भएका ग्राहकहरुको वित्तीय आवश्यकता पूरा गर्न तथा उद्यमशीलता प्रवर्द्धन गर्न सहजीकरण गर्ने लक्ष्य लिएको छ। यसका लागि बैंकले आफ्नो फैलिदो शाखा सञ्जालको वृहत् उपयोग गरी देशभर लघु तथा साना व्यवसायहरुलाई अनुकूल हुनेगरी आफ्नो व्यवसाय ढाँचालाई पुन:संरचना गरेको र सेवा तथा सेवा प्रवाह संयन्त्रलाई थप चुस्त दुरुस्त बनाएको छ। बैंकले आफुलाई साना तथा मझौला व्यवसायीका लागि प्रथम रोजाईको बैंकको रुपमा स्थापना गर्ने लक्ष्य लिएको छ।

यसैगरी बैंकले चालु आ.व. देखि सहुलियतपूर्ण कर्जा अन्तर्गत "सिद्धार्थ प्राविधिक तथा व्यवसायिक तालिम कर्जा" तथा "सिद्धार्थ युवा स्वरोजगार कर्जा" प्रदान गरिरहेको छ। यस सहुलियतपूर्ण कर्जा अन्तर्गत गत आ.व.को आषाढ मसान्तसम्म बैंकले कुल १,९७५ घरपरिवारलाई करिब २ अर्ब ४१ करोड कर्जा प्रदान गरिसकेको छ। यसैगरी विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ ले पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रमा पारेको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्दै उत्पादन तथा रोजगारी अभिवृद्धि गर्न गण्डकी प्रदेशका उद्यमी तथा व्यवसायीहरुलाई व्यवसाय जीवन रक्षा कर्जा प्रदान भइरहेको छ। यसरी बैंकले गत आ.व.को आषाढ मसान्तसम्म लघु तथा विपन्न वर्ग कर्जा अन्तर्गत विभिन्न कर्जा शीर्षकमा प्रत्यक्ष रुपमा ५९ जिल्लाका १३३ शाखाहरुबाट कुल १४,९२८ घरपरिवारलाई सेवा प्रदान गरिसकेको छ।

यसैगरी विगत केही वर्षदेखि बैंकले आफ्नो सेवा विकट, दुर्गम, ग्रामीण एवं शहरोन्मुख भेगका बैंकिङ्ग सेवाको पहुँच नपुगेका क्षेत्रमा आफ्नो शाखा विस्तारलाई प्राथमिकता दिदैं आएकोमा त्यस्तो क्षेत्रमा फरक खालको बैंकिङ्ग सेवाको आवश्यकता पर्ने भएकाले बैंकले आफ्नो विद्यमान कर्जा प्रवाह सम्बन्धी प्रक्रियालाई आवश्यक पुनरावलोकन गरी त्यस्तो वर्गलाई ध्यानमा राखी सेवाहरु प्रदान गर्दै आएको छ। हाल नेपाल सरकारको प्राथमिकता अनुसार कृषि क्षेत्र, विपन्न वर्ग कर्जा, साना, घरेलु तथा सीपमूलक कर्जा, ब्याज अनुदानमा आधारित कर्जाको सम्बन्धमा बैंकले अलग्गै इकाई खडा गरी "लघु तथा ग्रामीण बैंकिङ्ग" अवधारण अनुसार उच्च प्राथमिकताका साथ कार्य गर्दै आईरहेको छ।

यसरी बैंकले पहिले देखि नै संचालनमा रहेका संस्थागत, परियोजना, उपभोग्य कर्जा लगायत विभिन्न कर्जा सेवाहरु यथावत संचालन गर्दै थप सेवाहरु संचालनमा ल्याएको छ। यसबाट साना, ठुला, संस्थागत एवं व्यक्तिगत र देशका

सबै क्षेत्रमा बसोबास गर्ने ग्राहकहरुको कर्जा आवश्यकता सहज रुपमा परिपूर्ति हुने बैंकको अपेक्षा रहेको छ । तसर्थ, अर्थतन्त्रको मेरुदण्डको रुपमा आत्मसात गरिएको उत्पादन मूलक क्षेत्र एवं साना तथा मझौला उद्यम व्यवसायलाई प्रवर्द्धन गर्ने बैंकको मुख्य ध्येय रहेको छ ।

### (ग) कार्ड तथा प्रविधिमा आधारित सेवाहरु

बैंकले समीक्षा अवधिमा कुल एटिएम को संख्या २०८ पुऱ्याउन सफल भएको छ । आगामी दिनहरुमा बैंकले विभिन्न स्थानहरुमा थप एटिएमहरु संचालनमा ल्याउने यो जना बनाएको छ ।




समीक्षा अवधिमा बैंकले विभिन्न व्यापारिक केन्द्रहरुमा १,६९६ वटा पोइन्ट अफ सेल (POS) मेशीन जडान गरेको छ । चालु आ.व. को मंसिर मसान्तसम्म कुल पोइन्ट अफ सेल (POS) मेशीनको संख्या १,८९० पुगेको छ ।




जुनसुकै बैंक वित्तीय संस्थाले जारी गरेका क्रेडिट तथा डेबिट कार्ड यस बैंकको आफ्नै पस मेशीनमा प्रयोग गरी भुक्तानी गर्न सकिनेछ । साना तथा मझौला व्यवसायी र सडकपेटीमा व्यवसाय गर्ने व्यवसायी समेतलाई ध्यानमा राखि भुक्तानीमा सहजता प्रदान गर्नको लागि फोन पे सँगको सहकार्यमा समीक्षा अवधिमा बैंकले ५,०६८ व्यवसायीहरु दर्ता गर्न सफल भएको छ । चालु आ.व. मा नेपाल पेमेन्ट सोलुन्स प्रा.लि. सँगको सहकार्यमा साना तथा ठूला उद्यमीहरुले एस.एम.एस., इमेल, Whatsapp, भाइबर आदीको प्रयोग गरेर एउटै लिंकको माध्यमबाट सजिलै कारोबार गर्न मिल्ने सुविधा प्रदान गरिएको छ । भविष्यमा उक्त लिंकको प्रयोग गरी ऋणीले ऋणको किस्ता भुक्तानी गर्न मिल्ने व्यवस्था समेत प्रदान गरिनेछ ।

समीक्षा अवधिमा बैंकले कुल ८६,२३८ डेबिट कार्ड र ३,४०२ क्रेडिट कार्ड जारी गरेको थियो । समीक्षा अवधिमा डेबिट कार्ड र क्रेडिट कार्डको संख्या क्रमश: ४,३०,६१३ र २७,२१५ रहेकोमा चालु आ.व.को मंसिर मसान्तसम्म डेबिट कार्ड र क्रेडिट कार्डको संख्या क्रमश: ४,८५,२३६ र २८,८१० पुगेको छ ।




त्यस्तै गत आ.व. को आषाढ मसान्तसम्म बैंकको ६०,८९९ जना i-Connect प्रयोगकर्ता र ४,६८,१३९ जना सिद्धार्थ बैंक स्मार्ट प्रयोगकर्ता रहेका छन् । चालु आ.व. को मंसिर मसान्तसम्म ६४,२४७ जना i-Connect प्रयोगकर्ता र ५,४६,९८८ जना सिद्धार्थ बैंक स्मार्ट प्रयोगकर्ता रहेका छन् ।



यसरी बैंकले मोबाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, कार्ड जस्ता विभिन्न वैकल्पिक भुक्तानी उपकरणहरु विकास गर्दै लागु गरिरहेको छ र भविष्यमा समेत उच्च प्राथमिकताका साथ कार्ड तथा प्रविधिमा आधारित सेवाहरुको विस्तार गर्दै जाने रणनीति लिएको छ ।

### (घ) सूचना प्रविधिका क्षेत्रमा गरिएका कार्यहरु

समीक्षा अवधिमा एवं चालु आ.व.मा ग्राहकलाई एकीकृत रुपमा ग्राहकमैत्री सेवा प्रदान गर्न ग्राहक सम्बन्ध व्यवस्थापन प्रणाली (Customer Relationship Management System) कार्यान्वयन प्रक्रिया अगाडि बढाइएको छ। बैंकका ग्राहकलाई आवश्यकता अनुरुप छिटो तथा छरितो रुपमा ऋण सेवा प्रदान गर्न एवं कर्जा जोखिम व्यवस्थापन प्रभावकारी बनाउन Loan Management System (LMS) कार्यान्वयनको प्रक्रिया अगाडि बढाइएको छ । बैंकको सूचना प्रविधि चुस्त र अद्यावधिक राख्न बैंकले प्रयोग गरिरहेको बैंकिङ्ग प्रणालीमा आवश्यकता अनुसार सुधार गर्ने कार्य जारी रहेको छ ।

बैंकका ग्राहकहरुलाई दिगो तथा विश्वसनीय सेवा दिनका लागि विद्यमान Flexcube-CBS लाई Finacle-CBS मा प्रतिस्थापन गरी थप सुदृढ गर्दै लगिने कार्यको शुरुवात चालु आर्थिक वर्षमा गरिएको छ। यसैगरी, बैंकले भविष्यमा गर्नुपर्ने कार्यको सन्दर्भमा बैंकको सूचना प्रणालीमा थप सुरक्षा, स्थिरता तथा वृद्धिको लागि उच्च प्रविधिमा आधारित Security Information and Event Management, Security Operations Center, Web Application Firewall तथा अन्य उच्च प्रविधिमा आधारित हार्डवेयर तथा सफ्टवेयर प्रयोगमा ल्याइने छ। डिजिटाइजेशन सेवा सरल र प्रभावकारी बनाउनका लागि तथा बैंकमा भएका गतिविधिहरु ग्राहक समक्ष पुऱ्याउन र ग्राहकका जिज्ञासा, गुनासोहरु बैंक समक्ष पुऱ्याई उचित समयमा त्यस्ता जिज्ञासा तथा गुनासो समाधान गर्नको लागि बैंकको वेबसाइट ग्राहकमैत्री बनाउने योजना अघि बढाइएको छ ।

यसैगरी, ग्राहकका सेवा सम्बन्धी आवश्यकताहरु विद्युतीय माध्यम मार्फत प्रदान गर्ने, विद्युतीय रुपमा अभिलेख सुरक्षित गर्ने र ग्राहकले बैंकमा उपस्थित नभई विभिन्न माध्यमहरु जस्तैः मोबाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, ट्याबलेट बैंकिङ्ग, वेबसाइट आदि मार्फत विद्युतीय रुपमा सेवा प्राप्त गर्न सक्ने गरी विभिन्न प्रणालीहरु कार्यान्वयनका चरणमा रहेका छन् ।

बैंकले चालु आ.व. मा सूचना प्रविधि तथा डिजिटल बैंकिङ्ग रणनीति (Digital Banking Strategy, 2025) अनुरुप सुरक्षित सूचना तथा प्रविधिमा आधारित बैंकिङ्ग सेवा प्रदान गर्ने लक्ष्य लिएको छ। सूचना प्रविधिको सुरक्षा संवेदनशीलतालाई मनन गरी आगामी दिनमा सूचना प्रविधि सुरक्षाका लागि आवश्यक नीति तर्जूमा गर्ने तथा सो सम्बन्धी आवश्यक उपकरण उपयोगमा ल्याइने छ ।

समग्रमा बैंकले सूचना प्रविधिको क्षेत्रमा विकसित नवीनतम् प्रयोगहरुलाई आवश्यकता अनुसार लागु गर्दै सूचना प्रविधि जोखिम न्यूनीकरणमा विशेष ध्यान दिने नीति लिएको छ । बैंकले प्रयोग गर्दै आएको सम्पूर्ण प्रणालीलाई चरणबद्ध रुपमा थप चुस्त, विश्वसनीय तथा पारदर्शी बनाउने अभिप्रायका साथ हालको कागजी कार्य प्रणाली प्रविधिमा आधारित हुने गरी रुपान्तरण गरिने छ ।

### (ङ) भवन निर्माण कार्य

सबल, दीगो र निरन्तर बैंकिङ्ग सेवाका लागि क्रमशः आफ्नै भवनहरुबाट कारोबार संचालन गर्नुपर्छ भन्ने धारणा सहित बैंकले काठमाडौंमा प्रधान कार्यालय र अन्य विभिन्न स्थानहरुमा प्रादेशिक तथा शाखा कार्यालयहरुको भवन निर्माण कार्यलाई प्राथमिकतामा राखी क्रमिक रुपमा कार्य गर्दै आईरहेको छ । हालसम्म बैंकले बिरगंजमा आफ्नै भवनबाट कारोबार संचालन गरिरहेको छ । यसै क्रममा काठमाडौंको नक्सालमा प्रधान कार्यालय भवन एवं मोरङ्गको बिराटनगरमा आफ्नै कार्यालय भवनको आन्तरिक साजसज्जाको कार्य संचालन भईरहेको छ । यसैगरी, कास्कीको पोखरामा रहेको बैंकको आफ्नै भवनको मर्मत सम्भार कार्य अन्तिम चरणमा रहेको र तत्पश्चात आन्तरिक साजसज्जा सम्बन्धी कार्य गर्नको लागि आवश्यक प्रक्रिया शुरु गरिएको छ ।

### (च) शाखारहित बैंकिङ्ग सेवा

समीक्षा वर्ष देखि शाखारहित बैंकिङ्गका ग्राहकहरुले स-साना मुद्दती खाता, नेपाल सरकारको "खोलौं बैंक खाता अभियान" अन्तर्गत सजिलो बचत खाता, लघुकर्जा सेवा र विप्रेषण सेवा समेत प्राप्त गर्ने गरी नयाँ सेवाको शुरुवात गरिएको छ । जसले गर्दा ग्रामीण क्षेत्रमा बसोबास गर्ने एवं बैंकिङ्ग पहुँच नभएका ग्राहकहरुलाई लघु बैंकिङ्ग सेवाहरु अन्तर्गत विप्रेषण सेवा, लघु कर्जा र शाखा रहित बैंकिङ्ग सेवा एकै थलोबाट सहज रुपमा प्रवाह गर्ने लक्ष्यका साथ कार्यहरु भईरहेका छन् । शाखारहित बैंकिङ्ग सेवा विस्तार कार्यमा बैंकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संगठन तथा तिनका स्थानीय कार्यक्रमहरुसँग सहकार्य गर्दै आएको र भविष्यमा पनि उक्त सहकार्य अघि बढाउँदै सेवा विस्तार गर्ने बैंकले रणनीति लिएको छ ।

### (छ) विप्रेषण सेवा (एसबिएल रेमिट सेवा)

बैंकले हालसम्म ७,००० भन्दा बढी भुक्तानी केन्द्रका प्रतिनिधि र उप-प्रतिनिधि मार्फत सेवा प्रदान गर्दै आएकोमा विप्रेषणलाई थप प्रभावकारी बनाउनको लागि विदेशी मुलुकमा आफ्नो रेमिटको उपस्थिति बढाउँदै स्थानीय तवरमा भुक्तानी प्रतिनिधिको संख्यामा समेत वृद्धि गर्दै जाने रणनीति लिएको छ । बैंकले निकट भविष्यमा विप्रेषण सेवा तथा आफ्नो उपस्थितिलाई वृद्धि गर्न भारत, क्यानडा तथा जोर्डनमा प्रतिनिधि तोकि विप्रेषण कारोबारलाई वृद्धि गर्दै जाने योजना बनाएको छ ।

## ४. चालु आर्थिक वर्षको वित्तीय स्थिति तथा लक्ष्य

आर्थिक वर्ष २०७६/७७ बाट शुरु भई विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीको प्रथम एवं द्वितीय लहरको असर समीक्षा अवधिमा पनि रह्यो । कोभिड-१९ महामारीले ऋणीको वित्तीय स्थितिमा पर्न गएको नकारात्मक असरका साथै आ.व. २०७७/७८ मा ऋणीलाई विशेष कर्जा साँवा तथा ब्याज भुक्तानमा सहुलियत तथा सहजीकरण गरिएको र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार असल कर्जामा थप ०.३ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने लगायतका कारणका बावजुद पनि आ.व. २०७६/७७ मा रु. २.१४ अर्ब रहेको बैंकको खुद मुनाफा आ.व. २०७७/७८ मा ३३.१८ प्रतिशतले वृद्धि भई रु. २.८५ अर्ब पुगेको छ ।

यसैगरी, चालु आर्थिक वर्षमा विप्रेषण आप्रवाहमा कमी हुनु, सरकारी खर्च सन्तोषजनक नहुनु, सरकार एवं नियमनकारी निकायको नीति नियममा भएको परिवर्तन, कर्जा प्रवाहमा अत्याधिक वृद्धि आउनु र सोहि अनुपातमा निक्षेप सङ्कलन हुन नसकेको लगायतका कारणले लगानीयोग्य रकमको चरम अभाव एवं तरलता संकुचनको अवस्था हालसम्म विद्यमान रही केहि महिनासम्म रहिरहने अपेक्षा गरिएको छ । तसर्थ, उपरोक्त समस्याहरु विद्यमान रहेको अवस्थामा बैंकको कारोबार दिगो रुपमा विस्तार गरी सम्पत्तिको गुणस्तर कायम राखि लगानीकर्तालाई उचित प्रतिफल दिने कार्य हाललाई चुनौतीपूर्ण रहने देखिन्छ ।

विविध प्रतिकूलताका बावजुद पनि चालु आ.व. को मंसिर मसान्त सम्म बैंकको कुल निक्षेप ७.५८ अर्बले वृद्धि भएको छ भने कुल कर्जा सापट (NFRS बमोजिम) रु. १९.२१ अर्बले वृद्धि भएको छ । यसैगरी चालु आ.व. को मंसिर मसान्त सम्ममा बैंकले रु. १३३.८० करोड खुद मुनाफा आर्जन गरेको छ । प्रतिकूल परिस्थितिमा पनि चालु आ.व. को आश्विन मसान्त सम्म निष्कृय कर्जा/कुल कर्जा अनुपात ०.५४ प्रतिशत कायम गरी सम्पत्तिको गुणस्तर कायम राख्दै लक्षित मुनाफा हासिल गर्ने गरी बैंकले कार्य गरिरहेको व्यहोरा यहाँहरु समक्ष जानकारी गराउँदछौं ।

## ५. संस्थागत सुशासन

बैंकको संचालन तथा व्यवस्थापनमा संस्थागत सुशासनका उच्चतम अभ्यास तथा प्रक्रियाहरुलाई बैंकले अत्यन्त महत्वका साथ पालना गर्दै आइरहेको छ । संस्थागत सुशासनका अभ्यासहरु र नैतिक व्यवसायिक आचरण बैंकको मूल्य मान्यताको केन्द्रबिन्दुमा रहेका छन् । जवाफदेहिता, वित्तीय विवेकशिलता, सरोकारवालाको सन्तुष्टिको सुनिश्चितता, लगानीकर्ताको आकांक्षा संरक्षणलाई मध्यनजर गरी आफ्नो कार्य सम्पादनमा पारदर्शीता कायम गर्दै संस्थागत सुशासनका उच्चतम अभ्यासहरुको पूर्ण रुपमा अवलम्बन तथा अनुपालना गर्न बैंक कटिबद्ध रहेको छ ।

प्रचलित ऐन नियम, नेपाल राष्ट्र बैंक एवं अन्य नियमनकारी निकायहरुद्वारा जारी निर्देशन तथा बैंकको आन्तरिक नीति नियम बमोजिम नै बैंकले आफ्नो कार्य सञ्चालन गर्दै आएको छ । बैंकका आन्तरिक नीति नियममा समयानुकूल सुधार एवं संशोधन गर्दै अद्यावधिक गर्ने कार्य नियमित रुपमा भईरहेका छन् । प्रचलित ऐन, नियम तथा निर्देशनको अधिनमा रहि बैंकले अनुपालना नीति, Anti Bribery and Anti Corruption Policy र कर्मचारी आचार संहिता जस्ता संस्थागत सुशासनलाई सुदृढीकरण गर्न आवश्यक पर्ने नीतिहरुलाई अद्यावधिक गरी लागु गरेको छ । बैंकको दैनिक क्रियाकलापहरु स्वच्छन्द रुपमा संचालनको लागि तथा नीतिगत तहका निर्णय र बैंकले चाल्ने रणनीतिका लागि बैंकले आचार संहिता बनाई लागु गरेको छ । उक्त आचार संहितालाई सञ्चालकहरु, बैंक व्यवस्थापन तथा प्रत्येक तहका सम्पूर्ण कर्मचारीहरुले पूर्णरुपमा पालना गरी कार्य संचालन भैरहेको छ । बैंकले लागु गरेको आचार संहिता सुशासन ऐनको भावना अनुरुप तथा नेपाल राष्ट्र बैंकले बैंकमा असल संस्थागत सुशासन कायम गर्न जारी गरेको मार्गनिर्देशन अनुरुप रहेको छ । सञ्चालक समितिका सम्पूर्ण सदस्यहरुले नेपाल राष्ट्र बैंकद्वारा जारी एकीकृत निर्देशन बमोजिम व्यवसायिक आचरण एवं आचार संहिताको पूर्णरुपमा पालना गरेका छन् । बैंकले नियमनकारी निकायले इजाजतपत्र जारी गर्दा तोकेका शर्तहरु तथा नियमन, निरीक्षण वा सुपरीवेक्षण गर्दा दिइएको निर्देशनको पूर्ण रुपमा पालना गर्दै आइरहेको छ ।

त्यस्तै बैंकका सञ्चालकहरु, उच्च अधिकृतहरु, अधिकृतहरु तथा अन्य सम्पूर्ण कर्मचारीहरु समेतलाई संस्थागत सुशासन सम्बन्धमा विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय निकायहरुले आयोजना गरेका विभिन्न सेमिनार, गोष्ठि तथा तालिमहरुमा बैंकले सहभागी गराउँदै आइरहेको छ र भविष्यमा समेत यस्ता गतिविधिहरुलाई निरन्तरता दिइनेछ । समीक्षा अवधिमा सञ्चालकहरुले असल अभ्यास तथा सुशासन, संस्थागत सुशासन, जोखिम व्यवस्थापन, सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी, सङ्गठनात्मक संरचना, सञ्चालकहरुको कर्तव्य तथा दायित्व लगायतका विषयहरुमा तालिम लिनु भएको थियो ।

यसैगरी, बैंकका हरेक कर्मचारीको व्यक्तिगत जिम्मेवारी र दायित्व स्पष्ट हुने गरी कार्य विभाजन गरिएको छ र यसका आधारमा कार्य सम्पादनमा आपसी नियन्त्रण र सन्तुलन कायम भई संस्थागत सुशासनमा थप टेवा पुग्ने विश्वास बैंकले लिएको छ । परिणाममुखी कार्य सम्पादन मूल्याङ्कन प्रणालीलाई विगत देखि नै कार्यान्वयनमा ल्याइएकोमा यस प्रणालीमा थप परिमार्जन गरी यसको प्रभावकारिता वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

यसैगरी, बैंकले संस्थागत सुशासन अन्तर्गत सम्पूर्ण सरोकारवालाहरुलाई आवश्यक जानकारीहरु सम्प्रेषण गर्दै आएको छ । समीक्षा अवधिमा बैंकले वार्षिक साधारण सभाको

सूचना, वार्षिक प्रतिवेदन, त्रैमासिक प्रतिवेदन, धितोपत्रको मूल्यमा प्रभाव पार्ने संवेदनशील सूचना, सूचनाको हक सम्बन्धी जानकारी, KYC अद्यावधिक सम्बन्धी सूचना, ब्याजदर परिवर्तन सम्बन्धी सूचना, शेयरधनीहरुले लिनुपर्ने अवितरित लाभांश सम्बन्धी सूचना तथा विगत १० वर्षदेखी संचालनमा नरहेका निष्कृय खाता सम्बन्धी विवरण लगायतका सूचनाहरु विभिन्न राष्ट्रियस्तरका दैनिक पत्रिकाहरु, बैंकको वेभसाइट www.siddharthabank.com तथा बैंकको आधिकारिक सामाजिक सञ्जाल मार्फत प्रकाशन गर्ने गरेको छ । आगामी दिनमा पनि बैंकले संस्थागत सुशासन अन्तर्गतका विभिन्न सूचना तथा विवरणहरु प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिनेछ ।

## ६. संस्थागत सामाजिक उत्तरदायित्व

व्यवसाय प्रर्वद्धनका साथै संस्थागत सामाजिक उत्तरदायित्वलाई उच्च प्राथमिकतामा राख्दै बैंकले आफ्नो स्थापनाकालदेखि नै देशको एक जिम्मेवार संस्थाको रुपमा आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वलाई निर्वाह गर्दै आएको छ । समाजको समग्र विकास र उत्थानमा सहयोग गर्न बैंक सदैव तत्पर रहँदै आएको छ । यसै क्रममा सिद्धार्थ बैंकले समीक्षा वर्षमा स्वास्थ्य, शिक्षा, वातावरण, पूर्वाधार, प्रकोप न्यूनीकरण, वित्तीय साक्षरता जस्ता सामाजिक क्षेत्रहरुमा कुल रु. ४ करोड ८१ लाख ५३ हजार बराबरको रकम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत प्रदान गरेको छ । बैंकले समीक्षा वर्षमा स्वास्थ्य क्षेत्रमा रु. ४ करोड ३६ लाख २४ हजार, वातावरण संरक्षणमा रु. २१ लाख ६१ हजार, शिक्षा क्षेत्रमा रु. १७ लाख ७९ हजार, पूर्वाधार तथा सुरक्षा क्षेत्र विकासमा रु. ४ लाख ६० हजार, वित्तीय साक्षरता अभिवृद्धिमा रु. ३० हजार र सांस्कृतिक प्रवर्द्धनमा रु. ९७ हजार आर्थिक सहयोग प्रदान गरेको छ ।

यसैगरी, बैंकले समीक्षा वर्षमा आफ्नो अठारौं वार्षिकोत्सवको उपलक्ष्यमा नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा हात्तीसार, महेन्द्र चोक, विर्तामोड, मुरलीचोक, हेटौंडा, जनकपुर, टाँडी, गट्टाघर, कुमारीपाटी, बौद्ध, पोखरा, बुटवल, धनगढी र महेन्द्रनगर गरी देशका विभिन्न १४ स्थानमा रक्तदान कार्यक्रमको आयोजना गरेको थियो जसमा ५७० जनाले रक्तदान गर्नु भएको थियो ।

यसरी समाजको हितका लागि आगामी दिनमा पनि सामाजिक कार्यलाई प्रभावकारी बनाउँदै बैंकको केन्द्रिय, प्रादेशिक तथा शाखा कार्यालयहरु मार्फत योजनाबद्ध रुपमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रमहरु अघि बढाउन यस बैंक प्रतिबद्ध रहेको छ । समीक्षा अवधिमा बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न संस्थाहरुलाई गरेको आर्थिक सहयोगको संक्षिप्त विवरण देहाय बमोजिम रहेका छन :

- विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) महामारी रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारद्वारा स्थापित कारोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोषमा सहयोग स्वरुप रु. २ करोड ६७ लाख २७ हजार, प्रदेश सरकारद्वारा स्थापित कोषहरुमा प्रत्येक प्रदेशलाई जनही रु. १० लाखका दरले रु. ७० लाख तथा १७ स्थानीय निकायलाई (१३ गाउँपालिका र ४ नगरपालिका) जनही रु. २ लाखका दरले रु. ३४ लाख गरी जम्मा रु. ३ करोड ७१ लाख २७ हजार आर्थिक सहयोग गरेको छ ।
- कोभिड-१९ रोकथाम तथा नियन्त्रण सहयोगार्थ बैंकको अठारौं वार्षिकोत्सवको उपलक्ष्यमा बैंकको केन्द्रिय कार्यालय एवं सम्पूर्ण शाखा कार्यालयहरुमा स्वास्थ्य सामाग्री तथा मास्क वितरणका लागि रु. ११ लाख २१ हजार ।
- पुस्तकालय निर्माण तथा विकासको लागि समुदाय विकास समिति, सुविधानगर, काठमाडौंलाई रु. ५ लाख आर्थिक सहयोग ।
- प्रदेश नं. १ मा अवस्थित नागरीक केयर सेन्टर, विराटनगर, मोरङ्गलाई सघन कक्ष (ICU) जडानका लागि रु. ५ लाख आर्थिक सहयोग ।
- हेल्प नेपाल नेटवर्क, चाबहिल, काठमाडौंको भवन पुनः निर्माणका लागि रु. ५ लाख आर्थिक सहयोग ।
- नेपाल आँखा अस्पताल, त्रिपुरेश्वर, काठमाडौंलाई रु. ५ लाख आर्थिक सहयोग ।
- बालबालिकाको शिक्षाका लागि नेपाल माउन्टेनियरिङ्ग एसोशियसन, नक्साल, काठमाडौंलाई रु. ३ लाख १६ हजार आर्थिक सहयोग ।
- त्रिभुवन आर्मी अफिसर्स गल्फ क्लब, काठमाडौंमा वृक्षारोपणको लागि रु. २ लाख ७५ हजार आर्थिक सहयोग ।
- त्रिभुवन आर्मी अफिसर्स गल्फ क्लब, काठमाडौंमा पानी टङ्की राख्नको लागि रु. २ लाख ३५ हजार आर्थिक सहयोग ।
- श्री कृष्ण प्रणामी सेवा समिति, मनोहरा, काठमाडौंको भवन पुनः निर्माणका लागि रु. २ लाख आर्थिक सहयोग ।
- Read Information and Resource Center, पुल्चोक, ललितपुरलाई गोरखा जिल्लामा सामुदायिक पुस्तकालय स्थापना गर्न रु. २ लाख आर्थिक सहयोग ।
- जिल्ला जनस्वास्थ्य कार्यालय, सिन्धुलीमा ए.सि. जडान गर्न रु. १ लाख ३२ हजार आर्थिक सहयोग ।
- विराटनगरमा अवस्थित सेरेब्रल पाल्सी चिल्ड्रेन डे केयर सेन्टरका शारीरिक रुपमा अशक्त बालबालिकाहरुको सहयोगका लागि रोट्री क्लब अफ विराटनगरलाई रु. १ लाख २० हजार आर्थिक सहयोग ।

- "जनतालाई खाना" कार्यक्रम सञ्चालन गर्न प्रेम सागर फाउन्डेशन, सामाखुसी, काठमाडौंलाई रु. १ लाख आर्थिक सहयोग ।
- महेश सन्यास आश्रम, हेटौंडामा सि.सि. क्यामरा जडान गर्न रु. १ लाख आर्थिक सहयोग ।
- जिल्ला जनस्वास्थ्य कार्यालय, हेटौंडामा अक्सिजन प्लान्ट जडान गर्न एसोशियसन अफ इन्डस्ट्रिज, मकवानपुरलाई रु. १ लाख आर्थिक सहयोग ।
- भक्तपुर जिल्लामा सि.सि. क्यामरा जडान गर्न नेपाल उद्योग वाणिज्य महासंघलाई रु. १ लाख सहयोग ।

## ७. सरकारी राजस्वमा योगदान

देशको अर्थतन्त्रलाई मजबुत बनाउन सदैव प्रतिबद्ध रहेको यस बैंकले बैंकिङ्ग सेवा एवं सामाजिक उत्तरदायित्व सम्बन्धी क्रियाकलापहरुको माध्यमबाट योगदान पुऱ्याउँदै आएको छ । यसैगरी, बैंकले सरकारी राजस्वमा उल्लेखनीय रकम योगदान गरी एक जिम्मेवार संस्थाको कर्तव्य पनि निर्वाह गर्दै आइरहेको छ । समीक्षा वर्षमा मात्रै बैंकले रु. ११५ करोड आयकरको रुपमा र रु. ९७.७६ करोड अन्य विभिन्न प्रकारका करको रुपमा गरी जम्मा रु. २१२.७६ करोड सरकारी कोषमा योगदान गरेको छ ।




## ८. जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली

बैंकका गतिविधिहरुमा हुने विभिन्न प्रकारका अन्तर्निहित सम्पूर्ण जोखिमहरुको बैंकले उच्च महत्वका साथ पहिचान, मापन र व्यवस्थापन गर्दछ । बैंकले उचित जोखिम व्यवस्थापनको लागि सुदृढ जोखिम व्यवस्थापन संरचना लागु गरी जोखिम व्यवस्थापन नीति तथा पद्धतिको कार्यान्वयन गरेको छ। बैंकमा अन्तर्निहित महत्वपूर्ण मूलभूत जोखिमहरुको सामना गर्न र जोखिम अवस्था नियन्त्रणमा राख्न विभिन्न जोखिम मापन प्रणालीहरु विकास गरिएको छ। बैंकले जोखिम व्यवस्थापन नीति, पद्धति तथा संयत्रलाई अझ सबल बनाउन जोड दिदै आएको छ ।

बैंकले व्यवसायको क्रममा आईपर्न सक्ने कर्जा जोखिम, सञ्चालन जोखिम, सूचना तथा प्रविधि जोखिम, तरलता जोखिम, बजार जोखिम, ब्याजदर जोखिम, विदेशी विनिमय जोखिम, आन्तरिक तथा बाह्य चुनौति एवं नयाँ परिस्थिति र अन्य जोखिमहरुलाई नियन्त्रण, व्यवस्थापन तथा पर्याप्त रुपमा सम्बोधन गर्न स्वतन्त्र एकीकृत जोखिम व्यवस्थापन विभाग स्थापना गरेको छ । यस विभागले प्रचलित कानून, नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएका निर्देशनहरु, बैंकको नीति तथा कार्यविधिहरु पालना भए नभएको कुराहरुको अनुगमन गरी बैंकमा संस्थागत सुशासन कायम राख्नुका साथै जोखिम व्यवस्थापन कार्यमा महत्वपूर्ण योगदान गर्दै आएको छ । यस विभागलाई पर्याप्त अधिकार र स्वतन्त्र रुपमा कार्य गर्न दिनुका साथै सञ्चालक स्तरिय जोखिम व्यवस्थापन समिति एवं सञ्चालक समितिमा सिधा पहुँच रहेको छ । यस विभागले कर्जा, संचालन तथा बजार जोखिम व्यवस्थापन विभाग एवं अनुपालना विभागका कार्यहरुको सुपरिवेक्षण र अनुपालना तथा कानुनी जोखिम, प्रतिष्ठा जोखिम र रणनीति जोखिमहरुको अवस्था मूल्याङ्कन गरेर बैंकको आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन संयन्त्रको कार्यान्वयन सुनिश्चित गर्दछ । यस विभागले जोखिम व्यवस्थापन नीति तथा प्रक्रियाहरुको कार्यान्वयनको पनि निगरानी गर्दछ ।

यसैगरी बैंकको जोखिम व्यवस्थापन समितिले सामयिक रुपमा जोखिमहरुको समीक्षा गर्दछ र सो प्रतिवेदन सञ्चालक समिति समक्ष जानकारी, छलफल एवं सल्लाह सुझाव, निर्देशनको लागि प्रस्तुत गर्दछ । बैंकको समग्र जोखिमको पहिचान, विश्लेषण, मूल्यांकन, अनुगमन र व्यवस्थापन गर्न सञ्चालक सम्मिलित अन्य समितिहरु जस्तै लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पत्ति शुद्धिकरण निवारण समितिहरु क्रियाशील रहेका छन् । सञ्चालक समिति र सञ्चालक स्तरीय समितिहरुले बैंकको जोखिम वहन क्षमता र सीमाको आधारमा रणनीति, नीति तथा प्रक्रियाको सुनिश्चितता गर्दछन् । आन्तरिक लेखापरीक्षण विभागलाई सञ्चालक समिति अन्तर्गतको लेखापरीक्षण समिति मातहत स्वतन्त्र विभागको रुपमा राखिएको छ । उक्त समितिले बैंकको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन, लेखापरीक्षण प्रक्रियाको मूल्याङ्कन, आर्थिक प्रतिवेदन र आर्थिक विवरण सम्प्रेषणको सुपरीवेक्षण गरी बैंकको आर्थिक विवरणहरु सही र पर्याप्त रहेको, बैंकका सम्पूर्ण विभागहरुले आन्तरिक प्रक्रिया, नीति नियमहरुको परिपालना गरे/नगरेको बारे सुनिश्चित गर्ने कार्य गर्दछ। लेखापरीक्षण समितिले आन्तरिक तथा बाह्य लेखा परिक्षकहरुको निरीक्षण प्रतिवेदनहरुको समीक्षा गरी आन्तरिक नियन्त्रण तथा अनुपालना सम्बन्धमा आवश्यकता अनुसार बैंक व्यवस्थापन एवं संचालक समितिलाई सुझावहरु प्रदान गर्दछ ।

यसैगरी विदेशी विनिमय, तरलता तथा ब्याज निर्धारण जस्ता बजार जोखिमका विषयहरुका बारेमा नियमित छलफल गरी सो सम्बन्धमा आवश्यक निर्णयार्थ बैंकमा सम्पत्ति तथा दायित्व

व्यवस्थापन समिति बनाईएको छ । जसले नियमित रुपमा यस सम्बन्धमा छलफल गरी आवश्यक आन्तरिक नियन्त्रण सम्बन्धी निर्णय गर्ने गरेको छ। यसैगरी आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी आवश्यक कार्य गर्न कार्यकारी समिति, व्यवस्थापकिय कर्जा असुली समिति, व्यवस्थापकिय ऋण अपलेखन उप-समिति, संचालन जोखिम व्यवस्थापन समिति जस्ता समितिहरु मार्फत बैंकको जोखिम व्यवस्थापनको सुनिश्चितता गर्दै यस बैंक आइरहेको छ।

### कार्यकारी समिति (Executive Committee)

बैंकमा प्रमुख कार्यकारी अधिकृत संयोजक रहने गरी कार्यकारी समूहमा रहेका उच्च व्यवस्थापकहरु सम्मिलित कार्यकारी समिति रहेको छ । उक्त समितिमा आवश्यकता अनुरुप केन्द्रीय कर्जा प्रशासन तथा नियन्त्रण विभाग-प्रमुख र एकीकृत कर्जा जोखिम व्यवस्थापन विभाग-प्रमुख आमन्त्रित सदस्यको रुपमा निमन्त्रण गर्ने गरिएको छ। समीक्षा अवधिमा कार्यकारी समिति (Executive Committee) को १४ वटा बैठकहरु सम्पन्न भएका थिए । उक्त बैठकहरुमा निम्न बमोजिमका विषयहरुमा छलफल भएको थियो ।

- केन्द्रिय कार्यालय अन्तर्गतका केही कार्य गर्न विभिन्न प्रादेशिक कार्यालयमा कर्मचारी पदस्थापन गर्ने बारेमा छलफल ।
- विभिन्न शाखा कार्यालयहरुका लागि धितो मूल्याङ्कनकर्ता सूचीकृत गर्ने बारेमा छलफल ।
- बैंकका विभिन्न आन्तरिक नीति, कार्यविधि तथा मार्गदर्शन बनाउने तथा परिमार्जन/अद्यावधिक गर्ने बारेमा छलफल ।
- बैंकमा कार्यान्वयनको विभिन्न चरणमा रहेका विभिन्न Project हरु जस्तैः Loan Management System, Customer Relationship Management System तथा Sakchyam Project को समीक्षा तथा छलफल ।
- शाखारहित बैंकिङ्ग प्रतिनिधि मार्फत अतिरिक्त बैंकिङ्ग सेवा प्रदान गर्ने बारेमा छलफल ।
- मास्टर कार्डको व्यापार सम्बन्धी समीक्षा तथा छलफल ।

### सम्पत्ति दायित्व व्यवस्थापन समिति

बैंकमा प्रमुख कार्यकारी अधिकृत संयोजक तथा प्रमुख संचालन अधिकृत, सहायक प्रमुख कार्यकारी अधिकृत, वरिष्ठ नायब महाप्रबन्धक, प्रमुख-भ्याली रिसोर्सेस, प्रमुख- वित्त, प्रमुख-ट्रेजरी सदस्य रहने गरी सम्पत्ति दायित्व व्यवस्थापन समिति रहेको छ । समीक्षा अवधिमा सम्पत्ति दायित्व व्यवस्थापन समितिको २९ वटा बैठकहरु सम्पन्न भएका थिए । उक्त बैठकहरुमा निम्न बमोजिमका विषयहरुमा छलफल भएको थियो ।

- ब्याजदर परिवर्तन/संशोधनका बारेमा छलफल ।
- विभिन्न कम्पनीको शेयर तथा सामुहिक लगानी कोषमा लगानी तथा खरिद/बिक्री सम्बन्धी रणनीतिका बारेमा छलफल ।
- बैंकको लगानी र सम्पत्ति तथा दायित्व व्यवस्थापन सम्बन्धी नीतिको पुनरावलोकन ।
- नेपाली रुपैंया तथा विदेशी मुद्राको श्रोत तथा उपयोगको बारेमा छलफल ।
- दबाव परीक्षणको समीक्षा ।
- सम्पत्ति तथा दायित्व व्यवस्थापन सम्बन्धी समीक्षा ।
- विदेशी बैंक तथा वित्तीय संस्थाबाट परिवर्त्य विदेशी मुद्रामा ऋण लिने बारेमा छलफल ।
- नेपाली रुपैंया तथा अमेरिकी डलर कारोबारमा अन्तर शाखा लागत सम्बन्धी समीक्षा ।
- सरकारी ऋणपत्र, अन्य मौद्रिक उपकरण, कृषि ऋणपत्र तथा उर्जा ऋणपत्रमा लगानी गर्ने बारेमा छलफल ।
- बजार तथा प्रतिस्पर्धी बैंकको बारेमा विश्लेषण ।
- सहायक कम्पनीद्वारा निष्काशन गरिएको सामुहिक लगानी कोषको बीज पूँजीमा लगानी गर्ने बारेमा छलफल ।

### व्यवस्थापक कर्जा समिति

यसैगरी गत आ. व. मा प्रमुख कार्यकारी अधिकृत संयोजक एवं नायब कार्यकारी अधिकृत, सहायक प्रमुख कार्यकारी अधिकृत, वरिष्ठ नायब महाप्रबन्धक, प्रमुख-कर्पोरेट क्रेडिट र कम्पनी सचिव सदस्य सचिव रहने गरी व्यवस्थापन कर्जा समिति (Management Credit Committee-MCC) गठन गरिएको छ । समिक्षा अवधिमा MCC का ३ वटा बैठकहरु सम्पन्न भएका थिए । जसमा विभिन्न कर्जा सेवा सुविधाको प्रस्ताव उपर आवश्यक छलफल, समीक्षा गरी स्वीकृत गरिएको थियो ।

## ९. ग्राहक पहिचान तथा सम्पत्ति शुद्धिकरण नियन्त्रण सम्बन्धी कानूनको परिपालना

ग्राहक पहिचान तथा सम्पत्ति शुद्धिकरण सम्बन्धमा प्रचलित नेपाल कानून एवं नेपाल राष्ट्र बैंकले जारी गरेका अद्यावधिक निर्देशनहरुलाई बैंकले सदैव प्राथमिकताका साथ पालना गर्दै आएको छ। सम्पत्ति शुद्धिकरण सम्बन्धी कानूनको परिपालना भए नभएको सन्दर्भमा आवधिक मूल्याङ्कन गर्न तथा अन्य अनुपालनाका विषयहरु हेर्न स्थापित अनुपालना विभागले नियमित रुपमा आफ्ना कार्यहरु गरिरहेको छ। उक्त विभागले सो सम्बन्धी व्यवस्थाहरुको अनुगमन गरी सम्पत्ति शुद्धिकरण निवारण ऐन एवं सो अन्तर्गतका नियम, निर्देशिका बमोजिम नियमित रुपमा सुक्ष्म अनुगमन गर्न छुट्टै अनुपालना विभाग खडा गरी सम्पत्ति शुद्धिकरण निवारण समितिमा नियमित रुपमा प्रतिवेदन पेश गरी छलफल गर्ने व्यवस्था गरिएको छ।

यसैगरी प्रचलित ऐन नियम तथा निर्देशनको अधिनमा रही बैंकले ग्राहक पहिचान तथा सम्पत्ति शुद्धिकरणसँग सम्बन्धित विनियमावली, मार्गनिर्देशिका तथा विभिन्न नीतिहरु तयार गरी लागु गर्ने तथा विद्यमान विनियमावली, मार्गनिर्देशिका तथा नीतिहरुलाई अद्यावधिक गर्ने गरेको छ । यसै क्रममा, समीक्षा अवधिमा बैंकले KYC and AML/CFT Policy तथा Standard Operating Procedure for KYC and AML/CFT अद्यावधिक गरी लागु गरेको छ । यसैगरी, बैंकले AML Monitoring System लागु गरेको छ जस मार्फत ग्राहकको बैंकिङ्ग कारोबारको अनुगमन गर्ने, Digital KYC व्यवस्थापन गर्ने, ग्राहक वर्गिकरण एवं ग्राहक सम्बन्धी जोखिमहरु हेर्ने, Politically Exposed Person (PEPs) को अनुगमन गर्ने, सीमा कारोबार (Threshold Transaction) र शंकास्पद कारोबार (Suspicious Transaction) को विवरण नेपाल राष्ट्र बैंकको Go AML System मार्फत उपलब्ध गराउने कार्यहरु गर्दै आएको छ । यसैगरी बैंकले SWIFT Sanction Screening System खरिद गरी Sanction Related जोखिमहरु प्रभावकारी रुपमा अनुगमन गर्ने गरेको छ । साथै, बैंकले उच्च पदस्थ व्यक्ति, Politically Exposed Person (PEPs), Adverse Media List/Saction List को व्यवसायिक रुपमा उपयोग गर्ने व्यवस्था मिलाएको छ । बैंकले छुट्टै Centralized KYC Processing Unit खडा गरि ग्राहक पहिचान तथा सम्पत्ति शुद्धिकरणसँग सम्बन्धित जोखिम न्यूनिकरण गर्ने कार्य गरेको छ । साथै, निकट भविष्यमा बैंकले ग्राहकको प्रमाणीकरण भिडियो KYC मार्फत लागु गर्ने र KYC सूचना अद्यावधिक र रुजु गर्न विद्युतीय माध्यम समेत प्रयोग गर्ने कार्ययोजना बनाएको छ । बैंकले भविष्यमा स्वचालित रुपमा ग्राहक वर्गीकरण एवं ग्राहक सम्बन्धी जोखिमहरु मूल्याङ्कन गर्ने प्रविधिको विकास गर्ने कार्ययोजना बनाएको छ । बैंकमा आउने नयाँ कर्मचारीहरु समेत ग्राहक पहिचान तथा सम्पत्ति शुद्धिकरण जस्तो संवेदनशील विषयमा जानकार हुन भन्ने उद्देश्यले बैंकमा नयाँ भर्ना हुने कर्मचारीहरुलाई ग्राहक पहिचान तथा सम्पत्ति शुद्धिकरण विषयमा नियमित रुपमा तालिम प्रदान गर्ने गरिएको छ ।

## १०. बैंकको औद्योगिक वा व्यवसायिक सम्बन्ध

बैंकले आफ्नो औद्योगिक एवं व्यवसायिक दायरालाई विस्तारित पार्दै जानको लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ-संस्था तथा औद्योगिक व्यावसायिक प्रतिष्ठानहरुसँग सुमधुर सम्बन्ध स्थापित गरी सो सम्बन्ध अभिवृद्धि गर्दै लैजाने योजना राखेको छ । साथै, विभिन्न अनुभव तथा योग्यता हासिल गरेका सम्पूर्ण तहका कर्मचारी तथा ग्राहक वर्गहरुसँगको सम्बन्धलाई अझै प्रगाढ बनाउने तर्फ बैंक प्रयत्नशील रहेको छ ।

बैंकको व्यवस्थापन तथा कर्मचारी बीच सुमधुर एवं समन्वयकारी सम्बन्ध निर्माण गरी कार्य सम्पादन हुँदै आएको छ । कर्मचारीको वृत्ति विकास एवं क्षमता अभिवृद्धिका विषयहरुमा व्यवस्थापन र कर्मचारी प्रतिनिधि बीच आपसी छलफल गरी कर्मचारीहरुको वृत्ति विकास एवं क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यहरु गर्ने गरिएको छ । यस बैंकले नेपाल स्टक एक्सचेन्ज, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, निक्षेप तथा कर्जा सुरक्षण कोष, कर्जा सूचना केन्द्र लिमिटेड, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल बैंकर्स संघ, बैंक तथा वित्तीय संस्था परिसंघ, नेशनल बैंकिङ्ग ईन्सटिच्यूट, नेपाल व्यवस्थापन संघ आदिको सदस्यता लिई आवद्ध रहेको छ ।

यसैगरी अन्तर्राष्ट्रिय क्षेत्रमा पनि विभिन्न मुलुकमा रहेका बैंकहरु जस्तै कमर्ज बैंक, जर्मनी, कुकमीन बैंक, कोरिया, मस्रेक बैंक, दुबई, स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड, चीन, स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड, लण्डन, स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड, जापान, स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड, भारत, स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड, सिङ्गापुर, एच.डि.एफ.सी. बैंक लिमिटेड, भारत, आइ.सी.आई.सी.आई बैंक लिमिटेड, भारत, एक्सीस बैंक लिमिटेड, भारत, के.इ.बी हाना बैंक, कोरिया, आइ.सी.आई.सी.आई बैंक लिमिटेड, हङकङ्ग जस्ता बैंकहरु सँग सुमधुर व्यवसायिक सम्बन्ध बनाउन यस बैंक सफल रहेको छ ।

## ११. मानव संसाधन विकासका कार्यहरु

समीक्षा वर्षमा बैंकका कर्मचारीहरुमा लगातार कोरोना संक्रमण देखिएको कारण बैंकको दैनिक कार्य सम्पादन चुनौतीपूर्ण रहयो । समीक्षा वर्षको प्रतिकुल परिस्थितीमा पनि बैंकको कार्य अविछिन्न रुपमा सञ्चालन गरी ग्राहक वर्गलाई चुस्त दुरुस्त सेवा प्रदान गर्न बैंकका कर्मचारीहरु सफल रहेका थिए ।

नेपाल सरकारले व्यक्तिगत तथा सार्वजनिक सवारी साधनको आवत जावत नियमन गरेकोले समीक्षा वर्षमा बैंकले कर्मचारीहरुलाई घरपाई तथा घर आसपासका शाखाहरुबाट सेवा प्रदान गर्न सक्ने व्यवस्था गरेको थियो । यसका साथै, समीक्षा अवधिमा बैंकले "Work from Home" कार्यविधि लागु गरी सो अन्तर्गत कर्मचारीहरुले घरमा बसी सहजरुपमा बैंकको कार्य गर्न मद्दत पुग्नुका साथै कोभिड महामारी रोकथाम तथा नियन्त्रणका लागि सहयोग पुगेको थियो ।

यसैगरी कोभिड विरुद्धको खोपलाई विशेष प्राथमिकतामा राखी बैंकले कर्मचारीहरुलाई कोभिड संक्रमणबाट बचाउन अन्य सम्पूर्ण सुरक्षात्मक उपायहरु समेत अवलम्बन गरेको थियो । यसका साथै, कोभिड संक्रमित कर्मचारीहरुलाई आवश्यकता अनुसार अस्पताल तथा होटल आइसोलशनको समेत व्यवस्था गरिएको थियो ।

बैंकले विगतका आ.व. मा जस्तै समीक्षा वर्षमा पनि कार्य सम्पादन मूल्याङ्कनका आधारमा कर्मचारीहरुको तलब वृद्धिलाई निरन्तरता दिई कर्मचारीहरुको मनोबल उच्च राख्न सफल

रहेको थियो ।

२०७८ आषाढ मसान्तमा बैंकको कुल कर्मचारी संख्या १,८६१ पुगेको छ जसमा ६२.३० प्रतिशत अर्थात १,१५८ जना पुरुष कर्मचारीहरु र ३७.७० प्रतिशत अर्थात ७०३ जना महिला कर्मचारीहरु रहेका छन् । परिक्षणकाल/तालिमी कर्मचारीहरुको रुपमा नियुक्ती दिइएका कर्मचारीहरुलाई उचित कार्यसम्पादन मुल्यांकन तथा समीक्षा गरी बैंकको स्थायी पदमा पदपुर्ती गरिएको छ । समीक्षा अवधिमा बैंकमा अस्थायी/परिक्षण अवधिमा कार्यरत २७९ जना कर्मचारीहरुलाई विभिन्न पदमा स्थायी नियुक्ति दिइएको छ र सक्षम र योग्य कर्मचारीहरुलाई समयमै स्थायी पदमा पदस्थापना गर्ने सम्बन्धमा मानव संसाधन विभागले सुनिश्चितता प्रदान गरेको छ ।

यसैगरी, बैंकले कर्मचारीहरुको कार्य प्रभावकारिता बढाउन, ज्ञान, क्षमता, सीप अभिवृद्धि एवं जोखिम व्यवस्थापनका लागि आन्तरिक तथा बाह्य रुपमा राष्ट्रिय-अन्तर्राष्ट्रिय तहमा विभिन्न तालिमहरुमा कर्मचारीहरुलाई सहभागी गराउँदै आएको छ । कोभिड महामारीका कारणले समीक्षा वर्षमा भौतिक रुपमा तालीमका कार्यक्रमहरु संचालन गर्न सम्भव नरहेको भएता पनि बैंकले व्यवहारिक, संचालन, AML/CFT, प्राविधिक, कर्जा लगायतका विषयमा अभौतिक (भर्चुअल) माध्यमद्वारा विभिन्न कार्यक्रमहरु गरी ६,१५७ जना कर्मचारीहरुलाई सहभागी गराएको छ । समीक्षा अवधिमा बैंकले JANBI तथा CANBI कोर्स अन्तर्गत कर्जासँग सम्बन्धित "OMEGA" नामक नयाँ कोर्सको शुरुवात गरेको र सो कोर्समा समीक्षा वर्षमा १८८ जना कर्मचारीहरुले सहभागिता जनाएका छन् । यसका साथै, इ-लर्निङ्ग पोर्टल मार्फत बैंकले विभिन्न तहका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन समेत गरिएको थियो ।

यसैगरी, मानव संशाधन बैंकको अमुल्य सम्पत्ति हो भन्ने विश्वासका साथ बैंकका साविकका मानव संशाधन सम्बन्धी अभ्यासहरु, मानव संशाधन प्रक्रिया, मानव संशाधन प्रविधिहरुको सूक्ष्म रुपमा अध्ययन एवं विश्लेषण गरी बैंकको मानव संशाधनका सम्पूर्ण अवयवहरु (Total HR Eco-System) लाई प्रचलित अन्तर्राष्ट्रिय असल अभ्यासहरु (International Best Practices) अनुरुप बनाउने उद्देश्य राखी बैंकले गत आ.व.मा अन्तर्राष्ट्रिय स्तरमा ख्याती प्राप्त संस्था Deloitte Touche Tohmatsu India LLP, India लाई मानव संशाधन परामर्शदाताको रुपमा नियुक्त गरेको थियो । उक्त संस्थाले बैंकको Human Resource Transformation सम्बन्धमा दिएका सल्लाह एवं सिफारिस अनुसारका Policies तथा Standard Operating Procedures बैंकको कार्यकारी समिति तथा सञ्चालक समितिमा आवश्यक समीक्षा गरि स्वीकृत गरिएको छ। उक्त Policies र Standard Operating Procedures मा मानव संसाधन सम्बन्धी Talent Acquisition, Learning and Development, Career Management, Performance Management, Grievance Handling, Reward and Recognition, HR Digitaization, Organizational Culture जस्ता विषयहरु समावेश गरिएको छ । यसरी Deloitte Touche Tohmatsu India LLP, India ले दिएका अत्याधिक सुझावहरु बैंकले कार्यान्वयन गरि सकेको र केहि सुझावहरु चालु आ.व.मा लागु गर्ने लक्ष्य लिएको छ । साथै, बैंकले चालु आ.व.को अन्त्य सम्ममा विद्यमान मानव संसाधन व्यवस्थापन सफ्टवेयरलाई परिवर्तन गरी नयाँ मानव संसाधन व्यवस्थापन सफ्टवेयरलाई संचालनमा ल्याउने योजना रहेको छ ।

## १२. सञ्चालक समिति एवं सञ्चालक सम्मिलित समितिहरु

बैंकको समग्र संचालन एवं व्यवस्थापनका लागि नीतिगत निर्णय गर्ने, प्रचलित कानून एवं बैंकको आन्तरिक नीति नियम बमोजिम विभिन्न प्रस्तावहरु स्वीकृत गर्ने, बैंकको अल्पकालीन एवं दीर्घकालीन योजना एवं रणनीति तर्जुमा गर्ने, व्यवसायसँग सम्बन्धित विभिन्न प्रकारका जोखिमहरु जस्तैः कर्जा जोखिम, बजार जोखिम, संचालन जोखिम, तरलता जोखिम लगायतका विषयहरुमा निरन्तर छलफल गरी विभिन्न निर्णय गर्ने र सो को अनुगमन गर्नेमा सञ्चालक समिति निरन्तर सक्रिय रहेको छ । यसका लागि सञ्चालक समितिले प्रचलित कानून एवं नियमनकारी निकायहरुले तोकेको मापदण्डहरुलाई समेत ख्याल गर्दै नियमित तवरले बैठकहरु बसी उपयुक्त निर्णय लिदैं आएको छ ।

यसैगरी बाह्य एवं आन्तरिक लेखापरीक्षकको प्रतिवेदनमा उल्लेख गरिएका विवरण तथा सुझावहरुमाथि सञ्चालक समितिमा छलफल भई लेखापरीक्षकले राख्नु भएका सुझावहरुलाई कार्यान्वयन गर्न व्यवस्थापनलाई आवश्यक निर्देशन दिने एवं सो को कार्यन्वयनको अवस्थाबारे समीक्षा गर्ने गरेको छ । यसैगरी, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति तथा सम्पत्ति शुद्धीकरण निवारण समितिमा विभिन्न विषयहरु उपर भएको छलफल, सुझाव र निर्देशन सहितको प्रतिवेदन नियमित रुपमा सञ्चालक समितिमा पेश गरी सो उपर नियमित छलफल एवं आवश्यक निर्णयहरु लिने गरिएको छ ।

समीक्षा अवधिमा सञ्चालक समितिको कुल ३२ वटा बैठकहरु सम्पन्न भएका थिए । उक्त बैठकहरुमा कुनै पनि सञ्चालकले भिन्न मत राख्नु भएको थिएन र सबै बैठकमा आवश्यक गणपुरक संख्या पुगी बैठक संचालन भएको थियो । बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम सञ्चालक समितिको बैठक वापत प्रति बैठक अध्यक्षलाई रु. १५,०००/- र सञ्चालकलाई रु. १२,०००/- का दरले बैठक भत्ता भुक्तानी गरिएको छ । साथै, अन्य सञ्चालक स्तरीय समितिहरुको बैठक वापत प्रत्येक सञ्चालकलाई प्रति बैठक रु. १२,०००/- भुक्तानी गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण वार्षिक प्रतिवेदनमा "कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिमका अतिरिक्त विवरणहरु" शीर्षक अन्तर्गतको बुँदा "ढ" मा उल्लेख गरिएको छ ।

## सञ्चालक समितिमा भएको हेरफेर

- समीक्षा अवधिमा सञ्चालक समितिमा भएको हेरफेर सम्बन्धमा मिति २०७७/१०/१६ गते सम्पन्न बैंकको उन्नाइसौं वार्षिक साधारण सभामा बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम सञ्चालकहरुको निर्वाचनको हकमा संस्थापक शेयरधनीहरुको तर्फबाट ३ (तीन) र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ (दुई) आवश्यक संख्या ५ (पाँच) मात्र उम्मेद्वारी कायम भएकोले बैंकको सञ्चालक निर्वाचन निर्देशिका, २०७२ को दफा १६ (१) बमोजिम संस्थापक शेयरधनीको तर्फबाट (१) श्री मनोज कुमार केडिया (प्रुडेन्सियल ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि.को प्रतिनिधि), (२) श्री नरेन्द्र कुमार अग्रवाल र (३) श्री राहुल अग्रवाल तथा सर्वसाधारण शेयरधनीको तर्फबाट (१) श्री दिनेश शंकर पालिखे (गिन्नी इन्भेष्टमेन्ट प्रा.लि. को प्रतिनिधि), (२) श्री अंकित केडिया (लिभरेज होल्डिङ्गस प्रा.लि. को प्रतिनिधि) आगामी ४ वर्षे कार्यकालको लागि बैंकको सञ्चालक पदमा निर्विरोध निर्वाचित हुनु भएको थियो ।
- मिति २०७७/१०/१६ गते बसेको सञ्चालक समितिको ३६२औं बैठकबाट श्री मनोज कुमार केडिया यस बैंकको सञ्चालक समितिको अध्यक्ष पदमा सर्वसम्मत रुपमा चयन हुनुभएको थियो ।
| ह्रासकट्टी तथा परिषोधन | ४.३८ | २०६,६४३,३९८ | २०१,८८३,८८८ | २०२,६४१,८३० | १९६,९५०,४७६ |
| **संचालन मुनाफा** | | **४,३१५,५७४,४६५** | **३,२३८,७२९,५००** | **४,१६६,७२५,५१६** | **३,१६७,६५२,०१७** |
| गैर संचालन आम्दानी | ४.३९ | १,१९८,८३७ | ६४४,५०९ | ५४०,४४९ | २०७,०६४ |
| गैर संचालन नोक्सानी | ४.४० | २४,६७९ | ३९,२१८,९७७ | २४,६७९ | ३९,२१८,९७७ |
| **आय कर अघिको मुनाफा** | | **४,३१६,७४८,६२३** | **३,२००,१५५,०३३** | **४,१६७,२४१,२८६** | **३,१२८,६४०,१०५** |
| आयकर खर्च | ४.४१ | | | | |
| चालु कर | | १,३६६,६३८,५९४ | १,०१८,८२४,४३२ | १,३२७,७१६,९८५ | ९९७,७१९,६५२ |
| स्थगन कर | | (११,०२१,८६०) | (१२,५१०,१८५) | (१५,३०४,०४२) | (१२,६९३,२६२) |
| **यस अवधिको मुनाफा** | | **२,९६१,१३१,८८९** | **२,१९३,८४०,७८६** | **२,८५४,८२८,३४३** | **२,१४३,६१३,७१५** |
| **नाफा बाँडफाँड** | | | | | |
| बैंकको शेयर धनी | | २,९०९,०४३,१५३ | २,१६९,२२९,५२१ | २,८५४,८२८,३४३ | २,१४३,६१३,७१५ |
| गैर नियन्त्रित स्वार्थ | | ५२,०८८,७३६ | २४,६११,२६५ | - | - |
| **यस अवधिको मुनाफा** | | **२,९६१,१३१,८८९** | **२,१९३,८४०,७८६** | **२,८५४,८२८,३४३** | **२,१४३,६१३,७१५** |
| **प्रति शेयर आम्दानी** | | | | | |
| आधारभुत प्रति शेयर आम्दानी | | २६.५४ | १९.७९ | २६.०४ | १९.५५ |
| डाइलुटेड प्रति शेयर आम्दानी | | २६.५४ | १९.७९ | २६.०४ | १९.५५ |

**प्रमेश श्रेष्ठ**
प्रमुख - वित्त तथा लेखा

**सुन्दर प्र. कडेल**
का.मु. प्रमुख कार्यकारी अधिकृत

**मनोज कुमार केडिया**
अध्यक्ष

**नरेन्द्र कुमार अग्रवाल**
**राहुल अग्रवाल**
**दिनेश शंकर पालिखे**
**अंकित केडिया**
**मिना कुमारी सैंजु**
(संचालकहरु)

आजको मितिको संलग्न प्रतिवेदन अनुसार
**सि.ए. शिव चन्द्र श्रेष्ठ**
वरिष्ठ साझेदार
जि. पि. राजबाहक एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

मिति - कार्त्तिक ७, २०७८ (24 October 2021)
काठमाडौं

# एकिकृत अन्य विस्तृत आम्दानीको विवरण

## १ श्रावण २०७७ देखि ३१ आषाढ २०७८ सम्म (१६ जुलाई २०२० देखि १५ जुलाई २०२१ सम्म)

रकम रु. मा

| विवरण | नोट | समूह | | बैंक | |
|---|---|---|---|---|---|
| | | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| **यस वर्षको मुनाफा** | | २,९६१,१३१,८८९ | २,१९३,८४०,७८६ | २,८५४,८२८,३४३ | २,१४३,६१३,७१५ |
| **आयकर पछिको अन्य विस्तृत आम्दानी** | | १,८०८,१०३,०५४ | २३६,९१३,३९६ | १,८०८,१०३,०५४ | २३६,९१३,३९६ |
| **क) नाफा/नोक्सानमा पुन:वर्गिकरण नगरिने बुँदाहरु** | | | | | |
| उचित मूल्यमा मापन गरिएका इक्विटी उपकरणका लगानीबाट भएका नाफा/(नोक्सान) | | २,६९८,८२५,६९७ | ३७२,१९४,०२४ | २,६९८,८२५,६९७ | ३७२,१९४,०२४ |
| पुन:मूल्याङ्कनबाट भएका नाफा/(नोक्सान) | | – | – | – | – |
| परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/(नोक्सान) | | (९७,६५३,९८६) | (३३,७४६,३१५) | (९७,६५३,९८६) | (३३,७४६,३१५) |
| माथि उल्लेख गरिएका बुँदाहरुको आयकर | | (७९३,०६८,६५७) | (१०१,५३४,३१३) | (७९३,०६८,६५७) | (१०१,५३४,३१३) |
| **नाफा/नोक्सानमा पुन:वर्गिकरण नगरिएका खुद अन्य विस्तृत आम्दानी** | | १,८०८,१०३,०५४ | २३६,९१३,३९६ | १,८०८,१०३,०५४ | २३६,९१३,३९६ |
| **ख) नाफा/नोक्सानमा पुन:वर्गिकरण गरिएका वा गर्न सकिने बुँदाहरु** | | | | | |
| नगद प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान) | | - | - | - | - |
| वैदेशिक संचालनको कारण वित्तीय सम्पत्तिको विनिमय परिवर्तन गर्दा हुने सटही नाफा/(नोक्सान) | | - | - | - | - |
| माथि उल्लेख गरिएका बुँदाहरुको आयकर | | - | - | - | - |
| नाफा/नोक्सानमा वर्गिकरण नगरिएका अन्य खुद विस्तृत आम्दानी | | - | - | - | - |
| **नाफा/नोक्सानमा पुन:वर्गिकरण गरिएका वा गर्न सकिने खुद अन्य विस्तृत आम्दानी** | | - | - | - | - |
| **ग) इक्विटी विधिबाट लेखाङ्कन गरिएको सम्बद्ध संस्थाको अन्य विस्तृत आम्दानीमा हिस्सा** | | - | - | - | - |
| **आयकर पछिको यस वर्षको अन्य विस्तृत आम्दानी** | | १,८०८,१०३,०५४ | २३६,९१३,३९६ | १,८०८,१०३,०५४ | २३६,९१३,३९६ |
| **कूल यस वर्षको विस्तृत आम्दानी** | | ४,७६९,२३४,९४३ | २,४३०,७५४,१८२ | ४,६६२,९३१,३९७ | २,३८०,५२७,१११ |
| **कूल विस्तृत आम्दानीको बाँडफाँड** | | | | | |
| बैंकको इक्विटी शेयर धनी | | ४,७१७,१४६,२०६ | २,४०६,१४२,९१७ | ४,६६२,९३१,३९७ | २,३८०,५२७,१११ |
| गैर नियन्त्रित स्वार्थ | | ५२,०८८,७३६ | २४,६११,२६५ | – | – |
| **कूल विस्तृत आम्दानी** | | ४,७६९,२३४,९४३ | २,४३०,७५४,१८२ | ४,६६२,९३१,३९७ | २,३८०,५२७,१११ |

**प्रमेश श्रेष्ठ**
प्रमुख - वित्त तथा लेखा

**सुन्दर प्र. कडेल**
का.मु. प्रमुख कार्यकारी अधिकृत

**मनोज कुमार केडिया**
अध्यक्ष

**नरेन्द्र कुमार अग्रवाल**
**राहुल अग्रवाल**
**दिनेश शंकर पालिखे**
**अंकित केडिया**
**मिना कुमारी सैंजु**
(संचालकहरु)

आजको मितिको संलग्न प्रतिवेदन अनुसार
**सि.ए. शिव चन्द्र श्रेष्ठ**
वरिष्ठ साझेदार
जि. पि. राजबाहक एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

मिति - कार्त्तिक ७, २०७८ (24 October 2021)
काठमाडौं

# एकिकृत नगद प्रवाह विवरण

## १ श्रावण २०७७ देखि ३१ आषाढ २०७८ सम्म (१६ जुलाई २०२० देखि १५ जुलाई २०२१ सम्म)

रकम रु. मा

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| **कारोवार संचालनबाट नगद प्रवाह** | | | | |
| व्याज आम्दानी | १४,३२७,००७,८३९ | १३,३२१,८२७,७२४ | १४,३२५,३२२,७८९ | १३,३१८,६५७,८४२ |
| शुल्क तथा अन्य आम्दानी | १,५०१,०८४,६९४ | १,१५०,१६४,०७० | १,३३७,१०१,२९७ | १,०७३,८३५,८२९ |
| लाभांश आम्दानी | १२८,७८२ | १,१२८,८७३ | १२८,७८२ | १,१२८,८७३ |
| अन्य संचालन कारोवारहरुबाट आम्दानी | १,७२४,५०९,७५९ | ५९५,७४९,४५० | १,७२२,९००,२८४ | ५९४,५९५,६८३ |
| व्याज खर्च | (८,९१५,१६२,०५५) | (९,३३३,८२५,०२४) | (८,९१८,१८०,२८९) | (९,३५६,७२३,६४२) |
| कमिशन तथा शुल्क खर्च | (२३५,८७६,८९१) | (१९७,४२२,६९९) | (२०४,४९३,०७०) | (१८८,६३१,८८६) |
| कर्मचारी खर्च | (१,९०४,०६२,४७९) | (१,६७८,४३६,७३४) | (१,८५८,३२८,२८१) | (१,६४२,५२४,३९४) |
| अन्य खर्च | (९४९,९३४,२१८) | (९८०,५०२,६०३) | (९३२,१६२,६६४) | (९६४,६५४,८२१) |
| **संचालन सम्पत्ति तथा दायित्वको परिवर्तन अघिको संचालन नगद प्रवाह** | **५,५४७,६९५,४३०** | **२,८७८,६८३,०५७** | **५,४७२,२८८,८४८** | **२,८३५,६८३,४८५** |
| **संचालन सम्वन्धि चालु सम्पत्तिमा कमि/(वृद्धि)** | | | | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १,७६७,३०३,१३० | (३,४०१,९७३,७५२) | १,७६७,३०३,१३० | (३,४०१,९७३,७५२) |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात | (२,२४१,६३४,१८५) | (३३,९५३,९६४) | (२,२४१,६३४,१८५) | (३३,९५३,९६४) |
| अन्य व्यापारिक सम्पत्ति | ८५,८५१,३२५ | (११०,६५६,४१८) | १४७,०२१,२४८ | (६६,२९०,११८) |
| बैंक तथा वित्तीय संस्थाहरुलाई दिएको कर्जा तथा सापट | (२,०२३,५१०,०५१) | (७३१,२०६,७२०) | (२,०२३,५१०,०५१) | (७३१,२०६,७२०) |
| ग्राहकलाई दिएको कर्जा तथा सापट | (३५,९५८,५३६,५१३) | (१९,४३६,६७९,७३६) | (३५,९५४,०१२,९७१) | (१९,४३१,२५४,४५३) |
| अन्य सम्पत्ति | ९,६७२,६२४,९७७ | (३,७८६,१०३,२६३) | ९,६६२,९८७,००७ | (३,७८६,५५८,२६८) |
| | **(२८,६९७,९०१,३१८)** | **(२७,५००,५७३,८५३)** | **(२८,६४१,८४५,८२२)** | **(२७,४५१,२३७,२७५)** |
| **संचालन सम्वन्धि चालु दायित्वमा (कमि)/वृद्धि** | | | | |
| बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी | ९५७,७७४,४४६ | (१,६४५,०९०,९३३) | ९५७,७७४,४४६ | (१,६४५,०९०,९३३) |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | ५,८३९,८५२,७१५ | (९६४,००६,८७०) | ५,८३९,८५२,७१५ | (९६४,००६,८७०) |
| ग्राहकको निक्षेप | ४१,२६६,५६८,१५५ | २४,६१६,४६०,७८५ | ४१,३१४,५११,७८१ | २४,६८६,१३०,००९ |
| ऋण तथा सापटी | – | – | – | – |
| अन्य दायित्व | (१०,०१९,१९७,३३८) | ५,३०७,४७६,९३६ | (१०,२७८,५३३,७२३) | ५,२४२,९७३,५२७ |
| **आयकर भुक्तानी अघिको कारोवार संचालनबाट खुद नगद प्रवाह** | **१४,८९४,७९२,०९२** | **२,६९२,९४९,१२२** | **१४,६६४,०४८,२४५** | **२,७०४,४५१,९४३** |
| आयकर भुक्तानी | (१,३३१,९०३,२७५) | (१,१६२,०५४,४९६) | (१,२९५,३१३,९३९) | (१,१४०,३५६,३१०) |
| **कारोवार संचालनबाट खुद नगद प्रवाह** | **१३,५६२,८८८,८१७** | **१,५३०,८९४,६२५** | **१३,३६८,७३४,३०५** | **१,५६४,०९५,६३३** |
| **लगानी कारोवारबाट नगद प्रवाह** | | | | |
| धितोपत्र लगानी खरिद | (१६,४७८,४२८,७४७) | (४,६३५,११४,२३९) | (१६,५२४,५०८,५१२) | (४,६३९,६३८,२३९) |
| धितोपत्र लगानी विक्रिवाट प्राप्ती | – | – | – | – |
| सम्पत्ति तथा उपकरणहरुको खरिद | (२१८,६३०,६०४) | (३२८,१४९,३१३) | (२११,५९८,६४३) | (३२७,९६७,८९९) |
| सम्पत्ति तथा उपकरणहरुको विक्रिवाट प्राप्ती | २,१८०,८१४ | १२,३३०,४४१ | २,१८०,८१४ | १,८७६,७७४ |
| अमूर्त सम्पत्तिको खरिद | (१०,६११,८६६) | (८१,५९७,२६२) | (१०,६११,८६६) | (८१,५९७,२६२) |
| अमूर्त सम्पत्तिको विक्रीबाट प्राप्ती | – | – | – | – |
| लगानी सम्पत्तिको खरिद | – | – | – | – |
| लगानी समपत्तिको विक्रीवाट प्राप्ती | – | – | – | – |
| व्याज आम्दानी | १,१८५,६९२,२०४ | ९०९,२००,१०५ | १,१५७,३९७,३६३ | ८७९,१०५,२५४ |
| लाभांश आम्दानी | ९८,१७६,१८९ | ७८,२१९,७९० | ९७,८८०,०४६ | ७७,४५३,३२७ |
| **लगानी कारोवारमा खुद नगद प्रवाह** | **(१५,४२१,६२२,०१०)** | **(४,०४५,११०,४७८)** | **(१५,४८९,२६०,७९८)** | **(४,०९०,७६८,०४५)** |

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| **वित्तीय कारोवारबाट नगद प्रवाह** | | | | |
| ऋणपत्र निष्काशनबाट प्राप्ती | ३,०००,०००,००० | २,५००,०००,००० | ३,०००,०००,००० | २,५००,०००,००० |
| ऋणपत्रको भुक्तानी | – | (३०३,५२०,०००) | – | (३०३,५२०,०००) |
| सुरक्षण नराखिएको सहायक आवधिक दायित्व निष्काशनवाट प्राप्ती | – | – | – | – |
| सुरक्षण नराखिएको सहायक आवधिक दायित्वको भुक्तानी | – | – | – | – |
| शेयर निष्काशनबाट प्राप्ती | – | – | – | – |
| लाभांश खर्च | (३४३,६३३,०१४) | (१,३८७,२३२,२३०) | (२९३,६३३,०१४) | (१,३४५,१२६,९६६) |
| व्याज खर्च | (५२०,८१८,६९५) | (५०१,२९१,२५०) | (५२०,८१८,६९५) | (५०१,२९१,२५०) |
| अन्य प्राप्ती/ भुक्तानी | (४८,१५३,९०३) | (२०,०१३,२९७) | (४८,१५३,९०३) | (२०,०१३,२९७) |
| **वित्तीय कारोवारबाट खुद नगद प्रवाह** | **२,०८७,३९४,३८८** | **२८७,९४३,२२३** | **२,१३७,३९४,३८८** | **३३०,०४८,४८७** |
| **नगद प्रवाहमा भएको खुद (कमी)/वृद्धि** | २२८,६६१,१९५ | (२,२२६,२७२,६३०) | १६,८६७,८९५ | (२,१९६,६२३,९२५) |
| नगद तथा नगद समानमा रहेको शुरुवाती मौज्दात | ५,९७०,१४४,०७६ | ८,१९६,४१६,७०६ | ५,९५९,१८७,६९२ | ८,१५५,८११,६१७ |
| नगद तथा नगद समानमा विनिमय दर परिवर्तनको असर | – | – | – | – |
| **नगद तथा नगद समानमा रहेको अन्तिम मौज्दात** | **६,१९८,८०५,२७१** | **५,९७०,१४४,०७६** | **५,९७६,०५५,५८८** | **५,९५९,१८७,६९२** |

**प्रमेश श्रेष्ठ**
प्रमुख - वित्त तथा लेखा

**सुन्दर प्र. कडेल**
का.मु. प्रमुख कार्यकारी अधिकृत

**मनोज कुमार केडिया**
अध्यक्ष

**नरेन्द्र कुमार अग्रवाल**
**राहुल अग्रवाल**
**दिनेश शंकर पालिखे**
**अंकित केडिया**
**मिना कुमारी सैंजु**
(संचालकहरु)

आजको मितिको संलग्न प्रतिवेदन अनुसार
**सि.ए. शिव चन्द्र श्रेष्ठ**
वरिष्ठ साझेदार
जि. पि. राजबाहक एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

मिति - कार्तिक ७, २०७८ (24 October 2021)
काठमाडौं

# एकिकृत इक्विटीमा भएको परिवर्तनको विवरण

## १ श्रावण २०७७ देखि ३१ आषाढ २०७८ सम्म (१६ जुलाई २०२० देखि १५ जुलाई २०२१ सम्म)

रकम रु. मा

समूह

| विवरण | बैंकका साधारण शेयरधनीका निमित्त | | | | | | | | | | गैर नियन्त्रित स्वार्थ | जम्मा इक्विटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शेयर पूँजी | शेयर प्रिमियम | साधारण जगेडा कोष | सटही घटबढ कोष | नियमनकारी कोष | उचित मूल्य कोष | पुनःमूल्याङ्कन कोष | संचित मुनाफा | अन्य कोष | जम्मा | | |
| १ श्रावण २०७६ को मौज्दात | ८,८८७,६०४,५३९ | १२२,०९१,५०५ | २,२११,५१०,३०७ | ३१,१२५,६५८ | ५८९,८१७,३८७ | ४३७,२७८,०५५ | - | १,८८२,०७२,३१७ | १,०२०,७५६,७९१ | १५,१८२,२५६,५६१ | १९४,२९१,०७८ | १५,३७६,५४७,६४० |
| समायोजन/पुन:स्थापना | - | - | - | - | (३५,१५१,४०७) | - | - | - | - | (३५,१५१,४०७) | - | (३५,१५१,४०७) |
| **१ श्रावण २०७६ को समायोजीत/पुन:स्थापित मौज्दात** | **८,८८७,६०४,५३९** | **१२२,०९१,५०५** | **२,२११,५१०,३०७** | **३१,१२५,६५८** | **५५४,६६५,९८०** | **४३७,२७८,०५५** | **-** | **१,८८२,०७२,३१७** | **१,०२०,७५६,७९१** | **१५,१४७,१०५,१५४** | **१९४,२९१,०७८** | **१५,३४१,३९६,२३३** |
| **यस वर्षको विस्तृत आम्दानी** | | | | | | | | | | | | |
| **यस वर्षको मुनाफा** | - | - | - | - | - | - | - | २,१६९,२२९,५२० | - | २,१६९,२२९,५२० | २४,६११,२६४ | २,१९३,८४०,७८४ |
| **कर पछिको अन्य विस्तृत आम्दानी** | | | | | | | | | | | | |
| उचित मूल्यमा मापन गरिएका इक्विटी उपकरणका लगानीबाट भएको नाफा/(नोक्सान) | - | - | - | - | - | २६०,५३५,८१७ | - | - | - | २६०,५३५,८१७ | - | २६०,५३५,८१७ |
| पुन: मूल्याङ्कनबाट भएको नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| परिभाषित लाभ योजनाको बिमाङ्किक (actuarial) नाफा/(नोक्सान) | - | - | - | - | २५,३३३,७३९ | - | - | (२५,३३३,७३९) | (२३,६२२,४२१) | (२३,६२२,४२१) | - | (२३,६२२,४२१) |
| नगद प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| वैदेशिक संचालनको कारण वित्तीय सम्पत्तिको विनिमय परिवर्तन गर्दा हुने सटही नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **यस वर्षको विस्तृत आम्दानी** | - | - | - | - | २५,३३३,७३९ | २६०,५३५,८१७ | - | २,१४३,८९५,७८१ | (२३,६२२,४२१) | २,४०६,१४२,९१६ | २४,६११,२६४ | २,४३०,७५४,१८० |
| **जगेडा कोषमा सारिएको रकम** | - | - | ४३१,२८४,३२३ | - | ६९,१७९,७६४ | - | - | (९९०,६००,१६६) | ४९०,१३६,०७८ | - | - | - |
| **जगेडा कोषबाट स्थानान्तरण भएको रकम** | - | - | - | - | (३७,२८७,८२५) | - | - | ३७,२८७,८२५ | (२०,०१३,२९७) | (२०,०१३,२९७) | - | (२०,०१३,२९७) |
| **इक्विटीमा सिधै देखाइएको शेयरधनीसँगको कारोवार** | | | | | | | | | | | | |
| शेयर निष्काशन | | | | | | | | | | | | |
| शेयरमा आधारित भुक्तानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरधनीलाई लाभांश वितरण | | | | | | | | | | - | - | - |
| बोनस शेयर निष्काशन | ९००,१६२,६०२ | (१२२,०९१,५०५) | - | - | - | - | - | (३७८,०७१,०९७) | (४००,०००,०००) | - | - | - |
| नगद लाभांश भुक्तानी | - | - | - | - | - | - | - | (१,३६६,६००,६५१) | - | (१,३६६,६००,६५१) | (२०,६३१,५७९) | (१,३८७,२३२,२३०) |
| **जम्मा योगदान** | ९००,१६२,६०२ | (१२२,०९१,५०५) | - | - | - | - | - | (१,७४४,६७१,७४८) | (४००,०००,०००) | (१,३६६,६००,६५१) | (२०,६३१,५७९) | (१,३८७,२३२,२३०) |
| **आषाढ मसान्त २०७७ को मौज्दात** | ९,७८७,७६७,१४२ | - | २,६४२,७९४,६३१ | ३१,१२५,६५८ | ६११,८९१,६५८ | ६९७,८१३,८७२ | - | १,३२७,९८४,०१० | १,०६७,२५७,१५२ | १६,१६६,६३४,१२३ | १९८,२७०,७६४ | १६,३६४,९०४,८८६ |

रकम रु. मा

| विवरण | समूह | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बैंकका साधारण शेयरधनीका निमित्त | | | | | | | | | | गैर नियन्त्रित स्वार्थ | जम्मा इक्विटी |
| | शेयर पूँजी | शेयर प्रिमियम | साधारण जगेडा कोष | सटही घटबढ कोष | नियमनकारी कोष | उचित मूल्य कोष | पुनःमूल्याङ्कन कोष | संचित मुनाफा | अन्य कोष | जम्मा | | |
| १ श्रावण २०७७ सालको मौज्दात | ९,७८७,७६७,१४२ | - | २,६४२,७९४,६३१ | ३१,१२५,६५८ | ६११,८९१,६५८ | ६९७,८१३,८७२ | - | १,३२७,९८४,०१० | १,०६७,२५७,१५२ | १६,१६६,६३४,१२३ | १९८,२७०,७६४ | १६,३६४,९०४,८८६ |
| समायोजन/पुनःस्थापना | - | - | - | - | - | ६९,३९१,१७० | - | - | - | ६९,३९१,१७० | - | ६९,३९१,१७० |
| १ श्रावण २०७७ को समायोजीत/पुनःस्थापित मौज्दात | ९,७८७,७६७,१४२ | - | २,६४२,७९४,६३१ | ३१,१२५,६५८ | ६११,८९१,६५८ | ७६७,२०५,०४२ | - | १,३२७,९८४,०१० | १,०६७,२५७,१५२ | १६,२३६,०२५,२९३ | १९८,२७०,७६४ | १६,४३४,२९६,०५७ |
| यस वर्षको विस्तृत आम्दानी | | | | | | | | | | | | |
| यस वर्षको मुनाफा | - | - | - | - | - | - | - | २,९०९,०४३,१५१ | - | २,९०९,०४३,१५१ | ५२,०८८,७३६ | २,९६१,१३१,८८७ |
| कर पछिको अन्य विस्तृत आम्दानी | | | | | | | | | | | | |
| उचित मूल्यमा मापन गरिएका इक्विटी उपकरणका लगानीबाट भएको नाफा/(नोक्सान) | - | - | - | - | - | १,८८९,१७७,९८८ | - | - | - | १,८८९,१७७,९८८ | - | १,८८९,१७७,९८८ |
| पुनः मूल्याङ्कनबाट भएको नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| परिभाषित लाभ योजनाको बिमाङ्किक (actuarial) नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | (६८,३५७,७९०) | (६८,३५७,७९०) | - | (६८,३५७,७९०) |
| नगद प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| वैदेशिक संचालनको कारण वित्तीय सम्पत्तिको विनिमय परिवर्तन गर्दा हुने सटही नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **यस वर्षको विस्तृत आम्दानी** | - | - | - | - | - | १,८८९,१७७,९८८ | - | २,९०९,०४३,१५१ | (६८,३५७,७९०) | ४,७२९,८६३,३४८ | ५२,०८८,७३६ | ४,७८१,९५२,०८५ |
| **जगेडा कोषमा सारिएको रकम** | - | - | ५७६,३८७,१४९ | - | ११०,६५४,२७१ | - | - | (१,१८५,१६८,९२१) | ४९८,१२७,५०१ | - | - | - |
| **जगेडा कोषबाट स्थानान्तरण भएको रकम** | - | - | - | - | (७८,५५३,२४८) | २९,६७३,३३६ | - | ५१,७६४,७६८ | (६३,७५५,९०३) | (६०,८७१,०४७) | - | (६०,८७१,०४७) |
| **इक्विटीमा सिधै देखाइएको शेयरधनीसँगको कारोवार** | | | | | | | | | | | | |
| शेयर निष्काशन | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरमा आधारित भुक्तानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरधनीलाई लाभांश वितरण | - | - | - | - | - | - | - | - | - | - | - | - |
| बोनस शेयर निष्काशन | १,१७४,५३२,०५७ | - | - | - | - | - | - | (८७१,०१२,०५७) | (३०३,५२०,०००) | - | - | - |
| नगद लाभांश भुक्तानी | - | - | - | - | - | - | - | (३१९,१३३,०१४) | - | (३१९,१३३,०१४) | (२४,५००,०००) | (३४३,६३३,०१४) |
| **जम्मा योगदान** | १,१७४,५३२,०५७ | - | - | - | - | - | - | (१,१९०,१४५,०७१) | (३०३,५२०,०००) | (३१९,१३३,०१४) | (२४,५००,०००) | (३४३,६३३,०१४) |
| **आषाढ मसान्त २०७८ को मौज्दात** | १०,९६२,२९९,१९९ | - | ३,२१९,१८१,७८० | ३१,१२५,६५८ | ६४३,९९२,६८२ | २,६८६,०५६,३६६ | - | १,९१३,४७७,९३७ | १,१२९,७५०,९५९ | २०,५८५,८८४,५८० | २२५,८५९,५०१ | २०,८११,७४४,०८१ |

रकम रु. मा

| विवरण | बैंक | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बैंकका साधारण शेयरधनीका निमित्त | | | | | | | | | | गैर नियन्त्रित स्वार्थ | जम्मा इक्विटी |
| | शेयर पूँजी | शेयर प्रिमियम | साधारण जगेडा कोष | सटही घटबढ कोष | नियमनकारी कोष | उचित मूल्य कोष | पुनःमूल्याङ्कन कोष | संचित मुनाफा | अन्य कोष | जम्मा | | |
| १ श्रावण २०७६ सालको मौज्दात | ८,८८७,६०४,५४० | १२२,०९१,५०५ | २,१९१,९६०,५५७ | ३१,१२५,६५८ | ५८९,८१७,३८७ | ४३७,२७८,०५५ | - | १,८०१,४००,७४२ | ९६९,७५६,७९१ | १५,०३१,०३५,२३४ | - | १५,०३१,०३५,२३४ |
| समायोजन/पुनःस्थापना | - | - | - | - | (३५,१५१,४०८) | - | - | - | - | (३५,१५१,४०८) | - | (३५,१५१,४०७.८२) |
| **१ श्रावण २०७६ को समायोजीत/पुनःस्थापित मौज्दात** | **८,८८७,६०४,५४०** | **१२२,०९१,५०५** | **२,१९१,९६०,५५७** | **३१,१२५,६५८** | **५५४,६६५,९७९** | **४३७,२७८,०५५** | **-** | **१,८०१,४००,७४२** | **९६९,७५६,७९१** | **१४,९९५,८८३,८२७** | **-** | **१४,९९५,८८३,८२७** |
| यस वर्षको विस्तृत आम्दानी | | | | | | | | | | | | |
| **यस वर्षको मुनाफा** | - | - | - | - | - | - | - | २,१४३,६१३,७१५ | - | २,१४३,६१३,७१५ | - | २,१४३,६१३,७१५ |
| **कर पछिको अन्य विस्तृत आम्दानी** | | | | | | | | | | | | |
| उचित मूल्यमा मापन गरिएका इक्विटी उपकरणका लगानीबाट भएको नाफा/(नोक्सान) | - | - | - | - | - | २६०,५३५,८१७ | - | - | - | २६०,५३५,८१७ | - | २६०,५३५,८१७ |
| पुनः मूल्याङ्कनबाट भएको नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| परिभाषित लाभ योजनाको बिमाङ्किक (actuarial) नाफा/(नोक्सान) | - | - | - | - | २५,३३३,७३९ | - | - | (२५,३३३,७३९) | (२३,६२२,४२१) | (२३,६२२,४२१) | - | (२३,६२२,४२१) |
| नगद प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| वैदेशिक संचालनको कारण वित्तीय सम्पत्तिका विनिमय परिवर्तन गर्दा हुने सटही नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **यस वर्षको विस्तृत आम्दानी** | **-** | **-** | **-** | **-** | **२५,३३३,७३९** | **२६०,५३५,८१७** | **-** | **२,११८,२७९,९७६** | **(२३,६२२,४२१)** | **२,३८०,५२७,१११** | **-** | **२,३८०,५२७,१११** |
| **जगेडा कोषमा सारिएको रकम** | **-** | **-** | **४२८,७२२,७४३** | **-** | **६९,१७९,७६४** | **-** | **-** | **(९८७,७८२,४२७)** | **४८९,८७९,९२०** | **-** | **-** | **-** |
| **जगेडा कोषबाट स्थानान्तरण भएको रकम** | **-** | **-** | **-** | **-** | **(३७,२८७,८२५)** | **-** | **-** | **३७,२८७,८२५** | **(२०,०१३,२९७)** | **(२०,०१३,२९७)** | **-** | **(२०,०१३,२९७)** |
| **इक्विटीमा सिधै देखाइएको शेयरधनीसँगको कारोवार** | | | | | | | | | | | | |
| शेयर निष्काशन | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरमा आधारित भुक्तानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरधनीलाई लाभांश वितरण | | | | | | | | | | - | - | - |
| बोनस शेयर निष्काशन | ९००,१६२,६०२ | (१२२,०९१,५०५) | - | - | - | - | - | (३७८,०७१,०९७) | (४००,०००,०००) | - | - | - |
| नगद लाभांश भुक्तानी | - | - | - | - | - | - | - | (१,३४५,१२६,९६६) | - | (१,३४५,१२६,९६६) | - | (१,३४५,१२६,९६६) |
| **जम्मा योगदान** | **९००,१६२,६०२** | **(१२२,०९१,५०५)** | **-** | **-** | **-** | **-** | **-** | **(१,७२३,१९८,०६३)** | **(४००,०००,०००)** | **(१,३४५,१२६,९६६)** | **-** | **(१,३४५,१२६,९६६)** |
| **आषाढ मसान्त २०७७ को मौज्दात** | **९,७८७,७६७,१४२** | **-** | **२,६२०,६८३,३००** | **३१,१२५,६५८** | **६११,८९१,६५८** | **६९७,८१३,८७२** | **-** | **१,२४५,९८८,०५२** | **१,०१६,०००,९९४** | **१६,०११,२७०,६७६** | **-** | **१६,०११,२७०,६७६** |

रकम रु. मा

| बैंक | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विवरण | बैंकका साधारण शेयरधनीका निमित्त | | | | | | | | | | गैर नियन्त्रित स्वार्थ | जम्मा इक्विटी |
| | शेयर पूंजी | शेयर प्रिमियम | साधारण जगेडा कोष | सटही घटबढ कोष | नियमनकारी कोष | उचित मूल्य कोष | पुनःमूल्याङ्कन कोष | संचित मुनाफा | अन्य कोष | जम्मा | | |
| १ श्रावण २०७७ सालको मौज्दात | ९,७८७,७६७,१४२ | - | २,६२०,६८३,३०० | ३१,१२५,६५८ | ६११,८९१,६५८ | ६९७,८१३,८७२ | - | १,२४५,९८८,०५२ | १,०१६,०००,९९४ | १६,०११,२७०,६७६ | - | १६,०११,२७०,६७६ |
| समायोजन/पुनःस्थापना | - | - | - | - | - | ६९,३९१,१७० | - | - | - | ६९,३९१,१७० | - | ६९,३९१,१७० |
| १ श्रावण २०७७ को समायोजीत/ पुनःस्थापित मौज्दात | ९,७८७,७६७,१४२ | - | २,६२०,६८३,३०० | ३१,१२५,६५८ | ६११,८९१,६५८ | ७६७,२०५,०४२ | - | १,२४५,९८८,०५२ | १,०१६,०००,९९४ | १६,०८०,६६१,८४६ | - | १६,०८०,६६१,८४६ |
| यस वर्षको विस्तृत आम्दानी | | | | | | | | | | - | - | - |
| यस वर्षको मुनाफा | - | - | - | - | - | - | - | २,८५४,८२८,३४३ | - | २,८५४,८२८,३४३ | - | २,८५४,८२८,३४३ |
| कर पछिको अन्य विस्तृत आम्दानी | | | | | | | | | | - | - | - |
| उचित मूल्यमा मापन गरिएका इक्विटी उपकरणका लगानीबाट भएको नाफा/(नोक्सान) | - | - | - | - | - | १,८८९,१७७,९८८ | - | - | - | १,८८९,१७७,९८८ | - | १,८८९,१७७,९८८ |
| पुनः मूल्याङ्कनबाट भएको नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| परिभाषित लाभ योजनाको बिमाङ्किक (actuarial) नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | (६८,३५७,७९०) | (६८,३५७,७९०) | - | (६८,३५७,७९०) |
| नगद प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| वैदेशिक संचालनको कारण वित्तीय सम्पत्तिको विनिमय परिवर्तन गर्दा हुने सटही नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **यस वर्षको विस्तृत आम्दानी** | - | - | - | - | - | १,८८९,१७७,९८८ | - | २,८५४,८२८,३४३ | (६८,३५७,७९०) | ४,६७५,६४८,५४१ | - | ४,६७५,६४८,५४१ |
| **जगेडा कोषमा सारिएको रकम** | - | - | ५७०,९६५,६६९ | - | ११०,६५४,२७१ | - | - | (१,१७९,२०५,२९२) | ४९७,५८५,३५२ | - | - | - |
| **जगेडा कोषबाट स्थानान्तरण भएको रकम** | - | - | - | - | (७८,५५३,२४८) | २९,६७३,३३६ | - | ५१,६६२,७६८ | (६३,६५३,९०३) | (६०,८७१,०४७) | - | (६०,८७१,०४७) |
| **इक्विटीमा सिधै देखाइएको शेयरधनीसँगको कारोवार** | | | | | | | | | | - | - | - |
| शेयर निष्काशन | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरमा आधारित भुक्तानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरधनीलाई लाभांश वितरण | | | | | | | | | | - | - | - |
| वोनस शेयर निष्काशन | १,१७४,५३२,०५७ | - | - | - | - | - | - | (८७१,०१२,०५७) | (३०३,५२०,०००) | - | - | - |
| नगद लाभांश भुक्तानी | - | - | - | - | - | - | - | (२९३,६३३,०१४) | - | (२९३,६३३,०१४) | - | (२९३,६३३,०१४) |
| **जम्मा योगदान** | १,१७४,५३२,०५७ | - | - | - | - | - | - | (१,१६४,६४५,०७१) | (३०३,५२०,०००) | (२९३,६३३,०१४) | - | (२९३,६३३,०१४) |
| **आषाढ मसान्त २०७८ को मौज्दात** | १०,९६२,२९९,१९८ | - | ३,१९१,६४८,९६९ | ३१,१२५,६५८ | ६४३,९९२,६८२ | २,६८६,०५६,३६६ | - | १,८०८,६२८,८०० | १,०७८,०५४,६५३ | २०,४०१,८०६,३२६ | - | २०,४०१,८०६,३२६ |

# बाँड्न योग्य नाफा/नोक्सानको तालिका

आषाढ मसान्त २०७८

नेपाल राष्ट्र बैंकको नियमावली बमोजिम

रकम रु. मा

| विवरण | बैंक | |
|---|---|---|
| | यस वर्ष | गत वर्ष |
| **नाफा नोक्सान विवरण अनुसार खुद नाफा/(नोक्सान)** | २,८५४,८२८,३४३ | २,१४३,६१३,७१५ |
| **बाँडफाँड:** | | |
| १. साधारण जगेडा कोष | (५७०,९६५,६६९) | (४२८,७२२,७४३) |
| २. सटही घटबढ कोष | - | - |
| ३. पूँजी फिर्ता कोष | (४६९,०३७,०६९) | (४६८,४४३,७८३) |
| ४. संस्थागत सामाजिक उत्तरदायित्व कोष | (२८,५४८,२८३) | (२१,४३६,१३७) |
| ५. कर्मचारी तालिम कोष | - | - |
| **६. अन्य** | | |
| क) लगानी समायोजन कोष | १५,५००,००० | - |
| ख) यस आ.व.मा विक्रि भएका अन्य विस्तृत आम्दानी मार्फत उचित मूल्यमा मापन गरिएका शेयर (इक्विटी) लगानीहरुको अघिल्लो आ.व.सम्म भएको नाफा/(नोक्सानी) | (४२,३९०,४८०) | - |
| **नियमनकारी समायोजन अघिको नाफा/(नोक्सान)** | १,७५९,३८६,८४२ | १,२२५,०११,०५२ |
| **नियमनकारी समायोजन:** | | |
| १. व्याज वक्यौता (-)/अघिल्लो व्याज वक्यौता प्राप्ति (+) | ४६,३३७,०६५ | (३६,९६३,५८१) |
| २. कम कर्जा नोक्सानी व्यवस्था लेखांकन (-)/फिर्ता (+) | - | - |
| ३. कम लगानीमा संभावित नोक्सानी व्यवस्था (-)/फिर्ता (+) | ३२,२१६,१८३ | (३२,२१६,१८४) |
| ४. कम गैर बैंकिङ्ग सम्पत्तिको नोक्सानी व्यवस्था (-)/फिर्ता (+) | (९७,२९३,६४२) | ३७,२८७,८२५ |
| ५. स्थगन कर सम्पत्ति लेखांकन (-)/फिर्ता (+) | - | - |
| ६. ख्याती लेखांकन (-)/ख्यातीमा हानी (+) | - | - |
| ७. मोलतोल खरिद (Bargain Purchase) मा लाभ लेखांकन (-)/फिर्ता (+) | - | - |
| ८. विमाङ्किक (Actuarial) घाटाको लेखांकन (-)/फिर्ता (+) | (१३,३६०,६२९) | (२५,३३३,७३९) |
| **बाँड्न योग्य नाफा/नोक्सान** | १,७२७,२८५,८१९ | १,१६७,७८५,३७३ |

# प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू

## १. बैंक

### १.१ सामान्य जानकारी

सिद्धार्थ बैंक लिमिटेड (जसलाई यसपछि "बैंक" भनिन्छ) प्रचलित कानुन बमोजिम नेपालमा स्थापित सीमित दायित्व भएको कम्पनी हो र यस बैंकको शेयर नेपाल स्टक एक्सचेञ्जमा सूचीकृत भई कारोबार भइरहेको छ । यस बैंकको रजिष्टर्ड कार्यालय काठमाडौं महानगरपालिका वडा नं. १ हात्तीसार, काठमाडौंमा अवस्थित छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपालमा वाणिज्य बैंकिङ्ग कारोबारहरु गर्नको लागि नेपाल राष्ट्र बैंक (नेपालको केन्द्रिय बैंक) बाट "क" वर्गको वित्तीय संस्थाको अनुमति बैंकले प्राप्त गरेको छ ।

### १.२ वित्तीय विवरण

बैंकको २०७८ आषाढ मसान्तको वित्तीय विवरण अन्तर्गत बैंकको वित्तीय अवस्थाको विवरण, नाफा नोक्सान विवरण, अन्य विस्तृत आम्दानीको विवरण, इक्विटीमा भएको परिवर्तन सम्वन्धि विवरण, नगद प्रवाह विवरण, प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु समावेश छन् ।

### १.३ प्रमुख कार्यहरु

**बैंक**

बैंकको प्रमुख कार्य आफ्ना ग्राहकहरुलाई शाखाहरु, रणनीतिक व्यवसायिक इकाईहरु, एक्सटेन्सन काउन्टरहरु, एटिएमहरु तथा एजेन्टहरुको संजाल मार्फत सम्पूर्ण वाणिज्य बैंकिङ्ग कारोवारहरु प्रदान गर्नुका साथै एजेन्सि सेवाहरु, ट्रेड फाइनान्स सेवाहरु, कार्ड सेवाहरु र इ-कमर्स सेवा तथा सुविधाहरु पनि प्रदान गर्नु रहेको छ ।

**सहायक कम्पनीको स्वामित्व**

| सहायक कम्पनी | प्रमुख कार्यहरु | २०७८ आषाढ मसान्त | २०७७ आषाढ मसान्त |
|---|---|---|---|
| सिद्धार्थ क्यापिटल लिमिटेड | मर्चेन्ट बैंकिङ्ग सुविधाहरु जस्तै सार्वजनिक निष्काशनको व्यवस्थापन, पोर्टफोलियो व्यवस्थापन, धितोपत्रहरुको प्रत्याभूति, सामुहिक लगानी कोष योजनाको व्यवस्थापन | ५१% स्वामित्व | ५१% स्वामित्व |

**सहायक कम्पनी**

सहायक कम्पनी सिद्धार्थ क्यापिटल लिमिटेडले मर्चेन्ट तथा लगानी बैंकिङ्ग सेवाहरु उपलब्ध गराउनुको साथै सार्वजनिक निष्काशनको व्यवस्थापन, पोर्टफोलियो व्यवस्थापन, धितोपत्रहरुको प्रत्याभूति, सामुहिक लगानी कोष योजनाहरुको व्यवस्थापन, केन्द्रिय डिपोजिटरी सेवा (CDS) अन्तर्गतको डिपोजिटरी सहभागी सेवाहरु तथा ग्राहकहरुको धितोपत्रहरुको अभिलेखिकरण र प्रशासनिक कार्यहरु प्रदान गर्दछ ।

## २. वित्तीय विवरण तयारीका आधारहरु

### २.१ अनुपालन सम्बन्धी उद्घोषण

The Institute of Chartered Accountants of Nepal (ICAN) द्वारा जारी Nepal Financial Reporting Standards (जसलाई यसपछि "NFRS" भनिन्छ) बमोजिम बैंकको वित्तीय विवरण तयार गरिएको छ जस अन्तर्गत वित्तीय अवस्थाको विवरण, नाफा नोक्सान विवरण, अन्य विस्तृत आम्दानीको विवरण, इक्विटीमा भएको परिवर्तन सम्वन्धि विवरण, नगद प्रवाह विवरण, लेखा सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखानीतिहरु समावेश छन् । यसको साथै वित्तीय विवरण तयार गर्दा कम्पनी ऐन, २०६३ बमोजिमका प्रावधानहरु पनि पालना गरिएको छ ।

### २.२ रिपोर्टिङ्ग अवधि तथा वित्तीय विवरणको स्वीकृति

**क) रिपोर्टिङ्ग अवधि**

बैंकले वित्तीय विवरण नेपाली आर्थिक वर्षको आधारमा तयार गर्दछ । त्यस अनुरुपको अंग्रेजी मितिहरु देहाय बमोजिम छन् :

| वित्तीय विवरण | नेपाली मिति | अंग्रेजी मिति |
|---|---|---|
| वित्तीय अवस्थाको विवरण | आषाढ ३१, २०७८ | जुलाई १५, २०२१ |
| नाफा नोक्सान विवरण | श्रावण १, २०७७ देखि आषाढ ३१, २०७८ | जुलाई १६, २०२० देखि जुलाई १५, २०२१ |
| अन्य विस्तृत आम्दानीको विवरण | श्रावण १, २०७७ देखि आषाढ ३१, २०७८ | जुलाई १६, २०२० देखि जुलाई १५, २०२१ |
| नगद प्रवाह विवरण | आषाढ ३१, २०७८ | जुलाई १५, २०२१ |
| इक्विटीमा भएको परिवर्तन | श्रावण १, २०७७ देखि आषाढ ३१, २०७८ | जुलाई १६, २०२० देखि जुलाई १५, २०२१ |

अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण समेत पुन:वर्गीकरण गरिएको छ ।

**ख) वित्तीय विवरणको जिम्मेवारी**

कम्पनी ऐन, २०६३ को प्रावधान अनुसार बैंकको वित्तीय विवरणको तयारी तथा प्रस्तुतिको जिम्मेवारी संचालक समितिको रहेको छ ।

**ग) संचालक समितिबाट वित्तीय विवरणको स्वीकृति**

संलग्न वित्तीय विवरण मिति २०७८ कार्तिक ७ गते (तद्नुसार २४ अक्टोबर २०२१) मा सम्पन्न बैंकको संचालक समितिको बैठकले साधारण सभा समक्ष अनुमोदनको लागि पेश गर्ने गरी स्वीकृत गरेको छ ।

**२.३ वित्तीय विवरण प्रस्तुतिको मुद्रा**

बैंकको वित्तीय विवरण नेपाली रुपैंया (रु) मा प्रस्तुत गरिएको छ । यस आर्थिक वर्षमा बैंकको कार्यगत तथा प्रस्तुति मुद्रामा परिवर्तन भएको छैन ।

**२.४ अनुमान, धारणा र स्वविवेकको प्रयोग**

NFRS अनुरुप वित्तीय विवरण तयार गर्दा बैंकको व्यवस्थापनले केही निश्चित निर्णय, अनुमान र धारणाहरु बनाउन आवश्यक हुन्छ जसको असर लेखा नीति तथा रिपोर्ट गरिएको सम्पत्ति, दायित्व, आम्दानी र खर्चमा पर्न जान्छ । यी अनुमानका आधारमा आंकलन गरिएको रकम वास्तविक परिणामभन्दा भिन्न हुनसक्दछ ।

अनुमान तथा धारणाहरुलाई निरन्तर रुपमा समिक्षा गर्ने गरिन्छ । लेखाङ्कन अनुमानमा भएको संशोधनलाई सोही अवधिमा र यदि भविष्यमा असर पर्छ भने सो अवधिमा समेत लेखाङ्कन गरिन्छ ।

अनुमान, अनिश्चितता र स्वविवेकको प्रयोग हुने महत्वपूर्ण क्षेत्रहरु जसको कारण वित्तीय विवरणमा गम्भिर असर पर्दछ, त्यस्ता क्षेत्रहरु निम्न बमोजिम छन् :

**२.४.१ निरन्तरता (Going Concern)**

बैंकको संचालक समितिले संस्थाको निरन्तर संचालन हुन सक्ने क्षमताको मूल्याङ्कन गर्दा संस्था निरन्तर रुपमा संचालन हुन सक्ने पाएको छ । साथै संचालक समितिले बैंकको निरन्तर रुपमा संचालन हुन सक्ने क्षमतामा ह्रास पुऱ्याउने खालको कुनै घटना वा अवस्था पाएको छैन । तसर्थ बैंकको वित्तीय विवरण निरन्तरतामा आधारित रहेर तयार पारिएको छ ।

**२.४.२ वित्तीय उपकरणको उचित मूल्य (Fair Value)**

वित्तीय अवस्थाको विवरणमा लेखाङ्कन गरिने वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वको उचित मूल्य यदि सक्रिय बजारबाट प्राप्त हुन्छ भने उक्त मूल्य त्यस्तो बजार मार्फत प्राप्त गरिन्छ । यदि उक्त मूल्य उपलब्ध नभएको खण्डमा अनुमान तथा स्वविवेकको प्रयोग गरी उचित मूल्यको आंकलन गरिन्छ । वित्तीय उपकरणहरुको मूल्याङ्कन सम्बन्धि विस्तृत रुपमा बुंदा ३.४ मा उल्लेख गरिएको छ ।

**२.४.३ वित्तीय सम्पत्तिको हानि नोक्सानी - कर्जा तथा सापट**

नाफा नोक्सान विवरणमा हानि नोक्सानी लेखाङ्कनको आंकलन गर्नको लागि बैंकले प्रत्येक वित्तीय अवस्थाका विवरणको मितिमा व्यक्तिगत रुपमा महत्वपूर्ण ऋण तथा सापटको समीक्षा गर्ने गर्दछ । विशेषतः हानि नोक्सानी निर्धारण गर्दा भविष्यमा प्रवाह हुने नगदको रकम र समयको अनुमान गर्न व्यस्थापनको स्वविवेक आवश्यक पर्दछ । यी अनुमानहरु थुप्रै कारक तत्वहरुमा आधारित हुन्छन् र वास्तविक परिणाम भन्दा फरक हुन सक्दछ जसको कारण भविष्यमा हुने हानि नोक्सानीमा परिवर्तन हुन सक्दछ । व्यक्तिगत रुपमा आंकलन गरिएका तर हानि नभएका महत्वपूर्ण ऋण तथा सापटहरु र व्यक्तिगत रुपमा महत्वपूर्ण नमानिएका कर्जा तथा सापटहरुलाई समान प्रकृतिका जोखिम भएका सम्पत्तिको समूहका आधारमा सामूहिक रुपमा आंकलन गरिन्छ । कुनै वस्तुगत प्रमाण भएको तर असर प्रष्ट नभएका नोक्सानी घटनाहरुको कारण जोखिम व्यवस्था निर्धारण गर्न सामूहिक रुपमा आंकलन गरिन्छ । सामुहिक रुपमा आंकलन गर्दा भाखा नाघेको अवधि, कर्जा गुणस्तर, पोर्टफोलियोको आकार तथा वर्तमान आर्थिक परिस्थिति जस्ता कर्जा सम्बन्धि तथ्यांकहरुलाई ध्यानमा राखिन्छ ।

**२.४.४ अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको वित्तीय सम्पत्तिको हानि नोक्सानी**

बैंकले अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएका ऋणपत्रहरुको हानि सम्बन्धी आंकलन गर्न प्रत्येक रिपोर्टिङ्ग मितिमा समीक्षा गर्ने गर्दछ । अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएका ऋणपत्रहरुमा हानि भएको भनी वस्तुगत प्रमाणहरु अन्तर्गत निष्काशनकर्ताको आर्थिक कठिनाई, सम्झौताको शर्तहरु पुरा नभएको जस्तै सांवा र व्याज भुक्तानीमा ढिलाई वा नतिरेको, आदि पर्दछ । यदि खरिद मूल्यभन्दा उचित मूल्य धेरै वा दिर्घकालिन समयसम्म कम भएमा बैंकले अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएका इक्विटी उपकरणहरुमा पनि नोक्सानी व्यवस्था गर्दछ । "मूल्यमा धेरै गिरावट" वा "दिर्घकालिन समय" निर्धारण गर्न स्वविवेकको आवश्यकता पर्दछ ।

### २.४.५ आयकर

बैंक आयकरको दायरामा पर्दछ र चालु, स्थगन र अन्य करहरुको कूल व्यवस्था निर्धारण गर्नको निम्ति बैंकलाई लागु हुने करका नियमहरुको व्याख्याको कारण सृजित अनिश्चितताले वित्तीय विवरण तयार गर्दाको समयमा स्वविवेकको आवश्यकता पर्दछ । भविष्यमा करयोग्य आय सृजित हुने सम्भावना मानी उक्त करयोग्य आयमा समायोजन गर्न सकिनेसम्म कर नोक्सानीको आधारमा स्थगन कर सम्पत्ति लेखाङ्कन गरिएको छ । स्थगन कर सम्पत्तिको लेखाङ्कन गर्न स्वविवेकको आवश्यकता पर्दछ जुन भविष्यमा हुने करयोग्य नाफा, सम्भावित समय र भविष्यको कर योजनामा आधारित हुन्छ ।

### २.४.६ परिभाषित लाभ योजना

परिभाषित लाभ योजना दायित्वको परल मूल्य तथा दायित्वको वर्तमान मूल्यहरु विमाङ्किक मूल्याङ्कनद्वारा निर्धारित गरिन्छ । विमाङ्किक मूल्याङ्कनको अनुमान गर्दा डिस्काउन्ट दर, भविष्यमा तलवमा हुने वृद्धि, मृत्युदर र भविष्यमा हुने सम्भावित पेन्सन वृद्धिलाई आधार मानेर गरिन्छ । यो योजना दीर्घकालिन प्रकृतिको भएकोले यस्ता अनुमानहरुमा अनिश्चितता रहन्छ । सबै अनुमानहरुको रिपोर्टिङ्ग मितिमा समिक्षा गर्ने गरिन्छ ।

समान अवधि भएको सरकारी ऋणपत्रको औसत व्याजदरलाई आधार मानेर व्यवस्थापनले उपयुक्त डिस्काउन्ट दरको निर्धारण गर्दछ । मृत्युदर सार्वजनिक रुपमा उपलब्ध हुने मृत्युदरको तालिकाको आधारमा निश्चित गरिन्छ । भविष्यमा हुने तलव वृद्धि र पेन्सन वृद्धि दरहरु भविष्यमा वृद्धि हुने अपेक्षित तलव दरको आधारमा निर्धारण गरिन्छ ।

### २.४.७ सम्पत्ति, प्लान्ट तथा उपकरणको उचित मूल्य

बैंकको जग्गा तथा भवन परल मूल्यमा देखाइएको छ । सम्पत्ति, प्लान्ट तथा उपकरणलाई उचित मूल्यमा नदेखाइएको कारण रिर्पोटिङ मितिमा पुनःमूल्याङ्कन गरिएको छैन ।

### २.४.८ सम्पत्ति, प्लान्ट तथा उपकरण (PPE) को उपयोगी समयावधि

बैंकले सम्पत्ति, प्लान्ट तथा उपकरणहरुलाई परल मूल्यको आधारमा लेखाङ्कन गर्दछ । बैंकले सम्पत्ति, प्लान्ट तथा उपकरणहरुको शेष मूल्य (residual value), उपयोगी समयावधि र ह्रासकट्टीको तरिका प्रत्येक रिपोर्टिङ्ग मितिमा समिक्षा गर्दछ । यस्ता मूल्य, दर र ह्रासकट्टीको तरिका व्यवस्थापनको अनुमानमा आधारित हुन्छन् जसकारण यसमा अनिश्चितता रहन्छ ।

### २.४.९ प्रतिवद्धता तथा सम्भावित दायित्व

बैंकले सबै किसिमका जोखिमहरु ध्यानमा राखी ज्ञात भएका दायित्वहरुको रकम निर्धारण गर्दछ । बैंकले आफ्नो विगतको घटना क्रमको फलस्वरुप वर्तमानमा कुनै दायित्व सिर्जना हुने भएमा, आर्थिक लाभ हुने स्रोत बाहिरिने सम्भावना रहेको तथा दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार भएको अवस्थामा बैंकले सम्भावित दायित्व व्यवस्था सिर्जना गर्ने गरेको छ । तसर्थ सम्भावित दायित्वहरुलाई वित्तीय अवस्थाको विवरणमा लेखाङ्कन गरिदैन । तर यी सम्भावित दायित्वहरु न्युन नभएसम्म लेखा सम्बन्धि टिप्पणीमा प्रस्तुत गरिन्छ ।

### २.४.१० लगानी सम्पत्तिको वर्गिकरण

कुनै सम्पत्ति लगानी सम्पत्तिको रुपमा वर्गिकरण गर्न योग्य भए वा नभएको निर्धारण गर्नको लागि व्यवस्थापनको स्वविवेक आवश्यक पर्दछ । बैंकले यी स्वविवेकको एकनास रुपले प्रयोग गर्न मापदण्डहरुको विकास गरेको छ । कुनै सम्पत्ति जुन भाडा वापत कमाउन वा पूँजीको मूल्यवृद्धिको लागि राखिएको छ वा दुबै उद्देश्यको लागि धारण गरिएको छ र त्यो सम्पत्तिले बैंकको अन्य सम्पत्तिहरु भन्दा स्वतन्त्र रुपमा नगद प्रवाह उत्पन्न गर्न सक्दछ भने त्यो सम्पत्तिलाई लगानी सम्पत्तिको रुपमा वर्गिकरण गरिन्छ । त्यसैगरी कुनै सम्पत्ति जुन संचालनका लागि वा सेवा प्रदान गर्नका लागि वा प्रशासनिक उद्देश्यका लागि प्रयोग गरिन्छ र त्यो सम्पत्तिले एकल रुपमा प्रत्यक्ष नगद प्रवाहहरु उत्पन्न गर्न सक्दैन भने त्यस्ता सम्पत्तिलाई सम्पत्ति, प्लान्ट तथा उपकरणको रुपमा वर्गिकरण गरिन्छ । बैंकले वार्षिक रुपमा आफ्ना सम्पत्तिहरुको वर्तमान उपयोगलाई ध्यानमा राखि सम्पत्तिको वर्गीकरण गर्दछ ।

### २.५ लेखाङ्कन नीतिमा परिवर्तन

अन्यथा उल्लेख नभएसम्म अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण तयार गर्दा प्रयोग भएका लेखाङ्कन नीतीहरुमा कुनै बदलाव गरिएको छैन ।

### २.६ जारी भई लागू नभएका मापदण्डहरु

IASB द्वारा जारी मापदण्डहरुमा संशोधन गरिएको छ र नयाँमापदण्डहरु IFRS को निम्ति सूचित गरिएका छन् । तर संशोधित तथा नयाँ मापदण्डहरु नेपाल लेखामान बोर्ड (ASB Nepal) ले सम्बोधन गरे पश्चात् मात्र लागु हुनेछन् । मापदण्डहरु जारी गरिएको तर वित्तीय विवरणहरु जारी गर्ने मितिसम्म अझ प्रभावकारी नभएको मापदण्डहरु देहाय बमोजिम छन् । बैंकले यी मापदण्डहरु ASB Nepal ले सम्वोधन गरे पश्चात् पालना गर्नेछ ।

**क) IFRS 9 – वित्तीय उपकरण**

IFRS 9 ले समयमै expected credit loss को आधारमा हानिको आंकलन गर्न सुझाव गर्दछ र वित्तीय उपकरणहरुको सुरुवात देखि नै expected credit loss को लेखाङ्कन गर्नु पर्दछ । यसले लेखाङ्कन विधि र जोखिम व्यवस्थापन गतिविधिलाई समेटी अनुमानित नोक्सानी लेखाङ्कन गर्ने threshold कम गर्दछ ।

IFRS 9, १ जनवरी २०१८ बाट प्रभावकारी भएको छ र यस मापदण्डले बैंकको वित्तीय सम्पत्तिको अनुमानित नोक्सानी मापनमा असर पार्दछ ।

**ख) IFRS 15 – ग्राहकहरुसँग गरिएको करारबाट हुने आम्दानी**

IFRS 15 ले IAS 18 – Revenue र IAS 11 – Construction Contracts लाई प्रतिस्थापन गरेको छ । वित्तीय उपकरणहरु, लिज र बीमा करारहरु यसको दायरा भन्दा वाहिर छन् र यसले बैंकमा ठूलो असर नपार्ने अपेक्षा गरिएको छ ।

**ग) IFRS 16 –पट्टा (लिज)**

IASB ले IFRS 16 - पट्टा (लिज) जारी गरी IAS 17 - पट्टा (लिज) हटाएको छ । IFRS 16 बमोजिम lessee ले सम्पत्ति प्रयोग गर्ने अधिकारको पहिचान र पट्टा सम्झौता अनुसार सृजित भविष्यका भुक्तानीहरुको दायित्वको पहिचान गर्नुपर्दछ । Lessor को लागि आवश्यक लेखाङ्कन IAS 17 को वर्तमान विधि बमोजिम नै कायम छ ।

**२.७ नअपनाएका नयाँ मापदण्ड र व्याख्याहरु**

बैंकको वित्तीय विवरण नेपाल लेखामान बोर्डले जारी गरिसकेको Nepal Financial Reporting Standards (NFRS) को आधारमा तयार गरिएको छ ।

**२.८ Discounting**

दायित्वको चुक्ता र सम्पत्तिको प्राप्ति एक वर्ष भन्दा बढी समय पछि मात्र हुने भएमा र ती दायित्व तथा सम्पत्तिहरुको असर material भएमा बैंकले त्यस्ता सम्पत्ति र दायित्वलाई discounting गर्ने गर्दछ । Discount दर निर्धारण गर्नको लागि बैंकले विभिन्न आन्तरिक तथा बाह्य तत्वहरुको विश्लेषण गर्दछ ।

शेयर/ऋणपत्र जारी रकमको १ प्रतिशतसम्म immaterial मानी शेयर/ऋणपत्र जारी खर्च लेखाङ्कन गर्ने बैंकको नीती रहेको छ । त्यसैले शेयर/ऋणपत्रको उचित मूल्य गणना गर्दा शेयर/ऋणपत्र जारी खर्चलाई समावेश गरिएको छैन ।

समान अवधि भएको सरकारी ऋणपत्रको औसत आम्दानीलाई डिस्काउन्ट दर मानी कर्मचारी लाभ निर्धारण गरिन्छ ।

## ३. प्रमुख लेखा नीतिहरु

वित्तीय विवरण तयार गर्दा आधार मानिएका सर्वमान्य लेखा नीतिहरु तल उल्लेख गरिएका छन् । अन्यथा उल्लेख गरिएकोमा बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएका छन् ।

**३.१ मापनका आधार**

तल उल्लेख गरिएका material items मा बाहेक बैंकको वित्तीय विवरण ऐतिहासिक परल मूल्यको आधारमा तयार गरिएको छ ।

- उचित मूल्यमा मापन गरिएको अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको वित्तीय सम्पत्ति ।
- परिभाषित लाभ दायित्वको वर्तमान मूल्यबाट योजना सम्पत्ति (Plan Asset) को उचित मूल्य घटाएर परिभाषित लाभ दायित्वलाई मापन गरिएको ।
- परिषोधित लागत (amortized cost) मा मापन गरेको वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वलाई करिबी प्रभावकारी व्याज दरको आधारमा मापन गरिएको छ ।

**३.२ वित्तीय विवरण एकीकृत गर्ने आधार**

**क) व्यवसाय combination र ख्याति (Goodwill)**

व्यवसाय combination र ख्यातिलाई नियन्त्रण प्राप्त हुँदाको समयमा NFRS 3 बमोजिम "Acquisition Method" अनुसार लेखाङ्कन गरिएको छ । उक्त Acquisition Method को लागि :

- नियन्त्रण प्राप्त गर्नेको पहिचान हुनु पर्छ ।
- नियन्त्रण प्राप्तिको मिति तय भएको हुनु पर्छ ।
- सम्पत्ति, दायित्व तथा Non-Controlling Interest को मापन हुनु पर्छ ।
- नियन्त्रण प्राप्त गर्दा को ख्याति वा Bargain Purchase बाट हुने लाभको मापन हुनु पर्छ ।

उक्त व्यवसाय combination र ख्यातिका Acquisition Method अनुसारको लेखाङ्कनमा Goodwill को रकम Negative आएमा सो रकमलाई NFRS 3 बमोजिम व्यापार प्राप्ति गर्दाको लाभको रुपमा नाफा नोक्सान खातामा आम्दानी जनाउने गरिन्छ । NFRS 3 को उक्त प्रावधानहरु बैंकले पहिलो पटक NFRS बमोजिमको वित्तीय विवरण बनाएको मिति पश्चात्का

व्यवसाय प्राप्ति गर्दा मात्र लागु हुने हुँदा बैंकले प्रस्तुत वित्तीय विवरणहरु बनाउनु भन्दा पहिले गरिएका कुनै पनि व्यवसाय प्राप्तिका कारोबारहरुमा भएका कुनै पनि ख्याति वा प्राप्ति गर्दाको लाभलाई मापन तथा लेखाङ्कन गरेको छैन ।

### ख) गैर नियन्त्रित स्वार्थ (Non controlling interest)

एकिकृत वित्तीय अवस्थाको विवरणमा गैर नियन्त्रित स्वार्थलाई इक्विटी भित्र तर बैंकको शेयरधनीहरुको इक्विटीबाट छुट्टै प्रस्तुत गरिन्छ । नाफा नोक्सान र अन्य विस्तृत आम्दानीका प्रत्येक रकमहरुलाई बैंकको शेयरधनीहरु र गैर नियन्त्रित स्वार्थमा विभाजन गरिन्छ । सिद्धार्थ बैंक र गैर नियन्त्रित स्वार्थको अनुपात वर्तमान स्वामित्वको आधारमा निर्धारण गरिन्छ ।

गैर नियन्त्रित स्वार्थमा नकारात्मक मौज्दात भए तापनि एकिकृत वित्तीय विवरण तयार गर्दा कूल विस्तृत आम्दानीलाई बैंकको शेयरधनीहरु र गैर नियन्त्रित स्वार्थमा विभाजन गरिन्छ ।

### ग) सहायक कम्पनीमा भएको लगानी

बैंकले नियन्त्रण गर्ने संस्थाहरु सहायक कम्पनी अन्तर्गत पर्दछ । बैंकसँग सहायक कम्पनीको नियन्त्रण लगायत मुनाफाको अधिकार निहित हुन्छ । यदि बैंकले कुनै संस्थाको मुनाफालाई प्रभाव पार्न सक्ने निर्णयहरुमा नियन्त्रण राख्दछ भने त्यस संस्थालाई बैंकले सहायक कम्पनी मान्दछ । बैंकले हरेक आर्थिक वर्षको अन्त्यमा आफ्नो सहायक कम्पनीमा आफ्नो नियन्त्रण अधिकारका वस्तुगत तथ्यहरुलाई समिक्षा गर्ने गर्दछ ।

सहायक कम्पनीहरुको वित्तीय विवरणलाई एकिकृत त्यस मितिबाट गरिन्छ जब सो संस्थाको नियन्त्रण बैंकको हकमा स्थानान्तरण गरिन्छ । त्यस पश्चात् नियन्त्रण रहुन्जेलसम्मको आर्थिक वर्षहरुको वित्तीय विवरणमा सहायक कम्पनीहरुको एकिकरण गरिन्छ । बैंकका सहायक कम्पनीहरुको वित्तीय विवरणहरु बैंकको नीतिहरुलाई समान रुपमा प्रयोग गरि बैंकको रिपोर्टिङ्ग अवधिका अनुसार नै तयार गरिन्छ । शुरुवाती मापन पछि बैंकले गरेको सहायक कम्पनीमा लगानीलाई परल मूल्यमा लेखाङ्कन गर्दछ ।

बैंकको सहायक कम्पनी (सिद्धार्थ क्यापिटल लिमिटेड) नेपालमा स्थापना भएको छ ।

### घ) सहायक कम्पनीमा भएको नियन्त्रण गुमाउनु

सहायक कम्पनीमा भएको नियन्त्रण गुमाए पछि बैंकले सहायक कम्पनीसँग सम्बन्धित सम्पत्ति तथा दायित्वहरुलाई एकिकृत वित्तीय विवरणमा समावेश गर्दैन । तथापि बैंकले त्यस्ता सहायक कम्पनीमा गरेको लगानी यथावत राखेमा त्यसलाई नियन्त्रण गुमाएको मितिमा उचित मूल्यमा मापन गरिन्छ । उचित मूल्यमा मापन गर्दा उपयुक्त NFRS बमोजिम वित्तीय सम्पत्तिको शुरुवाती लेखाङ्कन गर्दाको उचित मूल्यलाई लिइन्छ । नियन्त्रित स्वार्थ गुमाएको खण्डमा भएको नाफा वा घाटालाई नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ ।

### ङ) विशेष उद्देश्य संस्था (SPE)

केही विशेष उद्देश्यको निम्ति स्थापित भएको संस्था जुन ट्रष्ट, साझेदारी वा दर्ता नभएको संस्थाको रुपमा स्थापना गरिएको हुन्छ, त्यस्ता संस्थाहरुलाई विशेष उद्देश्य संस्था भनिन्छ । यसको उदाहरणमा पट्टा, वित्तीय सम्पत्तिको सुरक्षण, अनुसन्धान तथा विकास कृयाकलापहरुको लागि स्थापित संस्थाहरु पर्दछन् । विशेष उद्देश्य संस्थाको लेखाङ्कन निम्ति NFRS 10 - एकिकृत वित्तीय विवरण लागु हुन्छ । SPE लाई कानुनी रुपमा गठन गर्दा यस्ता प्रकारका कानुनी प्रावधानहरु सिर्जना गरिएका हुन्छन् जसको कारणले गर्दा त्यस्ता SPE हरुको व्यवस्थापन समूहको संचालन सम्बन्धि निर्णय गर्ने अधिकार कडा वा स्थायी रुपमा सीमित गरिएको हुन्छ ।

आ. व. २०७७/७८ सम्ममा बैंक सँग त्यस्ता कुनै पनि विशेष उद्देश्य संस्था रहेको छैन ।

### च) एकिकरण गर्ने बेला कारोवारहरुको रद्दीकरण

एकिकृत वित्तीय विवरण तयार गर्दा अन्तर समूह सम्पत्ति तथा दायित्व, आम्दानी तथा खर्च, इक्विटी र inventory तथा स्थिर सम्पत्तिहरुलाई अन्तर समूहमा बेचविखन गर्दा भएको नाफा तथा नोक्सानलाई रद्द गरिएको छ ।

### ३.३ नगद तथा नगद समान

नगद तथा नगद समान अन्तर्गत नगद मौज्दात, बैंकमा रहेको मौज्दात र माग तथा अल्प सुचनामा प्राप्त हुने रकम पर्दछ । यस्ता नगद तथा नगद समानहरुको उचित मूल्यमा हुने परिवर्तनको जोखिम एकदमै कम हुन्छन् र बैंकले यी सम्पत्तिहरुको प्रयोग अल्पकालिन प्रतिवद्धता पुरा गर्न गर्दछ ।

नगद तथा नगद समानको विवरण वित्तीय विवरणको नोट ४.१ मा उल्लख गरिएको छ ।

### ३.४ वित्तीय सम्पत्ति तथा वित्तीय दायित्व

**प्रारम्भिक पहिचान**

**क) पहिचानको मिति**

कुनै करार वा सम्झौता अन्तर्गत सृजित वित्तीय सम्पत्ति वा दायित्वको पहिचान सो करार वा सम्झौता भएकै मितिमा गरिन्छ। नियमित रुपमा खरिद बिक्री भई रहने वित्तीय सम्पत्तिको पहिचान उक्त खरिद बिक्री भएको मितिमा गरिएको छ ।

**ख) वित्तीय उपकरणको पहिचान तथा शुरुवाती मापन**

वित्तीय उपकरणहरुको शुरुवाति पहिचानमा वर्गीकरण गर्दा त्यसको उद्देश्य, प्रकृति र acquire गर्दाको व्यवस्थापनको सोचमा भर पर्दछ। सबै वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वहरु सृजना हुँदाकै समयमा उक्त सम्पत्ति तथा दायित्वको बजार मूल्यलाई सो उपकरण जारी गर्दा वा प्राप्त गर्दा लागेको खर्चले समायोजन गरी आएको मूल्यमा मापन गरिएको छ । नाफा नोक्सान हिसाब मार्फत उचित मूल्यमा मापन गरिएका वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वको सम्बन्धमा हुने कारोवार खर्चलाई नाफा नोक्सान विवरणमा देखाइन्छ ।

**वित्तीय उपकरणहरुको वर्गिकरण तथा पछिको (Subsequent) मापन**

### ३.४.१ वित्तीय सम्पत्तिको वर्गिकरण तथा पछिको (Subsequent) मापन

वित्तीय सम्पत्तिलाई शुरुमा निम्न बमोजिम कुनै एक वर्गमा वर्गिकृत गरिन्छ :

१) नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्ति

- व्यापारिक प्रयोजनको लागि धारण गरेको वित्तीय सम्पत्ति
- नाफा नोक्सान विवरण मार्फत उचित मूल्य (FVTPL) मा निर्दिष्ट वित्तीय सम्पत्ति

२) परिषोधित लागतमा मापन गरिएका वित्तीय सम्पत्ति

३) अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्ति

वित्तीय सम्पत्तिको Subsequent मापन वर्गिकरणमा आधारित हुन्छ ।

**१) नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्ति**

यदि वित्तीय सम्पत्ति व्यापारिक प्रयोजनको लागि धारण गरेको वा FVTPL मा निर्दिष्ट गरिएको भए त्यस्ता सम्पत्ति नाफा नोक्सान विवरणमार्फत उचित मूल्यको आधारमा वर्गिकरण गरिएको हुन्छ ।

**क) व्यापारिक प्रयोजनको लागि धारण गरेको वित्तीय सम्पत्ति**

यदि वित्तीय सम्पत्तिलाई निकट भविष्यमा विक्रि अथवा पुन:खरिदको निम्ति प्राप्त गरिएको खण्डमा त्यस्ता सम्पत्तिलाई व्यापारिक प्रयोजनको लागि धारण गरेको भनेर वर्गिकरण गरिन्छ। यसलाई पोर्टफोलियोको भागको रुपमा राखि अल्पकालिन नाफाको लागि एकसाथ व्यवस्थापन गरिन्छ। हेजिङ्ग उपकरणको लागि निर्दिष्ट नगरिएका डेरिभेटिभ वित्तीय उपकरणहरु पनि यो वर्गमा सामेल गरिएको छ ।

व्यापारिक प्रयोजनको लागि धारण गरेको वित्तीय सम्पत्तिलाई वित्तीय विवरणमा उचित मूल्यको आधारमा लेखाङ्कन गरिन्छ। उचित मूल्यको परिवर्तनलाई खुद व्यापारिक आम्दानीमा लेखाङ्कन गरिन्छ । भुक्तानी पाउने अधिकार स्थापित भएपश्चात लाभांश आम्दानीलाई खुद व्यापारिक आम्दानीमा देखाइन्छ ।

डेरिभेटिभ उपकरण बाहेकका व्यापारिक प्रयोजनको लागि धारण गरेको सम्पत्ति पोर्टफोलियोको बैंकले निकट भविष्यमा विक्रि गर्ने मनसाय अझै सहि छ वा छैन भनी समीक्षा गर्दछ। बजार सक्रिय नरहेका कारण यदि बैंकले वित्तीय सम्पत्तिको व्यापार गर्न नसके तथा बैंकले भविष्यमा बेच्ने अपेक्षा परिवर्तन गरेमा बैंकले वित्तीय सम्पत्तिलाई पुन:वर्गिकरण गर्न सक्दछ। सरकारी धितोपत्र र इक्विटी उपकरणहरु जसको प्रमुख उद्देश्य निकट समयभित्र बेच्नु अथवा पुन:खरिद गर्नु रहेको छ, ती सम्पत्तिहरु यस वर्गमा पर्दछन् ।

**ख) FVTPL मा निर्दिष्ट वित्तीय सम्पत्ति**

बैंकले वित्तीय सम्पत्तिलाई FVTPL मा निम्न अवस्थामा निर्दिष्ट गर्दछ :

- निर्दिष्ट गर्दा मापन वा पहिचानमा पूर्ण वा उल्लेखनिय रुपमा अस्थिरता घटाउँछ जुन अन्य तरिकाबाट सम्पत्ति मापन गर्दा उत्पन्न हुन्छ ।
- त्यस्ता सम्पत्तिहरु जुन वित्तीय सम्पत्ति, वित्तीय दायित्व अथवा दुबैको अंग हुन् र सोको व्यवस्थापन तथा मूल्याङ्कन उचित

मूल्यको आधारमा जोखिम व्यवस्थापन वा लगानी रणनीति अनुरुप गरिन्छ ।

- त्यस्ता सम्पत्ति जसमा एक वा एक भन्दा बढी embedded derivatives समावेश गरिएको हुन्छ र त्यसले महत्वपूर्ण तरिकाले सम्झौतामा हुन सक्ने नगद प्रवाहलाई परिवर्तन गर्दछ ।

वित्तीय सम्पत्ति जसलाई FVTPL मा निर्दिष्ट गरिन्छ त्यसलाई वित्तीय अवस्थाको विवरणमा उचित मूल्यमा लेखाङ्कन गरिन्छ । उचित मूल्यमा कुनै पनि प्रकारको परिवर्तन भएमा सोलाई नाफा नोक्सान विवरण मा FVTPL मा निर्दिष्ट वित्तीय उपकरणहरुको खुद नाफा वा नोक्सान अन्तर्गत लेखाङ्कन गरिन्छ । पाकेको व्याजलाई प्रभावकारी व्याज दर अनुसार व्याज आम्दानीमा लेखाङ्कन गरिन्छ । त्यसै गरी लाभांश पाउनु पर्ने अधिकार स्थापित भएपछि अन्य संचालन आम्दानीमा लेखाङ्कन गरिन्छ ।

बैंकले कुनै पनि वित्तीय सम्पत्तिहरुलाई शुरुवाती लेखाङ्कन गर्दा FVTPL मा निर्दिष्ट गरेको छैन ।

### २) परिषोधित लागतमा मापन गरिएका वित्तीय सम्पत्ति

परिषोधित मूल्यमा मापन गरिएका वित्तीय सम्पत्ति गैर डेरिभेटिभ वित्तीय सम्पत्ति हो जसको निश्चित वा निर्धारित भुक्तानी रकम र निश्चित भुक्तानी समय हुन्छ र बैंकले परिपक्वतासम्म धारण गर्ने क्षमता र मनसाय राखेको हुन्छ । शुरुवाती मापन पश्चात् परिषोधित लागतमा लेखाङ्कन गरिएका वित्तीय सम्पत्तिलाई प्रभावकारी व्याजदरको प्रयोगबाट परिषोधित मूल्यमा हानि नोक्सानी घटाई मापन गरिन्छ । परिषोधनलाई व्याज आम्दानी शिर्षकमा नाफा नोक्सान विवरणमा देखाइन्छ र लगानीमा हुन सक्ने कुनै प्रकारको हानि नोक्सानीलाई पनि नाफा नोक्सान विवरणमा देखाइन्छ ।

### कर्जा तथा सापट

कर्जा तथा सापट अन्तर्गत निम्न उल्लेखित बाहेकका सक्रिय बजारमा सूचिकृत नभएका गैर डेरिभेटिभ वित्तीय सम्पत्ति समेत पर्दछन् जसको भुक्तानी निश्चित वा निर्धारित हुन्छन् :

- बैंकले निकट समयावधिमा वा तुरुन्त बेच्ने मनसाय राखेको र बैंकले शुरुवाती पहिचान गर्दा FVTPL मा निर्दिष्ट गरेको
- बैंकले सुरुवाती पहिचान गर्दा अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरेको
- कर्जा बिग्रेको अवस्थामा बाहेक बैंकले contractual नगदी प्रवाह मार्फत सुरुवाति लगानी उल्लेखनीय मात्रामा उठाउन नसक्ने

कर्जा तथा सापटमा ग्राहकलाई दिएको कर्जा र बैंक तथा वित्तीय संस्थाहरुलाई दिएको कर्जा पर्दछन् । शुरुवाति मापन पछि कर्जा तथा सापटलाई तत्पश्चात् प्रभावकारी व्याज दर (EIR) को करिबी दर प्रयोग गरि परिषोधित मूल्यमा हानि घटाएर मापन गरिन्छ । परिषोधनलाई नाफा नोक्सान विवरणमा व्याज आम्दानीमा देखाइन्छ । हानि नोक्सानीबाट भएको घाटालाई नाफा नोक्सान विवरणमा कर्जाको जोखिम व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानी शिर्षक अन्तर्गत लेखाङ्कन गरिन्छ ।

### ३) अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको वित्तीय सम्पत्ति

अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको वित्तीय सम्पत्तिहरुमा इक्विटी र debt उपकरणहरु पर्दछन् । जुन इक्विटी लगानी "व्यापारिक प्रयोजनको निम्ति धारण" र "FVTPL मा निर्दिष्ट" अन्तर्गत समावेश भएका हुँदैनन्, त्यस्ता इक्विटी लगानीहरुलाई अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिन्छ । परिपक्वता मितिसम्म धारण गर्ने वा भविष्यमा बेचेर लाभ कमाउने उद्देश्यले खरिद गरिएका Debt उपकरणहरुलाई अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिन्छ ।

प्रारम्भिक मापनपछि अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको वित्तीय सम्पत्तिहरुलाई उचित मूल्यमा मापन गरिन्छ । प्राप्त नभएको नाफा र नोक्सानलाई प्रत्यक्ष रूपमा अन्य विस्तृत आय/खर्च मार्फत 'उचित मूल्य कोष' शिर्षकमा इक्विटीमा लेखाङ्कन गरिन्छ । यदि बैंकले सोही सेक्युरिटिमा एक भन्दा बढी लगानी धारण गर्छ भने सो को विक्रि गर्दा त्यसलाई First in First out आधारमा विक्रि गरिएको मानिन्छ । अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको वित्तीय सम्पत्तिहरुबाट आर्जित व्याजलाई EIR प्रयोग गरी व्याज आय भनेर लेखाङ्कन गरिन्छ । भुक्तानी लिने अधिकार सिर्जना भएपश्चात लाभांश आम्दानीलाई नाफा नोक्सान विवरणमा अन्य संचालन आम्दानी अन्तर्गत देखाइन्छ । त्यस्ता लगानीको हानिबाट सिर्जना भएको घाटालाई उचित मूल्य कोषबाट हटाई नाफा नोक्सान विवरणमा कर्जाको जोखिम व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानी भनेर देखाइन्छ ।

अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको वित्तीय सम्पत्तिहरुमा यदि विदेशी मुद्रामा देखाइएको मौद्रिक सेक्युरिटीज भए ती सम्पत्तिहरुको परिषोधित मूल्यमा भएको परिवर्तन वा किताबी मूल्यमा हुने अन्य परिवर्तनले गर्दा विनिमय भिन्नता आएको खण्डमा अन्य विस्तृत आम्दानीमा देखाइन्छ ।

सामान्यतया वित्तीय उपकरणको शुरुवाति उचित मूल्य भनेको कारोबार मूल्य (consideration दिँदा वा लिँदाको उचित मूल्य) हुन्छ। केहि विशेष परिस्थितिमा भने समान उपकरणको वर्तमान बजारको कारोवार मूल्यको आधारमा उचित मूल्यको मापन गरिन्छ वा अन्य मूल्याङ्कन प्रविधि जस्तै व्याजदर yield, Option को अस्थिरता र विनिमय दर अनुसार मापन गरिन्छ। कारोवार मूल्य र उचित मूल्यको भिन्नतालाई बैंकले व्यापारिक आम्दानी वा नोक्सान भनेर वित्तीय उपकरणको सुरुवातमा लेखाङ्कन गर्दछ।

Unobservable बजारको तथ्याङ्कले वित्तीय उपकरणको मूल्याङ्कनमा महत्वपूर्ण प्रभाव पार्छ भने मूल्याङ्कन मोडलले देखाएको उचित मूल्य र कारोवार मूल्य बीचको सम्पूर्ण सुरुवाती भिन्नतालाई नाफा नोक्सान विवरणमा तुरुन्त लेखाङ्कन गरिदैन। यस भिन्नतालाई कारोबारको समयावधि वा उपयुक्त आधारहरु जस्तै observable inputs भएपछि, कारोवार समाप्त वा बन्द भएपछि वा बैंक अफसेटिङ्ग कारोवारमा प्रवेश गरेपछि लेखाङ्कन गरिन्छ।

### ३.४.२ वित्तीय दायित्वको वर्गिकरण तथा पछिको मापन

शुरुवातमा नै बैंकले वित्तीय दायित्वको वर्गिकरण गर्दछ। सोही रुपमा वित्तीय दायित्वहरुलाई निम्न बमोजिम विभाजन गरिएको छ :

१) नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा लेखाङ्कन गरिएका वित्तीय दायित्व
- क) व्यापारिक प्रयोजनको लागि धारण गरिएको वित्तीय दायित्व
- ख) FVTPL मा निर्दिष्ट वित्तीय दायित्व

२) परिषोधित मूल्यमा लेखाङ्कन गरिएको वित्तीय दायित्व

**१) नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा लेखाङ्कन गरिएका वित्तीय दायित्व**

नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा मूल्याङ्कन गरिएका वित्तीय दायित्व अन्तर्गत व्यापारिक प्रयोजनको लागि धारण गरिएका वित्तीय दायित्व र FVTPL मा निर्दिष्ट वित्तीय दायित्व पर्दछन्। शुरुवाति पहिचान पश्चात् नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा लेखाङ्कन गरिएका वित्तीय दायित्वमा कुनै प्रकारको परिवर्तन भएमा नाफा नोक्सान विवरणमा देखाइन्छ।

**क) व्यापारिक प्रयोजनको लागि धारण गरिएको वित्तीय दायित्व**

यदि वित्तीय दायित्वलाई निकट भविष्यमा विक्रि अथवा पुनःखरिदको निम्ति प्राप्त गरिएको छ भने त्यसलाई व्यापारिक प्रयोजनको लागि धारण गरेको भनेर वर्गिकरण गरिन्छ। यसलाई पोर्टफोलियोको भागको रुपमा राखि अल्पकालिन नाफाको लागि एकसाथ व्यवस्थापन गरिन्छ। यो वर्गमा डेरिभेटिभ वित्तीय उपकरणहरु पनि सामेल गरिएको छ जुन हेजिङ्ग उपकरणको लागि निर्दिष्ट गरिएको छैन।

**ख) FVTPL मा निर्दिष्ट वित्तीय दायित्व**

बैंकले वित्तीय दायित्वलाई FVTPL मा निम्न परिस्थितिहरुमा प्रस्तुत गर्दछ :

- निर्दिष्ट गर्नाले मापन वा पहिचानमा पूर्ण वा उल्लेखनिय रुपमा अस्थिरता घटाउँछ जुन अन्य तरिकाबाट दायित्व मापन गर्दा उत्पन्न हुन्छ।
- त्यस्ता दायित्वहरु जुन वित्तीय सम्पत्ति, वित्तीय दायित्व अथवा दुबैको अंग हुन् र सोको व्यवस्थापन तथा मूल्याङ्कन उचित मूल्यको आधारमा जोखिम व्यवस्थापन वा लगानी रणनिति अनुरुप गरिन्छ।
- त्यस्ता दायित्वहरु जसमा एक वा एक भन्दा बढी embedded derivatives समावेश गरिएको हुन्छ र त्यसले महत्वपूर्ण तरिकाले सम्झौतामा हुन सक्ने नगद प्रवाहलाई परिवर्तन गर्दछ।

**२) परिषोधित लागतमा लेखाङ्कन गरिएको वित्तीय दायित्व**

नाफा नोक्सान विवरणमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व बाहेक अन्य सबै वित्तीय दायित्वलाई परिषोधित लागतमा वर्गीकृत गरिएको छ। शुरुवाती मापन पश्चात् परिषोधित लागतमा लेखाङ्कन गरिएका वित्तीय दायित्वलाई प्रभावकारी व्याजदरको प्रयोगबाट मापन गरिन्छ। निश्चित भुक्तानी अवधि भएका निक्षेप तथा debt उपकरणहरुलाई परिषोधित लागतमा करिबी प्रभावकारी व्याजदरको प्रयोगबाट मापन गरिएको छ। शेयर/ऋणपत्र जारी रकमको १ प्रतिशतसम्म immaterial मानी शेयर/ऋणपत्र जारी खर्च लेखाङ्कन गर्ने बैंकको नीती रहेको छ। त्यसैले शेयर/ऋणपत्रको उचित मूल्य गणना गदा शेयर/ऋणपत्र जारी खर्चलाई समावेश गरिएको छैन। परिषोधनलाई व्याज खर्च शिर्षकमा नाफा नोक्सान विवरणमा देखाइन्छ र दायित्व निसर्ग हुँदाको समयको नाफा वा घाटालाई पनि नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ।

### ३.४.३ वित्तीय उपकरणहरुको पुन:वर्गीकरण

**क) नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा लेखाङ्कन गरिएका वित्तीय उपकरणको पुन:वर्गीकरण**

बैंकले नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा लेखाङ्कन गरिएका डेरिभेटिभ वित्तीय उपकरणहरुलाई पुन:वर्गीकरण गर्दैन। FVTPL मा निर्दिष्ट गरिएका गैर डेरिभेटिभ वित्तीय उपकरणहरु प्रारम्भिक लेखाङ्कन पछि पुन:वर्गीकरण गरिदैन।

बैकले नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा लेखाङ्कन गरिएका वित्तीय उपकरणको पुन:वर्गीकरण सो उपकरण प्राप्त गर्दाको समयमा व्यवस्थापनले छनौट गरेको व्यावसायिक model मा परिवर्तन भएको अवस्थामा मात्र गर्न सक्दछ। शुरुवाती मापन नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा लेखाङ्कन गरिएको सम्पत्तिको रुपमा भएको र जुन कर्जा तथा सापटको परिभाषामा समेत पर्दछ भने बैंकले यदि त्यस सम्पत्तिलाई परिपक्वता मितिसम्म धारण गर्ने मनशाय र क्षमता राख्दछ भने त्यस सम्पत्तिलाई FVTPL बाट पुन:वर्गीकरण गर्न सकिन्छ।

पुन:वर्गीकरणको मितिमा वित्तीय उपकरणको उचित मूल्यलाई पुन:वर्गीकरण पश्चात् नयाँ परल मूल्य वा परिषोधित मूल्य मानिन्छ। यसरी पुन:वर्गीकरण गर्दा पुन:वर्गीकरण मिति सम्म लेखाङ्कन भई सकेको कुनै पनि नाफा वा नोक्सानलाई नाफा वा नोक्सानको विवरणमा फिर्ता गरिदैन।

यदि वित्तीय सम्पत्ति पुन:वर्गीकरण गरे पछि भविष्यमा नगद प्राप्तिको अनुमानमा वृद्धि भएमा सोको प्रभावलाई अनुमानमा परिवर्तन भएको मितिमा सम्पत्तिको किताबी मूल्यमा समायोजन नगरी प्रभावकारी व्याजदरमा समायोजन गरिन्छ।

**ख) अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको वित्तीय उपकरणको पुन:वर्गीकरण**

सोच वा क्षमतामा परिवर्तन भएमा र विश्वसनीय उचित मूल्य उपलब्ध नभएको दुलर्भ परिस्थितिहरुमा वित्तीय सम्पत्तिहरुलाई अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्य वर्गवाट निकाली पुन:वर्गीकरण गरिन्छ। प्रारम्भिक लेखाङ्कन गर्दा अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएका वित्तीय सम्पत्ति कर्जा तथा सापटका परिभाषामा परेको खण्डमा र यदि बैंकको सोच तथा क्षमता परिपक्वतासम्म वा धेरै लामो समय सम्म धारण गर्ने रहेको छ भने ती सम्पत्तिलाई बैंकले अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्य वर्गिकरणवाट कर्जा तथा सापट शिर्षकमा सार्न सक्दछ।

पुन:वर्गीकरणको मितिमा वित्तीय उपकरणको उचित मूल्यलाई, पुन:वर्गीकरण पश्चात् नयाँ परल मूल्य वा परिषोधित मूल्य मानिन्छ। नयाँ परिषोधित मूल्य र परिपक्वताको मूल्य बीचको फरक प्रभावी व्याजदरको प्रयोग गरेर सम्पत्तिको बाँकी अवधिमा अपलेखन गरिन्छ। अन्य विस्तृत आम्दानीको विवरणमा लेखाङ्कन भैसकेका पुन:वर्गीकृत वित्तीय सम्पत्तिसँग सम्बन्धित कुनै पनि लाभ वा हानिको निम्नानुसार लेखाङ्कन गरिन्छ :

**१) निश्चित परिपक्वता भएका वित्तीय सम्पत्ति**

पुन:वर्गीकरणको दिनसम्म पहिचान भएका नाफा वा नोक्सानलाई लगानीको बाँकी समयावधिमा प्रभावकारी व्याजदरका आधारमा नाफा नोक्सान विवरणमा अपलेखन गरिन्छ। यदि सो वित्तीय सम्पत्तिमा पछि हानि भएमा, अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरेका त्यस्ता कुनै अघिल्लो नाफा वा नोक्सानलाई इक्विटीबाट हटाएर नाफा नोक्सान विवरणमा पुन:वर्गीकरण गरिन्छ।

**२) निश्चित परिपक्वता नभएका वित्तीय सम्पत्ति**

पुनरवर्गीकरणको दिनसम्म पहिचान भएका नाफा वा नोक्सानलाई सो वित्तीय सम्पत्ति विक्रि वा निसर्ग भएमा मात्रै नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ। यदि सो वित्तीय सम्पत्तिमा पछि हानि भएमा, अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरेका त्यस्ता कुनै अघिल्लो नाफा वा नोक्सानलाई इक्विटीबाट हटाएर नाफा नोक्सान विवरणमा पुन:वर्गीकरण गरिन्छ।

यदि वित्तीय सम्पत्ति पुन:वर्गीकरण गरे पछि भविष्यमा नगद प्राप्तिको अनुमानमा वृद्धि भएमा सो को प्रभावलाई अनुमानमा परिवर्तन भएको मितिमा सम्पत्तिको किताबी मूल्यमा समायोजन नगरी प्रभावकारी व्याजदरमा समायोजन गरिन्छ।

**ग) परिषोधित मूल्यमा लेखाङ्कन गरिएको वित्तीय उपकरणको पुन:वर्गीकरण**

यदि सोच र क्षमतामा परिवर्तनको कारण कुनै उपकरणलाई परिषोधित मूल्यमा लेखाङ्कन गरिएको वित्तीय उपकरण अन्तर्गत वर्गीकरण गर्न उपयुक्त छैन भने बैंकले ती उपकरणलाई अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा पुन:वर्गीकरण गर्न सक्दछ। वित्तीय उपकरणको पुन:वर्गीकरण गर्नु अघिको किताबी मूल्य र उचित मूल्य बीचको फरकलाई अन्य विस्तृत आम्दानीमार्फत इक्विटीमा लेखाङ्कन गरिन्छ।

### ३.४.४ वित्तीय सम्पत्ति तथा दायित्वको निसर्ग

#### क) वित्तीय सम्पत्तिको निसर्ग

निम्न उल्लेखित कुनै पनि अवस्थामा बैंकको वित्तीय सम्पत्ति पुर्ण वा आंशिक रूपमा निसर्ग भएको स्थिति हुन आउँछ :

- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार समाप्त हुँदा
- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार हस्तान्तरण गरिएमा
- बैंकले 'pass-through' व्यवस्था अनुरुप प्राप्त भएको नगद प्रवाह तेश्रो पक्षलाई भुक्तानी गर्ने दायित्व धारण गरेमा तथा बैंकले सो सम्पत्तिको सम्पुर्ण जोखिम तथा प्रतिफल हस्तान्तरण गरेमा वा जोखिम र प्रतिफलको हस्तान्तरण नगरी वा आफै साथ नराखि सम्पत्तिको नियन्त्रण हस्तान्तरण गरेमा

यसरी निसर्ग भएको वित्तीय सम्पत्ति निसर्ग हुँदा रहेको किताबी मूल्य र सो निसर्गबाट प्राप्त मूल्य तथा सो सँग सम्बन्धित अन्य विस्तृत आम्दानीको विवरणमा रहेको संचित नाफा वा घाटाको योगमा फरक भएमा सो फरक रकमलाई नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ ।

उल्लेखनीय जोखिम र प्रतिफलको हस्तान्तरण नगरी वा आफू साथ नराखी वा सो सम्पत्तिको नियन्त्रण हस्तान्तरण नगरी बैंकले नगद प्रवाह प्राप्तिको अधिकार हस्तान्तरण गरेमा वा 'pass-through' को व्यवस्था गरेमा, बैंकको संलग्नताको हद सम्म सम्पत्ति लेखाङ्कन गरिन्छ । त्यस अवस्थामा बैंकले सम्बन्धित दायित्व पनि लेखाङ्कन गर्दछ । हस्तान्तरित सम्पत्ति र दायित्वलाई बैंकसँग रहेको अधिकार तथा दायित्व दर्शाउने आधारमा मापन गरिन्छ ।

बैंकको यथावत संलग्नताले हस्तान्तरित सम्पत्तिको ग्यारेन्टिको रुप लिएमा, यथावत संलग्नताको हद, मूल किताबी मूल्य तथा बैंकले पुन:भुक्तानी गर्नु पर्न सक्ने अधिकतम प्राप्त प्रतिफल मध्ये जुन कम छ सो रकममा मापन गरिन्छ ।

#### ख) वित्तीय दायित्वको निसर्ग

कुनै वित्तीय दायित्वसँग जोडिएको दायित्वहरु समाप्त भएको अवस्थामा सो दायित्व निसर्ग भएको मानिन्छ । हालको वित्तीय दायित्वलाई सोही lender को अर्को वित्तीय दायित्वमार्फत प्रतिस्थापन भएमा र सो हुँदा उल्लेखीय फरक प्रावधानहरु वा हालको दायित्वको प्रावधानहरु उल्लेखनीय रुपमा परिमार्जन भएमा, त्यस्ता परिमार्जन र परिवर्तनलाई निसर्ग भएको मानेर नयाँ दायित्व लेखाङ्कन गरिन्छ । यसरी निसर्ग हुँदा उक्त वित्तीय दायित्वको किताबी मूल्य र निसर्ग हुँदा तिरेको मूल्यमा हुने फरकलाई नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ ।

#### ग) पुन:खरिद तथा रिभर्स पुन:खरिद सम्झौताहरु

निश्चित भविष्यमा पुन:खरिद गर्ने सम्झौता गरि बेचेका securities हरुलाई बैंकले वित्तीय अवस्थाको विवरणबाट हटाउँदैन किनकि बैंकले प्राय: सबै जोखिम र स्वामित्व आफ्नो अधिनमा राखेको हुन्छ । पुन:खरिद सम्झौता अन्तर्गत बेचेका securities बाट प्राप्त नगदको हकमा र आर्जित (accrued) व्याजको हकमा समेत बैंकले वित्तीय अवस्थाको विवरणमा फिर्ता गर्नु पर्ने दायित्व लेखाङ्कन गर्दछ । बिक्री र पुन:खरिद मूल्य बीचको अन्तरलाई व्याज खर्चको रुपमा मानिन्छ र प्रभावकारी व्याजदरको उपयोग गरेर सम्झौताको अवधिमा accrue गरिन्छ । बैंकसँग securities हरुलाई बेच्ने वा पुन:प्लेज गर्ने अधिकार छ भने उचित लागे अनुसार बैंकले आफ्नो वित्तीय अवस्थाको विवरणमा securities हरुलाई व्यापारिक प्रयोजनको लागि धारण गरिएको वित्तीय सम्पत्ति (pledged as collateral) वा अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको वित्तीय सम्पत्ति (pledged as collateral) को रुपमा पुन:वर्गीकरण गर्न सक्दछ ।

त्यसैगरी भविष्यमा पुन:बिक्रि गर्ने सम्झौता गरि खरिद गरेका securities हरुलाई बैंकले वित्तीय अवस्थाको विवरणमा लेखाङ्कन गर्दैन । पुन:बिक्रि सम्झौता अन्तर्गत खरिद गरेका securities बाट प्राप्त नगद र आर्जित (accrued) व्याजको रकमलाई समेत बैंकले वित्तीय अवस्थाको विवरणमा 'Reverse repurchase agreements' अन्तर्गत लेखाङ्कन गर्दछ । खरिद र पुन:बिक्रि मूल्य बीचको अन्तरलाई व्याज आम्दानीको रुपमा मानिन्छ र प्रभावकारी व्याजदरको प्रयोग गरेर सम्झौताको अवधिमा accrue गरिन्छ । यदि securities पुन:बिक्रि सम्झौतामा खरिद गरी तेस्रो पक्षहरुलाई बेचेको छ भने securities फिर्ता गर्ने दायित्वलाई व्यापारिक प्रयोजनको लागि धारण गरिएको वित्तीय दायित्व अन्तर्गत short sale को रुपमा लेखाङ्कन गरिन्छ र उचित मूल्यमा मूल्याङ्कन गर्दा हुने कुनै नाफा वा नोक्सानलाई खुद व्यापारिक आम्दानी अन्तर्गत लेखाङ्कन गरिन्छ ।

#### वित्तीय उपकरणहरुको अफसेटिङ्ग

यदि बैंकसँग कुनै वित्तीय सम्पत्ति र दायित्वलाई अफसेट गर्ने कानुनी अधिकार छ र बैंकले ती सम्पत्ति र दायित्वलाई खुदमा राफसाफ गर्ने मनशाय राखेको छ भने वित्तीय अवस्थाको विवरणमा ती सम्पत्ति र दायित्वलाई अफसेट गरी खुद रकम देखाइन्छ । आम्दानी तथा खर्चलाई NFRS बमोजिम वा एकै प्रकृतिका कारोवारबाट उत्पन्न भएको खण्डमा मात्र अफसेट गरी खुद रकममा प्रस्तुत गरिन्छ ।

**परिषोधित मूल्यको मापन**

वित्तीय सम्पत्ति र वित्तीय दायित्वको परिषोधित मूल्य भन्नाले त्यस्ता वित्तीय सम्पत्ति र वित्तीय दायित्वको सुरुवातमा लेखाङ्कन भएको रकमबाट साँवा भुक्तानी रकम तथा हानि नोक्सानी घटाई, सुरुवातमा लेखाङ्कन भएको रकम र परिपक्वतामा प्राप्त हुने रकम बीचको भिन्नतालाई प्रभावकारी व्याजदरमा समायोजन गर्दा आएको cumulative परिषोधन रकमलाई समेत समायोजन गरी आएको रकमलाई जनाउदछ ।

**उचित मूल्यको मापन**

उचित मूल्य भनेको त्यो मूल्य हो जुन मापन मितिमा बजार सहभागीहरूबीच व्यवस्थित कारोबार भएको अवस्थामा सम्पत्ति बेच्दा पाईने वा दायित्व हस्तान्तरण गर्दा तिर्नु पर्ने रकम हो । दायित्वको उचित मूल्यले यसको कार्यान्वयन नहुने जोखिम प्रतिबिम्बित गर्दछ ।

निम्न तह अनुसार उचित मूल्य निर्धारण गरिन्छ :

**श्रेणी १** : उचित मूल्य मापन ती हुन् जुन समान सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारमा असमायोजित सूचीकृत मूल्यहरूबाट व्युत्पन्न हुन्छन् ।

**श्रेणी २** : जसको मूल्याङ्कन निम्ति सक्रिय बजारमा उस्तै उपकरणहरूको लागि सूचिकृत मूल्यहरू छन् वा निष्कृय बजारमा समान वा यस्तै उपकरणहरूका लागि सूचिकृत मूल्यहरू र वित्तीय उपकरणहरूको मूल्याङ्कनको निम्ति मोडलहरू प्रयोग हुन्छ जहाँ सबै महत्वपूर्ण तथ्यांकहरू भेटिन्छन् ।

**श्रेणी ३ :** पोर्टफोलियोहरु ती हुन् जहाँ कम्तिमा एक तथ्यांक जसले उपकरणको मापनमा महत्वपूर्ण प्रभाव पार्न सक्छ र बजार को तथ्यांकमा आधारित हुदैनन् ।

उपलब्धता अनुसार बैंकले वित्तीय उपकरणको उचित मूल्य उपकरणको सक्रिय बजारमा सूचीकृत मूल्यहरू प्रयोग गर्दै मापन गर्दछ । यदि सूचीकृत मूल्यहरू सजिलैसँग र नियमित रूपमा उपलब्ध भएमा बजारलाई सक्रिय मानिन्छ र arm's length को आधारमा वास्तविक र नियमित रूपमा हुने बजार कारोबार प्रतिनिधित्व गर्दछ । यदि एक वित्तीय उपकरणको लागि बजार सक्रिय छैन भने बैंकले मूल्याङ्कन विधि प्रयोग गरी उचित मूल्य स्थापना गर्दछ । मूल्य निर्धारण विधिमा जानकार, इच्छुक पार्टीहरू (यदि उपलब्ध भएमा) बीचको arm's length कारोबार समावेश हुन्छ ।

प्रारम्भिक लेखाङ्कन गर्दा वित्तीय उपकरणको उचित मूल्यको उचित प्रमाण भनेको कारोबार मूल्य हो (अर्थात् दिइएको वा प्राप्त गरिएको प्रतिफलको उचित मूल्य) । यद्यपि प्रारम्भिक पहिचान र मापनमा वित्तीय उपकरणको उचित मूल्य यसको कारोबार मूल्यभन्दा भिन्न हुन सक्छ । यदि त्यस्तो उचित मूल्य सोही उपकरणमा हालको अन्य प्रत्यक्ष बजार कारोबारको साथ तुलना गरेर प्रमाणित गरिएको छ (संशोधन बिना) वा केवल प्रत्यक्ष बजारबाट तथ्यांक समावेश गरिएको मूल्याङ्कन विधि प्रयोग गरिएको छ भने तब उचित मूल्य र कारोबार मूल्य बीचको भिन्नतालाई उपकरणको अवधिसम्म उचित ढङ्गले नाफा वा नोक्सान विवरणमा पहिचान र लेखाङ्कन गरिन्छ ।

**३.४.५ वित्तीय सम्पत्तिमा हुने नोक्सानी**

बैंकले हरेक आर्थिक वर्षको वित्तीय विवरण बनाउँदा कुनै पनि वित्तीय सम्पत्तिमा हानि भए वा नभएको बारे प्रमाण सहित आंकलन गर्ने गरेको छ । उक्त प्रमाणले त्यस्तो सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई नकारात्मक असर गरेको दर्शाएमा सो वित्तीय सम्पत्तिमा हानि नोक्सानी भएको ठहर गरी त्यसमा नोक्सानी व्यवस्था गर्ने गरिएको छ ।

**३.४.५.(क) परिषोधित मूल्यमा मापन गरिएका वित्तीय सम्पत्तिहरुमा हुने नोक्सानी**

सुरुमा बैंकका ठुला ऋणीहरुलाई प्रदान गरेको कर्जाहरुलाई छनौट गरी ती कर्जालाई हरेक आर्थिक वर्षको अन्त्यमा व्यक्तिगत हानिको लागि परीक्षण गरिन्छ । यदि कुनै कर्जालाई डिफल्ट भनी वर्गिकरण गरिएको छ वा बैंकले सांवा र व्याज रकम पूर्ण रुपमा असुली गर्न नसक्ने भएमा, ती कर्जाहरुमा हुन सक्ने हानिको मूल्याङ्कन गरिन्छ । यदी कर्जा धितोद्वारा सुरक्षित भए, त्यस कर्जामा हुन सक्ने हानिको मूल्याङ्कन गर्दा सुरक्षणमा राखिएको धितोको वर्तमान मूल्यलाई पनि ध्यानमा राखिन्छ । धितो बिक्री गरी हाल प्राप्त हुन सक्ने रकम कर्जा तिर्न पर्याप्त भएमा कर्जा हानि मूल्याङ्कन गरिदैन ।

**व्यक्तिगत हानिको लागि परीक्षण**

व्यक्तिगत हानि परिक्षणको लागि छानिएका कर्जा तथा सापटीहरुलाई तल दिएका मापदण्ड अनुसार परीक्षण गरिन्छ :

- ऋणीको नगद प्रवाहमा आएको समस्या थाहा भएमा
- सम्झौता अनुसार तिर्नु पर्ने सावा वा व्याज भाका नाघेमा

- ऋण सहमति र शर्तको उल्लङ्घन गरेमा
- ऋणी टाट पल्टन सक्ने सम्भावना वा आर्थिक पुनर्सरंचना गर्नु पर्ने देखिएमा
- बाह्य क्रेडिट रेटिङ्ग एजेन्सीले ऋणीको क्रेडिट रेटिङ्ग उल्लेखनिय तरिकाले घटाएको पाइएमा
- बैंकको ऋणीसंगको एकिकृत एक्सपोजर
- ग्राहकको व्यवसायिक मोडलको व्यवहारिकता र ग्राहकको आर्थिक समस्या हल गर्ने तथा समयमै ऋण तिर्न सक्ने क्षमता
- अपेक्षित आम्दानी र असुलीको रकम र समय
- ऋणीले बैंकको कर्जा तथा सापटी तिर्नु अगाडि अरु ऋणदाताको ऋण तिर्ने गरि गरेको प्रतिवद्धता वा Pari-pasu र अरु ऋणदाताले उक्त ऋणीलाई लगातार सहायता गर्ने सम्भावना
- धितो जमानतको विश्वसनीय मूल्य र बैंकले धितो आफ्नो प्रभुत्वमा ल्याउन सक्ने सम्भावना

**सामुहिक हानि परीक्षण**

व्यक्तिगत हानि पहिचान नभएका कर्जा तथा सापटीहरुलाई एकै प्रकारका कर्जा तथा सापटीहरुको आधारमा विभिन्न समुहहरुमा विभाजन गरी सामुहिक हानि नोक्सानी परीक्षण गरीन्छ । तर यदि कुनै कर्जाप्रति व्यक्तिगत नोक्सानी व्यवस्था गरिएको छ भने ती कर्जाहरुलाई सामुहिक हानि परीक्षण गर्दा समावेश गरिदैन ।

तल देहायका कर्जाहरुको लागि सामुहिक हानि परीक्षण गरिन्छ :

- हानि भैसकेको तर व्यक्तिगत रुपमा हानि पहिचान नभएको कर्जाहरु
- व्यक्तिगत रुपमा महत्वपूर्ण नमानिएका एकै प्रकारका कर्जा तथा सापटीहरुको आधारमा विभिन्न समुहहरुमा विभाजित कर्जाहरु

***हानि भैसकेको तर व्यक्तिगत रुपमा हानि पहिचान नभएको***

कुल कर्जा हानि व्यवस्थाको आंकलन गर्न व्यक्तिगत हानि पहिचान नभएका कर्जा तथा सापटीहरुलाई एकै प्रकारका कर्जा तथा सापटीहरुको आधारमा विभिन्न समुहहरुमा विभाजन गरी सामुहिक हानि परीक्षण गरिन्छ । रिर्पोटिङ्ग मिति भन्दा अगाडि हानि भैसकेको तर व्यक्तिगत रुपमा पहिचान नभएको हानिलाई समेत यस तरिकाले आंकलन गरेको हानि व्यवस्थाले समावेश गर्छ ।

अहिले हानि भैसकेको तर व्यक्तिगत रुपमा पहिचान नभएको हानि भविष्यमा व्यक्तिगत रुपमा पहिचान भएको खण्डमा ती कर्जाहरुको हकमा सामुहिक हानि परीक्षण नगरि व्यक्तिगत हानि परिक्षण गरिनेछ ।

सामुहिक नोक्सानी व्यवस्थाको आंकलन गर्दा देहायका बुँदाहरुमा ध्यान दिइन्छ :

- समान कर्जा जोखिम भएको पोर्टफोलियोमा विगतमा भएको नोक्सानी
- वर्तमान आर्थिक स्थिति हेर्दा विगतमा भएको नोक्सानीभन्दा रिर्पोटिङ्ग मितिमा आंकलन गरिने नोक्सानी व्यवस्थाको रकम कम वा बढि हुन सक्ने व्यवस्थापनको अनुभवको आधारमा गरिएको निर्णय

***एकै प्रकारका कर्जा तथा सापटीहरुको आधारमा विभिन्न समुहहरुमा विभाजित कर्जाहरु***

एकै प्रकारका कर्जा तथा सापटीहरुको आधारमा विभिन्न समुहहरुमा विभाजित कर्जाहरुमा हुन सक्ने नोक्सानी आंकलन गर्न statistical विधिहरुको प्रयोग गरिन्छ । कर्जा अपलेखन भएमा ती कर्जाहरुलाई समुहबाट हटाई व्यक्तिगत रुपमा हानि मापन गरिन्छ ।

बैंकले देहायको विधिमार्फत सामुहिक हानि व्यवस्था आंकलन गर्दछ :

एकै प्रकारका कर्जा तथा सापटीहरुको आधारमा विभिन्न समुहहरुमा विभाजन गरे पश्चात् सामुहिक हानिको मापन Net flow rate method बाट गरिन्छ । यस पद्धतीमा बैंकले कर्जा तथा सापटीहरुलाई विभिन्न समूहहरुमा गरेको वर्गीकरण, त्यसमा आएको परिवर्तन र प्रतिवेदन अवधिसम्ममा पहिचान भएका घटनाहरुको आधारमा भविष्यमा बैंकलाई हुन सक्ने कर्जा नोक्सानी रकमको आंकलन गरिन्छ ।

यस पद्धतीमा भाका नाघेको अवधिको आधारमा कर्जा तथा सापटीहरुलाई विभिन्न समूहहरुमा विभाजन गरि statistical विश्लेषण गरि विभिन्न समूहहरुमा विभाजन गरिएका ऋण तथा सापटीहरुको स्तर झर्न सक्ने र अन्ततः असुली हुन नसक्ने सम्भावनाको आंकलन गरिन्छ ।

हालको आर्थिक परिस्थिति तथा पोर्टफोलियो जोखिमका कारकहरुलाई समेत ध्यानमा राखि नोक्सानी व्यवस्था रकमको आंकलन गरिन्छ । आर्थिक परिस्थिति तथा पोर्टफोलियो जोखिमका कारकहरुमा देहायका कारकहरु समेत पर्दछन् :

- वर्तमान कर्जा पोर्टफोलियो वृद्धि तथा प्रोडक्ट समिश्रण

- बेरोजगारी दर
- कुल गृहस्थ उत्पादनमा भएको वृद्धि
- मुद्रास्फीति
- व्याज दर
- सरकारी नीति तथा नियममा परिवर्तन
- सम्पत्तिको मूल्य
- भुक्तानीको अवस्था

नेपाल लेखामान बोर्डले सिफारिस गरे बमोजिम नेपाल चार्टर्ड एकाउन्टेन्स संस्था (ICAN) ले NFRS कार्यान्वयन गर्नका लागि जारी गरेका carve-out अनुसार NAS 39 को para 63 को व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरुले कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provisioning) कायम गर्दा "Incurred Loss Model" अपनाएर गर्नुपर्ने प्रावधान अनुसार गर्न नसकिने अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने छ । यो अनिवार्य व्यवस्था अनुसार बैंकले नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनको निर्देशन नं. २/०७७ बमोजिम आएको कर्जा नोक्सानी व्यवस्था वा NAS 39 को para 63 बमोजिम आएको कर्जा नोक्सानी व्यवस्था मध्ये जुन अधिक हुन्छ सोलाई कर्जा नोक्सानी व्यवस्था रकम लेखाङ्कन गर्नुपर्ने प्रावधान रहेको छ ।

### हानि नोक्सानीको फिर्ता

यदि हानि नोक्सानीको रकम पछिको अवधिमा घट्छ र त्यो घटेको रकमलाई हानि नोक्सानी अभिलेख गरेको समयभन्दा पछिको घटनासँग सजिलै जोड्न सकिएमा, बढी भएको हानि नोक्सानी व्यवस्था रकमलाई फिर्ता गरिन्छ । यस्तो फिर्ता भएको रकमलाई नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ ।

### परिषोधित लागतमा लेखाङ्कन गरिएको वित्तीय सम्पत्तिको अपलेखन

ऋण चुक्ता नहुने अवस्था देखिएमा ऋणलाई आंशिक वा पूर्ण रुपमा अपलेखन गरिन्छ । तर सुरक्षित ऋणको हकमा अपलेखन सुरक्षणमा राखिएको सम्पत्तिको लिलामी पछि मात्र गरिन्छ । तर यदि जमानत राखिएको सम्पत्तिको मूल्य पहिचान भएमा र ऋण र प्राप्तीको थप असुली नहुने देखिएमा त्यस्ता ऋण र प्राप्तीलाई अग्रिम रुपमा अपलेखन गर्न सकिन्छ ।

### पुनःतालिकिकृत ऋण र सापटीमा हुने हानि

बैंकले सम्भव भए सम्म धितोको स्वामित्व लिनु भन्दा पनि कर्जालाई पुनःतालिकिकरण गर्न खोज्दछ । यस अन्तर्गत भुक्तानी व्यवस्थाको विस्तार र नयाँ ऋण शर्तहरुको सम्झौता पर्न सक्छ । एक पटक शर्तहरु संसोधित भएपछि कुनै पनि हानि नोक्सानीलाई शर्त संसोधन अगाडि गणना गरिएको व्याजदरले मापन गरिन्छ र सो ऋणलाई भाखा नाघेको मानिदैन । कर्जाको व्यक्तिगत र सामुहिक हानिको मूल्याङ्कन पुनःतालिकिकरण हुनु अगाडीको प्रभावकारी व्याज दरद्वारा गरिन्छ ।

### धितो मूल्याङ्कन

बैंकले वित्तीय सम्पत्तिको जोखिम न्यूनिकरण गर्न सके सम्म धितोको प्रयोग गर्दछ । नगद, धितोपत्र, प्रतितपत्रर जमानत, अचल सम्पत्ति, प्राप्ती, स्टक र अन्य गैर वित्तीय सम्पत्ति जस्ता विभिन्न धितोका प्रकारहरु हुन्छन् । साधारणतया धितोको उचित मूल्यको आंकलन कम्तिमा कर्जा प्रदान गर्दाको बखत नेपाल राष्ट्र बैंकको मार्गनिर्देशिकाको आधारमा गरिन्छ । अचल सम्पत्ति जस्ता गैर वित्तीय धितोको मूल्याङ्कन गर्दा स्वतन्त्र मूल्याङ्कनकर्ता र लेखापरीक्षण भएको वित्तीय विवरण जस्ता तेस्रो पक्षको विवरणको आधारमा गरिन्छ ।

### कानुनी रुपमा repossess गरिएका धितो वा बैंकको नाममा आएको सम्पत्तिहरु

कानूनी रुपमा आफ्नो अधिनमा ल्याइएको धितोले भाखा नाघेको ऋणको राफसाफमा बैंकद्धारा प्राप्त गैर-वित्तीय सम्पत्तिको प्रतिनिधित्व गर्दछ । सम्पत्तिहरु अधिग्रहण गर्दा उचित मूल्यमा लेखाङ्कन गरिन्छ । अधिनमा ल्याइएको सम्पत्ति आन्तरिक संचालनका लागि प्रयोग गर्ने वा बिक्रि गर्नु उत्तम भएको बैंकले नीति निर्धारण गर्नु पर्छ । बैंकले हालसम्म आफ्नो अधिनमा ल्याएका सम्पत्तिहरुलाई आन्तरिक संचालनका लागि प्रयोग गरेको छैन ।

### ३.४.५ (ख) अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको वित्तीय सम्पत्तिको नोक्सानी

अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्तिको लागि बैंकले हरेक रिर्पोटिङ्ग मितिमा हानि नोक्सानी भए वा नभएको objective evidence आंकलन गर्दछ ।

बैंकले जसरी परिषोधित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्तिको हानि नोक्सानी आंकलन गर्दछ, त्यसरी नै debt

उपकरणहरुको हकमा व्यक्तिगत रुपमा हानि नोक्सानी आंकलन गर्दछ। यद्धपि नोक्सानीको कूल रकम भने परिषोधित मूल्य र वर्तमान उचित मूल्य को फरक रकममा नाफा वा नोक्सान हिसाबमा पहिले समावेश गरिसकेको नोक्सानी व्यवस्था घटाएर निकालिन्छ। भविष्यमा हुने व्याज आम्दानी हानि नोक्सानी घटाइसकेपछिको वित्तीय सम्पत्तिको मूल्यमा आधारित हुन्छ र व्याज आर्जनको लागि त्यही दरको प्रयोग गरिन्छ जुन दरले हानि नोक्सानी रकम आंकलन गरिएको हुन्छ। यदि भविष्यमा debt उपकरणहरुको उचित मूल्य बढेमा र त्यस्तो वृद्धिको कारण हानि नोक्सानी व्यवस्था गरिसकेपछि credit event भएको ठहर भएमा हानि नोक्सानी व्यवस्थालाई नाफा वा नोक्सान हिसाबमाफर्त रिभर्स गरिन्छ।

अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको इक्विटी उपकरणहरुको हकमा हानिको आधारभूत प्रमाणको रुपमा परल मूल्यभन्दा उचित मूल्य धेरैले वा दिर्घकालीन रुपले घटेको स्थितिलाई समेत लिइन्छ। यदि हानि भएको प्रमाण भेटेमा परल मूल्य र वर्तमान उचित मूल्य को फरक रकममा नाफा वा नोक्सान हिसाबमा पहिले समावेश गरिसकेको नोक्सानी व्यवस्था घटाएर आएको कुल नोक्सानलाई इक्विटीबाट हटाइ नाफा वा नोक्सान हिसाबमा देखाइन्छ। तर यदि भविष्यमा अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको impaired इक्विटी उपकरणहरुको उचित मूल्य बढेमा बढेको रकमलाई अन्य विस्तृत आम्दानीको विवरणमा समावेश गरिन्छ। अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको इक्विटी उपकरणहरु uncollectible हुने निश्चित भएमा बैंकले ती सम्पत्तिहरु अपलेखन गर्दछ।

### ३.५ व्यापारिक सम्पत्ति

व्यापारिक सम्पत्ति मुलतः छोटो समयमा खरिद बिक्री गरी नाफा कमाउने उद्देश्य राखी गरिएको लगानी हुन्छ। व्यापारिक लगानीको मूल्यमा हुने आवधिक उतारचढावलाई नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ।

### ३.६ व्यूत्पन्न (डेरिभेटिभ) सम्पत्ति र दायित्वहरु

जोखिम व्यवस्थापन उद्देश्यका लागि राखिएको व्युत्पन्नमा ती सबै व्युत्पन्न सम्पत्तिहरू र दायित्वहरू समावेश हुन्छन् जुन कारोबार सम्पत्ति वा दायित्वका रूपमा वर्गीकृत गरिएका हुन्नन्। जोखिम व्यवस्थापन उद्देश्यका लागि राखिएका व्युत्पन्नहरु वित्तीय स्थितिको विवरणमा उचित मूल्यमा मापन गरिन्छ।

### ३.७ सम्पत्ति र उपकरण

#### पहिचान

सम्पत्ति, प्लान्ट र उपकरणहरु यस्ता मूर्त वस्तु हुन जुन उत्पादन र सेवा प्रदानमा, भाडामा दिन वा प्रशासनिक उद्देश्यका निम्ति प्रयोग हुन्छ र एक वर्ष भन्दा बढी अवधिको लागि प्रयोग गरिने आशा राखिन्छ। बैंकले NAS 16 को आधारमा यस्ता सम्पत्तिको लेखाङ्कन गर्दछ। सम्पत्ति, प्लान्ट र उपकरणहरु तब लेखाङ्कन गरिन्छ जब त्यस सम्पत्तिबाट हुने सम्भावित आर्थिक लाभ बैंकले प्राप्त गर्ने देखिन्छ र सम्पत्तिको परल मूल्यलाई यकिन गर्न सकिन्छ।

#### मापन

लेखाङ्कन योग्य सम्पत्ति, प्लान्ट र उपकरणहरुलाई शुरुवातमा परल मूल्यको आधारमा मापन गरिन्छ। परल मूल्य रकममा सम्पत्ति प्राप्त गर्नको निम्ति भएको खर्च र सम्पत्तिमा थप वस्तु जोड्न वा बदल्न लाग्ने खर्च सामेल गरिन्छ। आफै बनाउने मालसामानको खर्च, कामदारहरुको ज्याला खर्च, अन्य कुनै प्रत्यक्ष खर्च जुन सम्पत्तिलाई चाहे अनुसार प्रयोग गर्न काम लाग्ने अवस्थामा ल्याउन लाग्दछ, ती खर्चहरु पनि सम्पत्तिको परल मूल्यमा जोडिन्छ। साथै यसमा सो सम्पत्तिलाई नष्ट गर्ने तथा हटाउने र थप सामान हटाएर सम्पत्ति भएको ठाउँलाई जस्ताको तस्तै बनाउन लाग्ने खर्च पनि जोडिन्छ। खरिद गरिएको सफ्टवेयर सम्वन्धित उपकरणको मुख्य अंग भएको खण्डमा त्यसलाई कम्प्युटर उपकरणमा पूँजीकृत गरिन्छ। यदि सम्पत्ति र उपकरणका विभिन्न सामान वा पूर्जाको उपयोगी अवधि भिन्न भए सो सामानलाई छुट्टै सम्पत्तिको रुपमा देखाइन्छ।

#### लागत मोडल

सम्पत्ति, प्लान्ट र उपकरणहरु दिन प्रतिदिनको सेवा खर्च, संचित ह्रास कट्टी र संचित हानि नोक्सानी आदि लाई घटाएको लागतमा देखाइन्छ। उपकरणको कुनै भाग फेर्न लागेको खर्चले recognition criteria पुरा गरेको छ भने त्यस्ता खर्चहरु पनि सम्पत्ति, प्लान्ट र उपकरणहरुको मूल्यमा जोडिन्छ।

#### पुनःमूल्याङ्कन मोडल

बैंकले कुनै वर्गको जग्गा र भवन वा अरु सम्पत्तिहरुलाई पुनःमूल्याङ्कन गरेको छैन। यस्ता सम्पत्तिहरु पहिले मान्यता प्राप्त GAAP अनुसार लेखाङ्कन गरिएको छ।

सम्पत्तिको पुनःमूल्याङ्कन गर्दा भएको वृद्धिलाई “अन्य विस्तृत आम्दानी” मा अभिलेख गरि इक्विटी अन्तर्गत पूँजीगत जगेडा

कोषमा प्रस्तुत गरिन्छ वा नाफा नोक्सान विवरणमा पहिले अभिलेख गरिएको नोक्सानलाई रिर्भस गर्न प्रयोग गरिन्छ । यो परिस्थितिमा वृद्धिलाई अघिल्लो अपलेखित हदसम्म आम्दानी मानिन्छ । किताबी मूल्यमा भएको कुनै पनि कमीलाई नाफा नोक्सान विवरणमा खर्चको रुपमा वा अन्य विस्तृत आम्दानीमा रहेको सोही सम्पत्तिको पुरानो वृद्धि हटाउन खर्च गरिन्छ ।

अन्य विस्तृत आम्दानीमा रहेको घटीले पूँजीगत जगेडा कोष मार्फत संचित इक्विटीलाई घटाउँछ । सम्पत्ति निसर्ग गर्दा बेचेको बेला पुनःमूल्याङ्कन कोषमा रहेको कुनै पनि रकमलाई संचित मुनाफा शिर्षकमा स्थानान्तरण गरिन्छ ।

### पछिको (subsequent) लागत

सम्पत्ति, प्लान्ट र उपकरणहरुको भाग फेरिनु परेमा र भविष्यको आर्थिक लाभ आर्जन गर्न त्यो भाग मुख्य भएमा र त्यो भागको मूल्याङ्कन गर्न सकिएमा त्यसको लेखाङ्कन किताबी मूल्यमा subsequent लागत अन्तर्गत गरिन्छ । सम्पत्ति, प्लान्ट र उपकरणहरुको दिन प्रतिदिन लाग्ने खर्च उक्त खर्च भएको समयमा नै नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ ।

### ह्रासकट्टी

स्थिर सम्पत्तिलाई Straight line विधिको आधारमा ह्रासकट्टी गरिन्छ । विभिन्न वर्गका सम्पत्तिमा निम्न दरहरुमा ह्रासकट्टी गर्ने गरिएको छ ।

<table>
<tr><th>सम्पत्तिको प्रकार</th><th>ह्रासकट्टी दर (आ.व. २०७७/७८)</th><th>ह्रासकट्टी दर (आ.व. २०७६/७७)</th></tr>
<tr><td>भवन</td><td>५० वर्ष</td><td>५%</td></tr>
<tr><td>परिवहन साधन</td><td>१० वर्ष</td><td>२०%</td></tr>
<tr><td>कार्यालय उपकरण</td><td>७ वर्ष</td><td>२५%</td></tr>
<tr><td>काठको फर्निचर तथा फिक्स्चर</td><td>१० वर्ष</td><td>२५%</td></tr>
<tr><td>मेटलको फर्निचर तथा फिक्स्चर</td><td>७ वर्ष</td><td>२५%</td></tr>
<tr><td>प्लास्टिकको फर्निचर तथा फिक्स्चर</td><td>५ वर्ष</td><td>२५%</td></tr>
<tr><td>ब्याट्री</td><td>३ वर्ष</td><td>२५%</td></tr>
<tr><td>कम्प्युटर हार्डवेयर</td><td>७ वर्ष</td><td>२५%</td></tr>
<tr><td>Leasehold सम्पत्ति</td><td>पट्टाको अवधि</td><td rowspan="2">१० वर्ष वा पट्टाको अवधिमध्य जुन कम हुन्छ</td></tr>
<tr><td>साइन बोर्ड/म्याट्स तथा कार्पेट</td><td>२ वर्ष</td></tr>
</table>

### अनुमानहरुमा परिवर्तन

सम्पत्तिहरुको ह्रासकट्टी विधी तथा ह्रासकट्टी दर प्रत्येक वर्ष पुनरावलोकन गरी जरुरी भएमा समायोजन गरिन्छ ।

### पूँजीगत निर्माण

पूँजीकृत नभएका भवन निर्माण, प्लान्ट, मेशिनरी तथा प्रणालीहरुको विकास सम्बन्धि प्रत्यक्ष रुपमा भएका खर्चहरुलाई पूँजीगत निर्माणमा वर्गीकरण गरिन्छ । जब निर्माणाधिन सम्पत्तिहरु प्रयोग योग्य हुन्छन् (जब बैंकको व्यवस्थापनले चाहेको अनुसार ती सम्पत्तिहरुको संचालन गर्न सकिन्छ), तब पूँजीगत निर्माणमा वर्गीकरण गरिएका खर्चहरुलाई सम्वन्धित सम्पत्तिमा सारिन्छ । पूँजीगत निर्माणलाई लागत मूल्यमा कुनै हानि नोक्सानी भएमा सो घटाएर देखाइन्छ ।

### सापटी खर्च (Borrowing Cost)

जुन सम्पत्तिहरुको अधिग्रहण, निर्माण वा उत्पादनमा उल्लेख्य समय लाग्दछ, ती सम्पत्तिहरुसँग सम्बन्धित सापटी खर्चलाई सम्पत्तिको लागतको हिस्साको रुपमा पूँजीकृत गरिन्छ । अन्य सबै सापटी खर्चलाई खर्च भएको आर्थिक वर्षमा लेखाङ्कन गरिन्छ । बैंकले सापटी लिएको रकममा तिर्नु पर्ने व्याज र अन्य खर्चहरु सापटी खर्चमा पर्दछन ।

### अपलेखाङ्कन (Derecognition)

जब सम्पत्ति, प्लान्ट र उपकरणको विक्रि गरिन्छ वा त्यस सम्पत्तिबाट भविष्यमा कुनै आर्थिक लाभको अपेक्षा रहदैन ततपश्चात् त्यस सम्पत्तिको किताबी मूल्यलाई अपलेखाङ्कन गरिन्छ । विक्रिबाट सिर्जना भएको नाफा वा नोक्सानलाई विक्रि भएको आर्थिक वर्षको नाफा नोक्सान विवरणमा देखाइन्छ । जब सम्पत्ति, प्लान्ट र उपकरणको किताबी मूल्यमा प्रतिस्थापित लागत लेखाङ्कन गरिन्छ तब प्रतिस्थापित भएको सम्पत्तिको बाँकी रहेको किताबी मूल्यलाई अपलेखाङ्कन गरिन्छ । मुख्य निरिक्षण खर्चहरुलाई पनि पूँजीकृत गरिन्छ । मुख्य निरिक्षण खर्चहरुको प्रत्येक नयाँ पूँजीकरणको समयमा पछिल्लो निरिक्षण खर्चको बाँकी रहेको किताबी मूल्यलाई अपलेखाङ्कन गरिन्छ ।

### ३.८ ख्याति र अमुर्त सम्पत्तिहरु

**लेखाङ्कन**

अमूर्त सम्पत्ति एउटा पहिचान योग्य गैर मौद्रिक सम्पत्ति हो जसको कुनै भौतिक उपस्थिति हुँदैन र त्यस सम्पत्तिलाई उत्पादन गर्नका निमित्त, सेवा प्रदान गर्नका निमित्त, कसैलाई भाँडामा दिन वा प्रशासनिक कामको लागि प्रयोग गरिन्छ । अमूर्त सम्पत्तिको लेखाङ्कन त्यस बखत गरिन्छ जब भविष्यमा त्यस सम्पत्तिबाट आर्थिक लाभ प्राप्त हुन सक्दछ र सम्पत्तिको परल मूल्यलाई विश्वसनीय ढङ्गले मूल्याङ्कन गर्न सकिन्छ । शुरुमा अमूर्त सम्पत्तिलाई लागतको आधारमा लेखाङ्कन गरिन्छ । अमूर्त सम्पत्तिसँग सम्बन्धित खर्च जुन अगाडिकै वार्षिक वित्तीय विवरण वा अन्तरिम वित्तीय विवरणमा खर्च भनी लेखाङ्कन गरिएको छ, पछिको समयमा त्यस्ता खर्चहरुलाई अमूर्त सम्पत्तिको रुपमा पूँजीकरण गरिदैन ।

**कम्प्युटर सफ्टवेयर तथा लाइसेन्स**

कम्प्युटरसँग सम्बन्धित सबै सफ्टवेयर तथा लाइसेन्सहरुको खर्च जुन कुनै कम्प्युटर हार्डवेयरको अभिन्न भाग छैन र जसलाई छुट्याएर नाप्न सकिन्छ र भविष्यमा त्यस सफ्टवेयर तथा लाइसेन्सहरुबाट आर्थिक लाभ भित्रिने सम्भावना छ, ती खर्चहरुलाई वित्तीय अवस्थाको विवरणमा अमुर्त सम्पत्तिको रुपमा वर्गीकरण गरि अपलेखन र हानि नोक्सानी घटाएर देखाइन्छ ।

**Subsequent लागत**

सफ्टवेयर सम्बन्धि subsequent खर्चहरुलाई तब मात्र पूँजीकृत गरिन्छ जब त्यस खर्चको कारण भविष्यमा सफ्टवेयर बाट भित्रिने आर्थिक लाभको सम्भावना पहिले आंकलन गरेको आर्थिक लाभभन्दा बढी हुन्छ र त्यस खर्चको परल मूल्यलाई विश्वसनीय ढङ्गले मूल्याङ्कन गर्न सकिन्छ । अन्य सबै खर्चहरुलाई खर्च गरेको आर्थिक वर्षमा खर्चको रुपमा देखाइन्छ ।

ख्यातीलाई लागत मूल्यमा संचित हानि नोक्सानी घटाई मूल्याङ्कन गरिन्छ ।

**अमूर्त सम्पत्तिको अपलेखन**

प्रयोगको निम्ति उपलब्ध भएपछि ख्याति बाहेकका अमूर्त सम्पत्तिलाई straight–line basis मा नाफा नोक्सान विवरण मार्फत परिषोधन गरिन्छ । परिषोधन नीति, उपयोग समय र ती सम्पत्तिको residual मूल्य प्रत्येक वर्ष पुनरावलोकन गरी आवश्यक भएमा उपयुक्त समायोजन गरिन्छ । बैंकले अमूर्त सम्पत्तिको residual मूल्य नरहने भनेर मान्दछ ।

| सम्पत्तिको वर्गिकरण | २०७७/७८ | २०७६/७७ |
|---|---|---|
| सफ्टवेयर | ७ वर्ष वा उपयोगी आयु मध्य जुन कम हुन्छ | ५ वर्ष |

**अमूर्त सम्पत्तिको अपलेखाङ्कन (de-recognition)**

जब अमूर्त सम्पत्तिको विक्रि गरिन्छ वा कुनै पनि आर्थिक लाभको अपेक्षा रहदैन तव ती अमूर्त सम्पत्तिहरु अपलेखाङ्कन गरिन्छ। अपलेखाङ्कनको समयमा सिर्जना हुने नाफा वा घाटालाई नाफा नोक्सान विवरणमा देखाइन्छ ।

### ३.९. लगानी सम्पत्ति

त्यस्ता सम्पत्ति (भवन वा भवनको भाग वा दुबै) जुन भाँडाबाट कमाई गर्न वा पूँजी वृद्धि गर्न वा दुबैको लागि राखिन्छ, ती सम्पत्तिहरुलाई लगानी सम्पत्ति भनिन्छ ।

**मापन**

लगानी सम्पत्तिलाई लागत मोडलमा मापन गरिन्छ । सो अनुसार सम्पत्तिको लेखाङ्कन पश्चात् सम्पत्तिलाई हानि नोक्सानी घटाई लागत मूल्यमा प्रस्तुत गरिन्छ । यदि कुनै सम्पत्तिको प्रयोगमा परिवर्तन भएको कारणले त्यो सम्पत्तिलाई सम्पत्तिमा लगानी भनी पुनःवर्गीकरण गरिन्छ भने त्यस सम्पत्तिको पुनःवर्गीकरण गरिएको दिनको उचित मूल्यलाई त्यस सम्पत्तिको लागत मूल्य मानि लेखाङ्कन गरिन्छ ।

**लगानी सम्पत्तिको अपलेखाङ्कन (de-recognition)**

लगानी सम्पत्तिहरु यदि दीर्घकालिन रुपमा प्रयोगबाट हटाइएको वा विक्रि गरिएको र भविष्यमा कुनै आर्थिक लाभको अपेक्षा नरहेमा ती सम्पत्तिमा लगानीहरुलाई अपलेखाङ्कन गरिन्छ । प्रयोगमा परिवर्तन आएको खण्डमा मात्र लगानी सम्पत्तिमा/बाट कुनै सम्पत्तिलाई सारिन्छ । यदि कुनै सम्पत्तिको प्रयोगमा परिवर्तन भई त्यस सम्पत्तिलाई सम्पत्ति र उपकरणको रुपमा वर्गीकरण गरिएमा त्यस सम्पत्तिको पुनःवर्गीकरण गरिएको दिनको उचित मूल्यलाई त्यस सम्पत्तिको लागत मूल्य मानि लेखाङ्कन गरिन्छ ।

### ३.१० आयकर

NAS-12 बमोजिम आयकर खर्च भनेको नाफा र नोक्सान निर्धारणको निम्ति जोडिएर आएको चालु र स्थगन कर हो । सिधै इक्विटीमा पहिचान हुने र अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिने आम्दानी बाहेक आयकर खर्चलाई नाफा नोक्सान विवरणमा देखाइन्छ । व्यवस्थापनले आवधिक रुपमा कर विवरणको मूल्याङ्कन गरी उपयुक्त कर ऐनको विश्लेषण गर्छ । कर निकायलाई तिर्नुपर्ने करको अपेक्षाको आधारमा बैंकले उचित कर व्यवस्था लेखाङ्कन गर्दछ ।

#### चालु कर

चालु कर सम्पत्ति र दायित्वमा यस वर्षको करको दर र लागु भइसकेका कर नियम प्रयोग गरि आन्तरिक राजश्व कार्यालयबाट पाउने वा तिर्नु पर्ने र त्यसमा अघिल्लो वर्षको समायोजन गरि निकालिएको रकम पर्दछ ।

#### स्थगन कर

वित्तीय अवस्थाको विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रुपमा लेखाङ्कन गरि प्रत्येक वर्ष यस्तो सम्पत्ति (वा दायित्वमा) हुने परिवर्तनलाई नाफा नोक्सान वा अन्य विस्तृत आम्दानीको विवरणमा स्थगन कर आय (वा स्थगन कर खर्च) को लेखाङ्कन गरिन्छ । स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिँदैन ।

### ३.११ निक्षेप, धितोपत्र तथा अन्य सहायक दायित्वहरु

निक्षेप, धितोपत्र तथा सहायक दायित्वहरु बैंकको कोषका स्रोतहरु हुन् । निक्षेप अन्तर्गत व्याज तिर्नु नपर्ने निक्षेप (non-interest bearing deposits), बचत निक्षेप, मुद्धति निक्षेप, कल निक्षेप तथा मार्जिन निक्षेप पर्दछन् । भुक्तानी मिति नभएका निक्षेपहरुको अनुमानित उचित मूल्य भनेको मागेको बखत तिनुपर्ने रकम हो । निश्चित व्याज तिनुपर्ने निक्षेपको उचित मूल्य भनेको तिनुपर्ने व्याज सहित उक्त निक्षेपको किताबी मूल्य हो । जारी गरेको ऋणपत्रको उचित मूल्य उक्त ऋणपत्रको किताबी मूल्य हुन्छ । सुरक्षण नराखिएको सहायक दायित्व winding up को बखत निक्षेपकर्ताहरु, ऋणपत्र धारक र creditors को दाबीपछिको भुक्तानी हुने दायित्व हुन् ।

### ३.१२ व्यवस्थाहरु

विगतमा भएका घटनाहरुको कारण बैंकको वर्तमान कानुनी तथा निर्मित दायित्व जसको सजिलै अनुमान लगाउन सकिन्छ र दायित्व राफसाफ गर्न आर्थिक लाभ वाहिरिन्छ भन्ने सम्भावना हुन्छ भने ती दायित्वहरुका निम्ति व्यवस्था लेखाङ्कन गरिन्छ । यसरी लेखाङ्कन गरिएको रकम रिपोर्टिङ मितिमा वर्तमान दायित्वसँग सम्बन्धित जोखिम र अनिश्चिततालाई मध्यनजर राखि राफसाफ गर्न आवश्यक पर्ने रकमको सबैभन्दा उत्तम अनुमान हो । अनुमानित नगद प्रवाहको आधारमा वर्तमान दायित्व राफसाफ गर्न व्यवस्थाको मापन गरिन्छ भने उक्त नगद प्रवाहको वर्तमान मूल्यको आधारमा नै किताबी मूल्य निर्धारण गरिन्छ । Onerous सम्झौताको व्यवस्थाको लेखाङ्कन त्यस बखत गरिन्छ जब बैंकले सम्झौताबाट प्राप्त गर्ने आर्थिक लाभभन्दा सम्झौता पालन गर्न लाग्ने रोक्न नसकिने खर्च बढी हुन्छ । सम्झौताको अन्त्य गर्न लाग्ने अनुमानित लागतको वर्तमान मूल्य र सम्झौता अनुसार चली रहँदा लाग्ने अनुमानित खुद लागतको वर्तमान मूल्य मध्य जुन कम हुन्छ त्यही अनुरुप व्यवस्थाको मापन गरिन्छ । भविष्यमा हुने संचालन नोक्सानीको भने व्यवस्था गरिदैन ।

व्यवस्था स्थापित गर्नु भन्दा अगाडी कुनै सम्झौतासँग सम्बन्धित सम्पत्तिमा हानि नोक्सानी छ वा छैन भनी पहिचान गरिन्छ । व्यवस्था सम्बन्धि खर्चलाई फिर्ता पाउने रकम घटाई नाफा नोक्सान विवरणमा देखाइन्छ ।

### ३.१३ आम्दानीको लेखाङ्कन

#### आम्दानीको पहिचान

आर्थिक लाभ बैंकलाई प्राप्त हुने सम्भव भएसम्म र आम्दानीको विश्वसनीय मापन गर्न सकेसम्म आम्दानीको लेखाङ्कन गर्ने गरिन्छ । निम्न बमोजिमका लेखाङ्कन मापदण्डहरु पूर्ति पश्चात् आम्दानीको लेखाङ्कन गर्न सकिन्छ ।

#### व्याज आम्दानी

परिषोधित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्ति, अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकृत व्याज भएको वित्तीय सम्पत्ति र नाफा नोक्सान विवरणमार्फत उचित मूल्यमा निर्दिष्ट वित्तीय सम्पत्तिहरुमा प्रभावकारी व्याज दरको करिबी दर अनुसार व्याज आम्दानी लेखाङ्कन गरिन्छ । प्रभावकारी व्याज दर विधिको यथार्थ गणना गर्न लाग्ने खर्च उक्त विधिको पालना

गर्दा हुने फाइदाभन्दा बढी हुने बैंकको अनुमान छ । प्रभावकारी व्याज दर भनेको त्यस्तो दर हो जसले अनुमानित भविष्यको नगद प्राप्ती वा भुक्तानीलाई वित्तीय उपकरणको अनुमानित समयावधि वा उपयुक्त अवस्थामा सोभन्दा कम समयावधिको आधारमा वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको खुद किताबी मूल्यलाई discount गर्दछ ।

जब लिनुपर्ने रकममा हानि (impairment) हुन्छ, बैंकले त्यसको किताबि मूल्यलाई प्राप्त योग्य रकमसम्म घटाउँछ जसको निम्ति भविष्यको नगद प्रवाहलाई मौलिक प्रभावकारी व्याज दरले discount गरिन्छ । नोक्सानी भएको कर्जाको व्याज आम्दानीलाई प्रभावकारी व्याज दरको करिबी दर अनुसार लेखाङ्कन गरिन्छ ।

बैंकले कर्जा सापटीमा भएको व्याज आम्दानी व्याज आम्दानी लेखाङ्कन निर्देशिका, २०१९ अनुसार लेखाङ्कन गरेको छ । यस बमोजिम बैंकले रु १४,६८६,९११/– लाई व्याज रकमका लेखाङ्कन गरेको छैन । त्यसैगरि बैंकले आ.व. २०७७/७८ मा पाकेको तर असुलउपर नभएको व्याज रकम मध्ये भाद्र ४ गते सम्ममा रु.२२०,६९०,४५६/– असुली गरेको छ ।

### शुल्क तथा कमिशन आम्दानी

शुल्कमा सेवा अवधि भर कमाएको सेवा शुल्क, कमिशन शुल्क जस्ता शुल्कहरु पर्दछन् । कर्जा सिण्डिकेट शुल्क सिण्डिकेट पुरा भए पछि आम्दानीको रुपमा लेखाङ्कन गरिन्छ । पोर्टफोलियो तथा अन्य व्यवस्थापन परामर्श शुल्क र सेवा प्रदान शुल्कहरु सम्झौता बमोजिम प्रायः समय विभाजन आधारमा लेखाङ्कन गरिन्छ ।

### लाभांश आम्दानी

जब लाभांश प्राप्त हुन्छ तब इक्विटी उपकरणको लाभांश आम्दानीलाई नाफा नोक्सान विवरणको अन्य आम्दानी अन्तर्गत लेखाङ्कन गरिन्छ ।

### खुद व्यापारिक आम्दानी

खुद व्यापारिक आम्दानी अन्तर्गत व्यापारिक सम्पत्ति तथा दायित्व सम्बन्धी आम्दानी र खर्चहरु पर्दछन् । साथै यसमा व्यापारिक सम्पत्ति तथा दायित्वको उचित मूल्यमा आएको परिवर्तन, प्राप्त व्याज, लाभांश र विदेशी विनिमयको फरकहरु पनि पर्दछन् ।

### FVTPL मा वर्गिकृत अन्य वित्तीय उपकरणबाट भएको खुद आम्दानी

इक्विटी शेयर र सामुहिक लगानी कोष जस्ता व्यापारिक सम्पत्तिलाई FVTPL मा लेखाङ्कन गरिन्छ । अन्य कुनै वित्तीय उपकरणहरुलाई FVTPL मा निर्दिष्ट गरिएको छैन ।

### ३.१४ व्याज खर्च

परिषोधित मूल्यमा मापन गरिएका सम्पूर्ण वित्तीय दायित्वहरुको निम्ति प्रभावकारी व्याज दरको करिबी दर प्रयोग गरी व्याज खर्च लेखाङ्कन गरिन्छ । प्रभावकारी व्याज दर भनेको त्यस्तो दर हो जसले अनुमानित भविष्यको नगद प्राप्ती वा भुक्तानीलाई वित्तीय उपकरणको अनुमानित समयावधि वा उपयुक्त अवस्थामा सोभन्दा कम समयावधिको आधारमा वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको खुद किताबी मूल्यलाई discount गर्दछ ।

### ३.१५ कर्मचारी सुविधा

कर्मचारी सुविधा अन्तर्गत :

### क) अल्पकालिन कर्मचारी सुविधा

अल्पकालिन कर्मचारी सुविधा यस्तो सुविधा हो जुन वार्षिक रिपोर्टिङ समयको समाप्ति पछि १२ महिना अघि पूर्णतय राफसाफ हुने अपेक्षा गरिएको हुन्छ । यसमा निम्न सुविधाहरु समावेश छन् :

- ज्याला, तलव र सामाजिक सुरक्षा योगदान
- सःशुल्क वार्षिक विदा र सःशुल्क विरामी विदा
- नाफा साझेदारी र वोनस
- वहालवाला कर्मचारीहरुलाई गैर मौद्रिक सुविधाहरु (जस्तैः औषधी सेवा, घर, गाडी र सित्तै वा सहुलियतमा सामान तथा सेवा)

छोटो अवधिको कर्मचारी लाभलाई discount नगरि मापन गरिन्छ र सेवा प्रदान गरेको बखत नै खर्च जनाइन्छ । छोटो अवधिको नगद वोनस र नाफा बाँडफाँड योजना बमोजिम भुक्तानी गर्नु पर्ने रकमको हकमा यदि कर्मचारीको पूर्व अवधिको

सेवाको कारण बैंकको वर्तमान कानुनी तथा निर्मित दायित्व भएमा र उक्त दायित्व भरपर्दो तरिकाले मापन गर्न सकेमा सो बराबरको रकमलाई दायित्वको रुपमा लेखाङ्कन गरिन्छ ।

**ख) रोजगार पछिको सुविधा जस्तै :**

- अवकास लाभ (पेन्सन, अवकाश हुँदा एकमुष्ठ भुक्तानी)
- अन्य रोजगार पछिको लाभ जस्तै रोजगार पछिको जिवन विमा, रोजगार पछिको औषधोपचार सेवा

**ग) अन्य दीर्घकालिन कर्मचारी सुविधा**

**घ) Termination सुविधा**

### ३.१५.१ रोजगार पछिको सुविधा

**परिभाषित योगदान योजना**

NAS 19 -कर्मचारी सुविधा अनुसार परिभाषित योगदान योजना रोजगार पछि प्राप्त हुने लाभ योजना हो जसमा बैंकले निश्चित रकम छुट्टै बैंक खाता/कोषमा योगदान गर्दछ र यदि कर्मचारीहरुको वर्तमान तथा पूर्व सेवावापतको सम्पूर्ण कर्मचारी लाभ भुक्तानी गर्न यथेष्ट सम्पत्ति नभएको खण्डमा कुनै कानुनी र निर्मित दायित्व आउँदैन ।

परिभाषित योगदान योजनामा कर्मचारीले बैंकलाई दिएको सेवाको अनुपातमा रोजगारदाताले तिर्नु पर्ने योगदानलाई कर्मचारी खर्च भनेर due भएको दिन खर्चमा लेखाङ्कन गरिन्छ । तिर्न बाँकी योगदानलाई दायित्वको रुपमा अन्य दायित्वमा देखाइन्छ । बैंकले कर्मचारी संचय कोषमा प्रत्येक कर्मचारीको तलवको १० प्रतिशत जम्मा गरेको छ । माथि उल्लेखित खर्चहरु NAS 19 बमोजिम परिभाषित योगदान योजना अन्तरगत योगदान गरिएको भनेर पहिचान गरिएको छ ।

**परिभाषित लाभ योजना**

परिभाषित लाभ योजना भनेको परिभाषित योगदान योजना बाहेकका अन्य रोजगार पछिको सेवा सुविधा हो । यसर्थ NAS 19 बमोजिम कर्मचारी उपदानलाई परिभाषित लाभ योजना मानिएको छ ।

**उपदान**

श्रम ऐन, २०७४ अनुसार स्थायी रुपमा बैंकमा नियुक्त भएका कर्मचारीहरुको सेवा अवधिको आधारमा उपदानको निम्ति व्यवस्था गरिन्छ । उपदान अन्तर्गत पुरा दायित्वको हिसाब निर्धारण गर्न प्रत्येक वर्ष विमाङ्किक मूल्याङ्कन गरिन्छ ।

बैंकको परिभाषित लाभ दायित्व गणना गर्नको निम्ति कर्मचारीले वर्तमान तथा पुर्व अवधिको सेवाबाट आर्जन हुने भविष्यको लाभ रकमलाई discount गरी वर्तमान मूल्य निर्धारण गरिन्छ र त्यसमा योजना सम्पत्तिको उचित भेल्यु घटाएर खुद रकम वित्तीय अवस्थाको विवरणमा देखाइन्छ । योजना सम्पत्तिको मूल्य आर्थिक लाभको आजको मूल्य योजनाबाट रिफण्डको रुपमा प्राप्त हुने अथवा भविष्यको योजना योगदानबाट घट्ने रकममा सिमित हुन्छ । आर्थिक लाभको आजको मूल्य निर्धारण गर्न बैंकको कुनै योजनामा लागु हुने न्युनतम लगानी आवश्यकतालाई विचार गरिन्छ । योजना दायित्वको राफसाफ गर्दा वा योजनाको समयावधिमा लाभ प्राप्त भएमा बैंकललाई आर्थिक लाभ उपलब्ध हुन्छ ।

वार्षिक अवधिको शुरुवातमा हिसाब गरिने परिभाषित लाभ दायित्वको discount दर लागु गरी बैंकले निर्धारित लाभ दायित्वको व्याज खर्चको निर्धारण गर्छ । सरकारी ऋणपत्र जसको अवधि परिभाषित लाभ योजनाको अवधि समान हुन्छ त्यसको औसत yield लाई आधार मानेर discount दरको निर्धारण गरिन्छ ।

कर्मचारीले सेवा दिए वापत उपदान दायित्वको वृद्धिलाई नाफा नोक्सान विवरणको कर्मचारी खर्च अन्तर्गत खुद व्याज खर्चका साथ देखाइएको छ । बैंकको दायित्वको हिसाब गर्दा उपदानमा आउने कुल विमाङ्किक नाफा नोक्सानलाई अन्य विस्तृत आम्दानीमा देखाइएको छ ।

मूल्याङ्कन गर्दा demographic assumptions स्वरुप सेवा निवृत्ति उमेर (६० वर्ष), सेवाबाट पूर्व अवधि अवकाष र स्वस्थको कारण अवकाष जस्ता निवृत्तिहरु लिइएका छन् ।

### ३.१५.२ अन्य दीर्घकालिन कर्मचारी सुविधा

अल्पकालिन कर्मचारी सुविधा, रोजगार पछिको लाभ र terminal लाभ बाहेकका लाभहरु अन्य दीर्घकालिन कर्मचारी सुविधा अन्तर्गत पर्दछन् । NAS 19 अनुरुप अनुपयोग संचित विदा वापतको खर्च अन्य दीर्घकालिन कर्मचारी सुविधा अन्तर्गत पर्दछ ।

### अनुपयोग संचित विदा

रिपोर्टिङ्ग अवधिबाट १ वर्ष पछि प्रयोग हुने अपेक्षा रहेको संचित विदालाई अन्य दीर्घकालिन कर्मचारी सुविधा भनेर देखाइन्छ। कर्मचारीले वर्तमान तथा पुर्व अवधिको सेवाबाट आर्जन हुने भविष्यको लाभ रकमलाई discount गरी बैंकको अनुपयोग संचित विदा प्रतिको खुद दायित्व निर्धारण गरिन्छ। यसको हिसाब अनुमानित युनिट क्रेडिट विधीबाट गरिन्छ। अनुपयोग संचित विदा दायित्वमा भएको खुद फरक र विमाङ्किक नाफा नोक्सानलाई नाफा नोक्सान विवरणमा कर्मचारी खर्च अन्तर्गत जुन अवधिमा सिर्जना हुन्छ सोही अवधीमा देखाइन्छ।

### ३.१६ वित्तीय तथा संचालन पट्टा

कुनै व्यवस्था पट्टा हो वा पट्टा धारण गर्छ भनी निर्धारण गर्ने आधार उक्त व्यवस्थाको विशेषतामा हुन्छ र सो व्यवस्था पूर्ति गर्न कुनै विशेष सम्पत्तिको प्रयोग अथवा उक्त व्यवस्थाले सम्पत्तिको प्रयोग गर्ने अधिकार स्थापित गर्छ कि गर्दैन भनेर आंकलन गरिन्छ।

### ३.१६.१ वित्तीय पट्टा

कानुनी नामसारी आवश्यक नभई counterparty लाई पर्याप्त/सम्पूर्ण रुपमा जोखिम तथा प्रतिफल स्थानान्तरण हुने गरि गरिएको पट्टालाई वित्तीय पट्टा भनिन्छ। वित्तीय पट्टा अन्तर्गत बैंक lessor भएको खण्डमा पट्टाको बाँकी रकम (नकमाएको व्याज आम्दानी घटाए पछि) लाई कर्जा तथा ग्राहकबाट प्राप्त गर्नु पर्ने भनेर देखाइन्छ। व्याज आम्दानीलाई पट्टाको अवधिभर खुद लगानीमा समान प्रतिफल प्राप्त हुने गरि हरेक आर्थिक वर्षमा लेखाङ्कन गरिन्छ।

वित्तीय पट्टा अन्तरगत बैंक lessee भएको खण्डमा पट्टा सम्पत्तिको पूँजीकरण गरिन्छ र सम्पत्ति तथा उपकरणहरुमा समावेश गरिन्छ र lessor को समानन्तर दायित्वलाई अन्य दायित्वमा देखाइन्छ। वित्तीय पट्टा र त्यसको समानन्तर दायित्वलाई शुरुमा सम्पत्तिको उचित मूल्य अथवा न्युनतम पट्टा खर्चको आजको मूल्य जुन कम हुन्छ सोहीमा देखाइन्छ।

### ३.१६.२ संचालन पट्टा

वित्तीय पट्टा बाहेक अन्य पट्टालाई संचालन पट्टा भनिन्छ। बैंक lessor भएको खण्डमा सम्पूर्ण संचालन पट्टा अन्तर्गत सम्पत्तिलाई सम्पत्ति तथा उपकरणमा राखिन्छ र सोही अनुसार लेखाङ्कन गरिन्छ। बैंक lesse भएको खण्डमा लिज सम्पत्तिलाई वित्तीय अवस्थाको विवरणमा लेखाङ्कन गरिदैन।

### ३.१७ विदेशी मुद्रा कारोबार, अनुवाद तथा मौज्दात

वित्तीय विवरणहरु नेपाली रुपैयाँमा उल्लेख गरिन्छ। विदेशी मुद्रामा भएका कारोबारहरु प्रारम्भिक रुपमा कारोबार भएको मितिमा प्रचलित सटही दरमा कार्यात्मक मुद्रामा लेखाङ्कन गरिन्छ। विदेशी मुद्रामा लेखाङ्कन गरिएका मौद्रिक सम्पत्ति र दायित्वहरु वित्तीय अवस्थाको विवरण तयार गरिने मितिको कार्यात्मक मुद्रा सटही दरमा पुनर्रुपान्तरण गरिन्छ। यस्तो लेनदेनको बन्दोबस्तको परिणामस्वरूप विदेशी विनिमय लाभ र नोक्सान, र विदेशी मुद्रामा मूल्यहीन मौद्रिक सम्पत्ति र दायित्वहरूको वर्षको अन्त्यमा विनिमय दरबाट नाफा वा नोक्सानमा पहिचान र लेखाङ्कन गरिन्छ। गैरमौद्रिक सम्पत्ति र दायित्वहरु ऐतिहासिक मूल्यमा राखिएको छ भने ऐतिहासिक सटही दर अनुसार राखिन्छ वा उचित मूल्यमा राखिएको छ भने वर्ष अन्त्यको सटही दरमा राखिन्छ र त्यसबाट प्राप्त हुने सटही लाभ वा नोक्सानलाई कि त नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ वा सम्पत्ति वा दायित्वमा भएको लाभ वा हानिको आधारमा अन्य विस्तृत आम्दानीमा राखिन्छ।

### ३.१८ वित्तीय जमानत तथा कर्जा प्रतिवद्धता

वित्तीय जमानत भनेको निर्दिष्ट ऋणी कर्जा उपकरणको सर्तहरू बमोजिम भुक्तानी गर्न असफल हुँदा बैंकले राख्नेलाई क्षतिपूर्ति दिन निश्चित भुक्तानी दिन आवश्यक पर्ने एक सम्झौता हो। कर्जा प्रतिबद्धताहरु भनेका पूर्वनिर्धारित शर्त बमोजिम कर्जा दिनुपर्ने थिर प्रतिबद्धता हो। कर्जा प्रतिबद्धता भनेको त्यस्तो प्रतिबद्धता हो जहाँ बैंकले ग्राहकलाई कर्जा दिने उद्देश्य निश्चित गरेको हुन्छ वा ग्राहकको तर्फबाट बैंकले कर्जा, ओभरड्राफ्ट, भविष्यको जमानत दिन प्रतिबद्धता जनाएको हुन्छ तर रिपोर्टिङ मितिमा बैंकले भुक्तानी दिएको हुन्न, त्यस्ता उपकरणहरु वित्तीय विवरणमा प्रतिबद्धताको रुपमा उल्लेख गरिन्छ।

### ३.१९ शेयर पूँजी र जगेडा कोष

शेयर पूँजी र जगेडाकोषहरु भिन्न वर्गका इक्विटी claims हुन्। इक्विटी claim भनेको बैंकको सम्पत्तिहरुमा सम्पूर्ण दायित्वहरु घटाएर बाँकी रहेको स्वार्थमा claim हो। अवधिभरमा इक्विटीमा भएको परिवर्तन अन्तर्गत वित्तीय विवरणमा लेखाङ्कन गरिएका आम्दानी र खर्च साथै इक्विटी होल्डरको योगदानमा इक्विटी होल्डरलाई बाँडिएको रकम घटाई बाँकी भएको रकम पर्दछ।

### ३.२० प्रति शेयर आम्दानी

बैंकले आफ्नो साधारण शेयरको लागि आधारभूत र Diluted प्रति सेयर आम्दानी (EPS) तथ्यांकलाई प्रस्तुत गर्छ। आधारभूत EPS साधारण शेयरधनीहरुको लागि हुने नाफा अथवा नोक्सानलाई सो अवधिको अन्त्यमा रहेका भारित औसत शेयरधनीको संख्याले विभाजन गरी गणना गरिन्छ। Diluted EPS साधारण शेयरधनीहरुका लागि रहेको नाफा वा नोक्सान र भारित औसत शेयरधनीको संख्यामा Dilutive सम्भावित साधारण शेयरलाई समायोजन गरी निर्धारण गरिन्छ।

### ३.२१ सेग्मेन्ट रिपोर्टिङ्ग

संचालन सेग्मेन्ट भन्नाले बैंकको त्यस्तो ईकाईलाई बुझिन्छ :

- जसले व्यवसायिक गतिविधीमा सहभागि भई आम्दानी कमाउछ र खर्च गर्छ (बैंकको अन्य ईकाइ हरुसँगको कारोवारहरु सम्बन्धि आम्दानी तथा खर्च समेत)
- जसको संचालन परिणाम नियमित रुपमा बैंकको प्रमुख संचालन निर्णयकर्ताले समीक्षा गर्छ र ईकाईहरुलाई श्रोत साधनहरुको बिभाजन गर्ने निर्णय लिन्छ तथा ईकाईहरुको कार्यको समीक्षा गर्दछ।
यस बैंकको सन्दर्भमा जोखिम वहन क्षमता भनेर त्यस्तो जोखिमको स्तर र प्रकृतिलाई जनाउदछ जुन बैंकले आफ्नो शेयर धनीहरुको उद्देश्य पूर्तीको लागि लिन इच्छुक छ तर अन्य सरोकारवालाहरु जस्तै ऋणपत्रधारकहरु, नियमकहरु र ग्राहकहरुको व्यवधानको अधिनमा रही पूरा गरिनेछ। यसले बैंकको रणनीतिक निर्णय लिनको लागि संरचना उपलब्ध गराउँदछ। बैंकले जोखिम व्यवस्थापन नीतिमा आफ्नो व्यवसायिक उद्देश्यहरु पुरा गर्नको निम्ति लिनु पर्ने जोखिमहरुको समग्र जोखिम स्तर र जोखिम प्रकारहरु निर्धारण गर्दछ। बैंकको वास्तविक प्रगति स्वीकृत जोखिम प्रोफाइल र जोखिम वहन क्षमतासंग तुलना गरिन्छ जसले बैंकको उच्च व्यवस्थापनलाई जोखिम प्रोफाइलको निगरानी गर्न र व्यवसायिक गतिविधिहरुलाई जोखिम तथा प्रतिफलको सन्तुलन गरी मार्गनिर्देशन गर्न सक्षम बनाउछ। यसले जोखिमहरुको तुरुन्तै पहिचान गर्न तथा निवारण गर्न मद्दत गर्दछ र सुदृढ जोखिम पद्धतीको विकास गर्दछ। जोखिम वहन क्षमता तथा सीमा बैंकको व्यवस्थापनद्वारा प्रस्तावित गरिन्छ र संचालक समिति स्तरीय जोखिम व्यवस्थापन समितिद्वारा समिक्षा गरिन्छ। बैंकको संचालक समितिसंग जोखिम वहन क्षमता तथा सीमा स्वीकृत गर्ने अधिकार रहन्छ।

#### ५.१.१ (ग) तनाव परिक्षण

तनाव परिक्षण एक महत्वपूर्ण जोखिम व्यवस्थापन उपकरण हो जसले कुनै निश्चित तनावयुक्त घटनाहरुको कारण निम्तिन सक्ने संभाव्य हानिको आकार मापन गर्ने प्रयास गर्दछ। तनावयुक्त घटना एक असाधारण तर घट्न सक्ने त्यस्तो घटना हो जस प्रति बैंकको पोर्टफोलियो उजागर र संवेदनशील हुन्छ। जोखिम व्यवस्थापन संयन्त्रको एक अंगको रुपमा तनावपूर्ण बजार परिस्थितिहरुमा बैंकको अवस्थाको मूल्याङ्कन गर्न यस बैंकले जोड दिएको छ। यसले विभिन्न अवस्थाहरुको बारेमा जानकारी प्रदान गर्न मद्दत गर्दछ जुन अवस्थामा बैंक कमजोर र असुरक्षित हुन्छ। तत्पश्चात् व्यवस्थापनले त्यस्ता अवस्थाहरु उत्पन्न हुन नदिन र यदि त्यस्तो अवस्थाहरु उत्पन्न भएपनि त्यस्को असर न्यूनिकरण गर्नको लागि रणनीतिहरु तयार गर्दछ।

तनाव परीक्षण गर्दा बैंकले ती उपकरणहरु र बजारलाई विशेष ध्यान दिन्छ जसमा एकाग्रता विद्यमान हुन्छ किनकि तनावपूर्ण अवस्थामा लिक्विडेट वा समायोजन गर्न गाह्रो हुन सक्दछ। बैंकले भविष्यमा घट्न सक्ने सम्भाव्य घटनाहरुका साथै ऐतिहासिक बजार घटनाहरु, भवितव्य परिस्थितिहरु र खराब परिस्थितिहरुको ध्यान राख्दछ। विशेष बजार अवस्थाहरु र व्यवसायमा उत्पन्न हुन सक्ने जोखिमको एकाग्रता प्रतिबिम्बित गर्ने गरी adhoc स्थितिहरु समेत तयार गर्दछ। उदाहरणको

लागि व्याज दर संवेदनशीलतालाई उपजमा १ बेसिस प्वाइन्टको वृद्धिद्वारा मापन गरिन्छ जबकि विदेशी मुद्रा, कमोडिटि र इक्विटी संवेदनशीलता अन्तरनिर्हित मूल्य वा रकममा मापन गरिन्छ ।

तनाव परिक्षण पद्धतिमा यो मानिन्छ कि तनावयुक्त घटनाको समयमा व्यवस्थापनले चाल्न सक्ने कदमहरु संकुचित हुन्छ जसले गर्दा प्राय बजार तरलतामा कमी आउने गर्दछ । जोखिम प्रोफाईल र आर्थिक घटनाहरुको परिवर्तनको आधारमा तनाव परिस्थितिहरु नियमित रुपले अद्यावधिक गरिन्छ । बैंकको ALCO ले तनाव एक्सपोजरको समिक्षा गर्दछ र आवश्यकता अनुसार सम्पूर्ण बजार जोखिम एक्सपोजरमा न्यूनिकरण गर्न जोड दिन्छ । व्याज दर, क्रेडिट स्प्रेड, विनिमय दर, कमोडिटिको मूल्य तथा इक्विटीको मूल्यमा आउन सक्ने तनाव परिस्थितिहरुको नियमित परिक्षण गरिन्छ । तनाव परिक्षण पद्धतिले वित्तीय बजार, बैंकिङ्ग तथा व्यापारका सम्पूर्ण प्रकारका सम्पतिहरु समाविष्ट हुन्छ । साथै, ALCO बैठकहरुमा तनाव परिक्षणको ढाँचा र परिणामहरु छलफल गरिन्छ र उचित आकस्मिक योजनाहरु तयार रहेको सुनिश्चितता गरिन्छ ।

बैंकको तनाव परिक्षण पद्धतीले देहाय बमोजिमलाई सम्बोधन गर्दछ :

(क) एकाग्रता जोखिम,
(ख) तनावपूर्ण बजार अवस्थामा देखिने तरलताको कमि
(ग) एकतर्फी बजार,
(घ) घटना हुना साथ डिफल्ट हुने जोखिम,
(ङ) बैंकसँग पैसा नहुने अवस्था,
(च) मूल्यमा भिन्नताको कारण आउने अवस्था,
(छ) अन्य जोखिमहरु

बैंकको तनाव परिक्षण पद्धति परिमाणात्मक र गुणात्मक दुवै प्रकृतिको हुन्छ र बजारलाई बाधा पुऱ्याउन सक्ने बजार जोखिम र तरलता जोखिमहरुलाई समेत समावेश गरिएको हुन्छ । परिमाणात्मक प्रकृतिको परिक्षणले बैंकलाई असर पार्न सक्ने संभाव्य तनाव परिस्थितिहरु पहिचान गर्दछ । गुणात्मक प्रकृतिको परिक्षणले अधिक नोक्सानी धान्न सक्ने बैंकको पूँजीको क्षमता मूल्याङ्कन गर्ने र जोखिम न्यूनिकरण तथा पूँजी सुरक्षाका लागि बैंकले चाल्नु पर्ने कदमहरु पहिचान गर्ने जस्ता तनाव परिक्षणको दुई महत्वपूर्ण उद्देश्यलाई जोड दिन्छ । यो परिक्षण बैंकको रणनीति निर्धारण र मूल्याङ्कन गर्न अत्यन्त महत्वपूर्ण छ । तनाव परीक्षणको नतिजा नियमित रुपमा वरिष्ठ व्यवस्थापनलाई र समय समयमा जोखिम व्यवस्थापन समिति तथा संचालक समितिलाई जानकारी गराइन्छ ।

बैंकले तनाव परिक्षणलाई सामान्य परिस्थिति र विशेष परिस्थिति गरी दुई विस्तृत क्षेत्रमा परिक्षण गर्दछ ।

**१. सामान्य परिस्थिति**

बैंकले आफ्नो पोर्टफोलियोलाई विभिन्न बनावटी तनाव परिस्थितिहरुको आधारमा परिक्षण गर्दछ । बैंक आफैले कहिल्यै तनावयुक्त परिस्थितिहरुको सामना नगरे तापनि बैंकले आफ्नो पोर्टफोलियोलाई अन्यत्र घटेको घटनाले निम्त्याउन सक्ने तनावको आधारमा परिक्षण गर्दछ ।

बैंकले तयार पारेको तनाव परिक्षण संरचनामा विभिन्न ऐतिहासिक परिस्थितिहरुको विश्लेषण गरिएको छ । बैंकले ALCO द्वारा निर्धारित वा नेपाल राष्ट्र बैंकद्वारा समय समयमा जारी गरिएको मार्गनिर्देशन बमोजिम नियमित रुपमा तनाव परिक्षण संरचना अनुसार तनाव परिक्षण गर्दछ ।

**२. पोर्टफोलियोको विशेषताहरु समाविष्ट विशेष परिस्थिति**

माथि उल्लेखित सामान्य परिस्थितिहरुसंगै बैंकले आफ्नै तनाव परिक्षण पद्धति पनि विकसित गरेको छ जसले बैंकको पोर्टफोलियोको विशेषताको आधारमा सबैभन्दा प्रतिकूल परिस्थितिहरु पहिचान गर्दछ । तनाव परिक्षणको नतिजाहरुलाई उच्च व्यवस्थापनले सामयिक रुपमा समिक्षा गर्नुका साथै व्यवस्थापन तथा संचालक समितिद्वारा निर्धारित सीमा र नीतिमा समावेश गर्दछ ।

तनाव परिक्षण परिस्थितिहरुलाई निरन्तर समिक्षा गरिन्छ र आर्थिक परिवर्तन तथा बद्लिदो परिस्थिति अनुरुप अद्यावधिक गरिन्छ । बैंकले व्याज दरमा भएको उतारचढाव र समयावधिले बैंकको वर्तमान पोर्टफोलियो तथा भविष्यमा गर्ने लगानीमा पर्न सक्ने असरको आंकलन गर्दछ । यस विषयमा ALCO को बैठकमा छलफल गरिन्छ र यसका साथै ALCO को बैठकमा प्रत्येक नयाँ लगानीको निर्णय लिनु पूर्व यस्ता असरहरुको बारेमा छलफल गरिन्छ ।

**तनाव परिक्षणको नतिजा**

तनाव परिक्षणको नतिजा ALCO तथा जोखिम व्यवस्थापन समितिलाई नियमित रुपमा जानकारी गराईन्छ । सोहि नतिजा

संचालक समितिमा पनि विस्तृत रुपमा छलफल गरिन्छ । यसका साथै नेपाल राष्ट्र बैंकद्वारा जारी एकीकृत निर्देशिकाको आवश्यकता अनुसार तनाव परिक्षण प्रतिवेदन नेपाल राष्ट्र बैंकलाई पनि पठाइन्छ ।

**परिस्थिति विश्लेषण तथा संवेदनशीलता विश्लेषण**

नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभागद्वारा विकसित नमुना अनुसार परिस्थिति विश्लेषण तथा संवेदनशीलता विश्लेषण गरिन्छ । यद्यपि आवश्यकता अनुसार बैंकले अन्य प्रगतिशील तरिकाहरु अपनाउदछ र अन्य परिस्थितिहरु पनि विकास गर्दछ । बैंकले परिस्थिति विश्लेषण तथा संवेदनशीलता विश्लेषणको उपयोग गरि विभिन्न बनावटी तनाव परिस्थितिहरुले पूँजी पर्याप्तता अनुपात र विभिन्न जोखिमहरुमा पार्ने असरको आंकलन गर्दछ । झट्काको श्रोत थाहा नभई कुनै एउटा जोखिम कारकमा हुने उतारचढावले बैंकको वित्तीय अवस्थामा पर्ने असरको आंकलन गर्न बैंकले संवेदनशीलता विश्लेषणको प्रयोग गर्दछ । यसै गरि तनाव घटना पहिचान भई एक भन्दा बढि जोखिम कारकहरुमा एकसाथ हुने उतारचढावले बैंकको वित्तीय अवस्थामा पर्ने असरको मूल्याङ्कन गर्न बैंकले परिस्थिति विश्लेषणको प्रयोग गर्दछ ।

**५.१.२ (क) कर्जा जोखिम**

कर्जा जोखिम बैंकद्वारा उपलब्ध गराएको कर्जा तथा सापटि तिर्न नसक्ने सम्भावनासंग सम्बन्धित जोखिम हो । बैंकको मुख्य व्यवसाय नै कर्जा प्रदान गर्ने भएकोले बैंकमा कर्जा जोखिम उच्च हुन्छ । त्यसैले, कर्जा जोखिमहरु बैंकको उच्च जोखिमहरु मध्यमा पर्दछ । कर्जा जोखिमको व्यवस्थापनले बैंकको समग्र जोखिम व्यवस्थापनलाई बुझाउदछ ।

**कर्जा जोखिम :**

- कर्जा जोखिमको मापन ग्राहक वा काउन्टर पार्टीले भुक्तानी गर्न विफल हुँदा बैंकले गुमाउन सक्ने रकमको आधारमा गरिन्छ । डेरिभेटिभको मामलामा एक्सपोजरको मापन contract को तत्कालको mark to market मूल्यमा तथा करार अवधिमा बजार दरको उतारचढावका कारण तत्कालको mark to market मूल्यमा हुने अनुमानित सम्भाव्य परिवर्तनको आधारमा गरिन्छ ।
- कर्जा जोखिम सिमा भित्रै भएको वा नभएको तथ्यको निगरानी अधिकारप्राप्त अधिकारीद्वारा गरिन्छ । कर्जा जोखिम सिमाले यदि कर्जा तथा सापटि लिएको ग्राहक वा काउन्टर पार्टीले contractual दायित्वलाई पूरा गर्न विफल भएको अवस्थामा बैंकलाई हुने उच्च एक्सपोजर वा घाटालाई जनाउँदछ ।
- कर्जा जोखिमको व्यवस्थापन सुदृढ जोखिम नियन्त्रण संरचनाद्वारा गरिन्छ । जोखिम नियन्त्रण संरचनाले कर्जा जोखिम व्यवस्थापनसंग सम्बन्धित नीतिहरु, नियमहरु तथा मार्गनिर्देशनहरुलाई प्रष्ट रुपमा प्रदर्शित गर्दछ ।

**५.१.२ (ख) कर्जा जोखिम व्यवस्थापन**

कर्जा जोखिमहरु बैंकको उच्च जोखिमहरु मध्यमा पर्दछ जुन बैंकद्वारा उपलब्ध गराएको कर्जा तथा सापटी तिर्न नसक्ने सम्भावनासंग सम्बन्धित हुन्छ । कुनै एउटा समयमा बैंकको पूँजी तथा हानि नोक्सानी व्यवस्थाको पर्याप्ततालाई मध्यनजर राखि हानि न्यूनिकरण प्रक्रियाको अभ्यासलाई कर्जा जोखिम व्यवस्थापन भनिन्छ । दैनिक कारोवारमा हुने कर्जा जोखिम व्यस्थापन गर्न बैंकले विभिन्न जोखिम न्यूनिकरण पद्धतिहरु अपनाएको छ ।

कर्जा जोखिम व्यवस्थापनको उद्देश्य स्वीकार्य जोखिम सिमा भित्रै रहेर कर्जा प्रवाह तथा कायम राखि जोखिम न्यूनिकरण एवम् जोखिम समायोजित प्रतिफल दरको अधिकतमता हासिल गर्ने हो ।। हानि हुन सक्ने संभावनाको लगातार मापन एवम संभावित जोखिमहरुको पहिचान तथा न्यूनिकरण समावेश भएको बैंकको कर्जा जोखिम व्यवस्थापन अवधारणाको पालनाको लागि बैंकले आफ्नै कर्जा नीति तथा कर्जा सम्बन्धि नीतिहरु बनाएको छ । कर्जा जोखिम व्यवस्थापन गर्न र कम गर्न बैंकले उच्च श्रेणीको सम्पति धारण तथा कायम गर्ने अभ्यास गर्दै आएको छ । बैंकको कर्जा नीतिले जोखिम व्यवस्थापन प्रक्रियाहरुलाई विस्तृत रुपमा सम्बोधन गरेको छ । बैंकले विभिन्न कर्मचारीहरुलाई विशेषज्ञता र जोखिम आंकलन क्षमताको आधारमा विभिन्न सिमासम्म कर्जा स्विकृत गर्ने अधिकार दिएको छ । बैंकले हरेक कर्जा प्रस्तावको मूल्याङ्कन पश्चात् कर्जा प्रदान गर्ने वा नगर्ने निर्णय गर्दछ । निश्चित सिमाभन्दा बढिको कर्जा प्रस्तावलाई कर्जा जोखिम व्यवस्थापन विभागले समिक्षा गर्ने गर्दछ जसले कर्जा प्रवाह प्रक्रियामा स्वतन्त्र नियन्त्रण केन्द्रको भूमिका निर्वाह गर्दछ । साथै यस विभागले व्यवसायसंग सम्बन्धित अन्तर्निहित कर्जा जोखिमलाई सेफ्टि मार्जिन, थप धितो तथा थोरै कर्जा प्रवाह जस्ता तरिकाहरु अपनाएर पर्याप्तताका साथ सम्बोधन गरेको पक्का गर्दछ ।

बैंकले कर्जा सम्बन्धि संचालन प्रणालीलाई अझ सबल बनाउन विभिन्न प्रोडक्ट पेपर, मार्गनिर्देशिका तथा प्रक्रियाहरु अपनाएको छ ।

जाँच तथा सन्तुलन पद्धती बमोजिम प्रत्येक कर्जामा कम्तिमा दोहोरो स्वीकृति हुनु पर्ने प्रक्रिया बैंकले अपनाएको छ । कुनै पनि एक व्यवसायिक क्षेत्र अथवा एकल ऋणीमा पोर्टफोलियो एकाग्रता जोखिम नहोस् भनि सुनिश्चित गर्न बैंकले नियमित रुपमा

कर्जा पोर्टफोलियोको निगरानी गर्दछ । यसरी नै बैंकले नियन्त्रित लगानी नीति र पर्याप्त स्रोत मार्फत लगानी निर्णयहरुलाई पनि नियन्त्रण गर्दछ ।

धितो सम्बन्धि कागजातहरु तयार पार्न तथा रेखदेख गर्न बैंकले छुट्टै Central Credit Administration and Control Department (CCAC) विभाग स्थापना गरेको छ । स्वीकृत हुंदाका शर्तहरु बमोजिम सुरक्षित रहे नरहेको रुजु गर्ने गरी Four Eyes Concept को स्वरुपमा स्थापना गरिएको हो । यस विभागले कर्जा प्रवाह पश्चात् post relationship को मूल्याङ्कन गरि प्रवाहित कर्जा सुरक्षित भए वा नभएको सुनिश्चित गर्दछ ।

### ५.१.२ (ग) कर्जा नोक्सानी आंकलन तथा कर्जा जोखिम न्यूनिकरण

बैंकले नोक्सान कर्जाहरुको समयमै उचित कर्जा नोक्सानी व्यवस्था सिर्जना गर्ने गरेको छ ।

**कर्जा नोक्सानी आंकलन पद्धती**

***क) परिषोधित लागत (amortized cost) मा मापन गरिएका वित्तीय सम्पत्तिहरुमा हुने नोक्सानी***

शुरुमा बैंकले व्यक्तिगत रुपमा महत्वपूर्ण वित्तीय सम्पत्तिहरुमा नोक्सानीको objective evidence रहे नरहेको आंकलन गर्दछ । यदि कुनै कर्जालाई डिफल्ट भनी वर्गिकरण गरिएको छ वा बैंकले पाकेको सांवा वा व्याज रकम पूर्ण रुपमा वा प्रारम्भिक शर्तहरु अनुरुप असुली गर्न नसक्ने भएमा ती कर्जाहरुमा नोक्सानीको आंकलन गरिन्छ । यदि उक्त कर्जा धितोद्धारा सुरक्षित भएको खण्डमा त्यस्ता कर्जामा हुन सक्ने नोक्सानीको आंकलन गर्दा सुरक्षणमा राखिएको धितोको वर्तमान net realisable मूल्यलाई पनि मध्यनजर राखिन्छ । धितोको net present मूल्य कर्जाको रकम भन्दा पर्याप्त भएको खण्डमा नोक्सानीको गणना गरिदैन ।

नोक्सानीको objective evidence निर्धारण नभएका व्यक्तिगत वित्तीय सम्पत्तिहरुलाई एकै प्रकारका कर्जा जोखिम विशेषताहरु जस्तै धितोको किसिम, तिर्न बाँकि अवस्था वा अन्य उपयुक्त तत्वका आधारमा विभिन्न वित्तीय सम्पत्तिको समूहमा विभाजन गरिन्छ । वित्तीय सम्पत्तिहरुको आधारमा विभिन्न समूहहरुमा विभाजन गरी सामूहिक नोक्सानी आंकलन गरिन्छ । तर यदि कुनै सम्पत्तिमा व्यक्तिगत नोक्सानी व्यवस्था गरिएको छ भने ती सम्पत्तिलाई सामुहिक नोक्सानी आंकलन गर्दा समावेश गरिदैन ।

देहायका दुई अवस्थामा सामुहिक नोक्सानी आंकलन गरिन्छ :

- हानि भैसकेको तर व्यक्तिगत रुपमा हानि पहिचान नभएको कर्जाहरु
- व्यक्तिगत रुपमा महत्वपूर्ण नमानिएका एकै प्रकारका कर्जा तथा सापटीहरुको आधारमा विभिन्न समूहहरुमा विभाजित कर्जाहरु

**हानि भईसकेको तर व्यक्तिगत रुपमा हानि पहिचान नभएको**

व्यक्तिगत हानि पहिचान नभएका कर्जा तथा सापटीहरुलाई कर्जा जोखिम विशेषताको आधारमा विभिन्न समूहहरुमा विभाजन गरी अनुमानित सामुहिक नोक्सानी आंकलन गरिन्छ । रिर्पोटिङ्ग मिति भन्दा अगाडि नोक्सानी भैसकेको तर व्यक्तिगत रुपमा पहिचान नभएको नोक्सानीलाई समेत यस तरिकाले आंकलन गरेको नोक्सानी व्यवस्थाले समावेश गर्दछ ।

अहिले हानि भैसकेको तर व्यक्तिगत रुपमा पहिचान नभएको नोक्सानी भविष्यमा व्यक्तिगत रुपमा पहिचान भएको खण्डमा ती कर्जाहरुको हकमा सामुहिक नोक्सानी आंकलन नगरि व्यक्तिगत नोक्सानी आंकलन गरिनेछ ।

सामुहिक नोक्सानी व्यवस्थाको आंकलन गर्दा देहायका बुँदाहरुमा ध्यान दिइन्छ :

- समान कर्जा जोखिम भएको पोर्टफोलियोमा विगतमा भएको नोक्सानी
- वर्तमान आर्थिक स्थिति हेर्दा विगतमा भएको नोक्सानीभन्दा रिर्पोटिङ्ग मितिमा आंकलन गरिने नोक्सानी व्यवस्थाको रकम कम वा बढि हुन सक्ने व्यवस्थापनको अनुभवको आधारमा गरिएको निर्णय

**एकै प्रकारका कर्जा तथा सापटीहरुको आधारमा विभिन्न समुहहरुमा विभाजित कर्जाहरु**

एकै प्रकारका कर्जा तथा सापटीहरुको आधारमा विभिन्न समुहहरुमा विभाजित कर्जाहरुमा हुन सक्ने नोक्सानी आंकलन गर्न सांख्यिकी (statistical) विधिहरुको प्रयोग गरिन्छ । कर्जा अपलेखन भएमा ती कर्जाहरुलाई समुहबाट हटाई व्यक्तिगत रुपमा नोक्सानी मापन गरिन्छ ।

बैंकले देहायको विधिमार्फत सामुहिक हानि व्यवस्था आंकलन गर्दछ :

एकै प्रकारका कर्जा तथा सापटीहरुको आधारमा विभिन्न समुहहरुमा विभाजन गरे पश्चात् सामुहिक नोक्सानीको मापन Net flow rate method बाट गरिन्छ । यस पद्धतीमा बैंकले कर्जा तथा सापटीहरुलाई विभिन्न समूहहरुमा गरेको वर्गीकरण, त्यसमा आएको परिवर्तन र प्रतिवेदन अवधिसम्ममा पहिचान भएका घटनाहरुको आधारमा भविष्यमा बैंकलाई हुन सक्ने कर्जा नोक्सानी रकमको आंकलन गरिन्छ ।

यस पद्धतीमा भाका नाघेको अवधिको आधारमा कर्जा तथा सापटीहरुलाई विभिन्न समूहहरुमा विभाजन गरि सांख्यिकी विश्लेषण गरि विभिन्न समूहहरुमा विभाजन गरिएका ऋण तथा सापटीहरुको स्तर झर्न सक्ने र अन्ततः असुली हुन नसक्ने सम्भावनाको आंकलन गरिन्छ ।

हालको आर्थिक परिस्थिति तथा पोर्टफोलियो जोखिमका कारकहरुलाई समेत ध्यानमा राखि नोक्सानी व्यवस्था रकमको आंकलन गरिन्छ । आर्थिक परिस्थिति तथा पोर्टफोलियो जोखिमका कारकहरुमा देहायका कारकहरु समेत पर्दछन् :

- वर्तमान कर्जा पोर्टफोलियो वृद्धि तथा प्रोडक्ट समिश्रण
- बेरोजगारी दर
- कुल ग्राहस्थ उत्पादनमा भएको वृद्धि
- मुद्रास्फीति
- ब्याज दर
- सरकारी नीति तथा नियममा परिवर्तन
- सम्पतिको मूल्य
- भुक्तानीको अवस्था

कर्जा तथा सापटिमा गरिने नोक्सानी व्यवस्था निम्न दुई मध्य जुन अधिक हुन्छ सोही नै व्यवस्था गरिन्छ :

(क) माथि बुँदा नं. ५.१.२(ग) मा नोक्सानी आंकलन विधी अनुसार गणना गरिएको नोक्सानी व्यवस्था

(ख) नेपाल राष्ट्र बैंकद्वारा जारी एकिकृत निर्देशन नं. २ अनुसार गणना गरिएको कर्जा नोक्सानी व्यवस्था

**बुँदा नं. ५.१.२(ग) नोक्सानी आंकलन विधी अनुसार नोक्सानीको गणना :**

(क) सुरुमा बैंकको कुल कर्जा तथा सापटीको २५% ओगटेका ठूला ऋणीहरुलाई प्रदान गरेको कर्जालाई छनौट गरी ती कर्जालाई हरेक आर्थिक वर्षको अन्त्यमा व्यक्तिगत नोक्सानीको लागि परीक्षण गरिन्छ ।

(ख) बुँदा नं. (क) मा छनौट गरिएका कर्जा तथा सापटीहरुलाई तल दिएका मापदण्ड अनुसार व्यक्तिगत नोक्सानीको लागि परीक्षण गरिन्छ :

- ऋणीको नगद प्रवाहमा आएको समस्या थाहा भएमा
- सम्झौता अनुसार तिर्नु पर्ने सावा वा ब्याज भाका नाघेमा
- ऋण सहमति र शर्तको उल्लंघन गरेमा
- ऋणी टाट पल्टन सक्ने सम्भावना वा आर्थिक पुनर्संरचना गर्नु पर्ने देखिएमा
- वाह्य क्रेडिट रेटिङ्ग एजेन्सीले ऋणीको क्रेडिट रेटिङ्ग उल्लेखनिय तरिकाले घटेको पाइएमा
- बैंकको ऋणीसँगको एकिकृत एक्सपोजर
- ग्राहकको व्यवसायिक मोडलको व्यवहारिकता र ग्राहकको आर्थिक समस्या हल गर्ने तथा समयमै ऋण तिर्न सक्ने क्षमता ।
- अपेक्षित आम्दानी र असुलीको रकम र समय
- ऋणीले बैंकको कर्जा तथा सापटी तिर्नु अगाडि अरु ऋणदाताको ऋण तिर्ने गरि गरेको प्रतिवद्धता वा Pari-pasu र अरु ऋणदाताले उक्त ऋणीलाई लगातार सहायता गर्ने सम्भावना
- धितो जमानतको विश्वनीय मूल्य र बैंकले धितो आफ्नो प्रभुत्वमा ल्याउन सक्ने सम्भावना

(ग) बुँदा नं. (ख) अनुसार नोक्सानी परीक्षण गर्दा आ.व.२०७६/७७ र आ.व.२०७७/७८ मा कुनै कर्जा तथा सापटीमा व्यक्तिगत नोक्सानी पहिचान नभएको ।

(घ) व्यक्तिगत नोक्सानी पहिचान नभएका कर्जा तथा सापटीहरुलाई एकै प्रकारका कर्जा तथा सापटीहरुको आधारमा विभिन्न समूहहरु जस्तै घर कर्जा, आवधिक कर्जा, चालुपूंजि कर्जा, आदिमा विभाजन गरी सामुहिक नोक्सानी आंकलन गरिन्छ ।

(ङ) सामुहिक नोक्सानीको मापन Net flow rate method बाट गरिन्छ । यस पद्धतीमा बैंकले कर्जा तथा सापटीहरुलाई विभिन्न समूहहरुमा गरेको वर्गीकरण, त्यसमा आएको परिवर्तन र प्रतिवेदन अवधि सम्ममा पहिचान भएका घटनाहरुको आधारमा भविष्यमा बैंकलाई हुन सक्ने कर्जा नोक्सानी रकमको आंकलन गरिन्छ ।

(च) माथि बुँदा (ङ) मा उल्लेख गरे अनुसार गणना गरेको सामुहिक नोक्सानीको रकम देहाय बमोजिम छ :

रकम रु.

| विवरण | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ |
|---|---|---|
| NAS 39 को अनुछेद ६३ अनुसार कुल सामुहिक जोखिम व्यवस्था | २,२००,३०४,८६९।- | ८५५,९७२,९२३।- |

**कर्जा तथा लिनुपर्ने रकमको अपलेखन**

कर्जा असुली नहुने अवस्था देखिएमा कर्जालाई आंशिक वा पूर्ण रुपमा अपलेखन गरिन्छ। तर सुरक्षित ऋणको हकमा सुरक्षणमा राखिएको सम्पत्तिको लिलामी बिक्री पछि मात्र अपलेखन गरिन्छ। तर यदि सुरक्षणमा राखिएको सम्पत्तिको मूल्य निर्धारण भएमा र थप असुली नहुने देखिएमा अघि नै अपलेखन गर्न सकिन्छ। आ.व. २०७७/७८ मा बैंकले रु २४,६७९ (व्याज समेत) को कर्जा अपलेखन गरेको छ। अपलेखन गरिएका ऋणीहरुको विवरण देहाय बमोजिम रहेको छ :

| क्र.स. | ऋणीको नाम | रकम (रु) | ऋणीको बाबुको नाम | ऋणीको बाजेको नाम |
|---|---|---|---|---|
| १ | मैया ठकुरी | ४,११३ | राम बहादुर ठकुरी | कुबेर ठकुरी |
| २ | ईन्द्र शाही दर्जि | ४,११३ | राम बहादुर दर्जी दमाई | बहादुर दर्जी दमाइ |
| ३ | संगिता ठकुरी | ४,११३ | राम बहादुर ठकुरी | कुबेर ठकुरी |
| ४ | अनिता शाही | ४,११३ | राम बहादुर ठकुरी | कुबेर ठकुरी |
| ५ | सुरज शाही | ४,११३ | राजेन्द्र शाही | केशर बहादुर शाही |
| ६ | राजेन्द्र शाही | ४,११३ | केशर बहादुर शाही | पृथ्वी ध्वज शाही |
| जम्मा | | २४,६७९ | | |

**धितो व्यवस्थापन**

बैंकले वित्तीय सम्पतिको जोखिम न्यूनिकरण गर्न सके सम्म धितोको प्रयोग गर्दछ । नगद, धितोपत्र, (प्रतितपत्र) जमानत, अचल सम्पत्ति, प्राप्ती, स्टक र अन्य गैर वित्तीय सम्पत्ति जस्ता विभिन्न धितोका प्रकारहरु हुन्छन् । साधारणतया धितोको उचित मूल्यको आंकलन कम्तिमा कर्जा प्रदान गर्दाको बखत नेपाल राष्ट्र बैंकको मार्गनिर्देशिकाको आधारमा गरिन्छ। अचल सम्पत्ति जस्ता गैर वित्तीय धितोको मूल्यांकन गर्दा स्वतन्त्र मूल्यांकनकर्ता र लेखापरीक्षण भएको वित्तीय विवरण जस्ता तेस्रो पक्षको विवरणको आधारमा गरिन्छ ।

**CRM अन्तर्गत प्राप्त कर्जा जोखिम न्यूनीकरण**

आषाढ मसान्त २०७८ मा प्रयोग भएका विभिन्न योग्य कर्जा जोखिम न्यूनीकरणका प्रकार र ती CRMs अनुसार लिइएको फाइदा तल दिइएको छ :

| विवरण | योग्य CRM (रु. हजारमा) |
|---|---|
| बैंकमा निक्षेप | २,६१६,४७० |

***ख) अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्तिको नोक्सानी***

अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्तिको लागि बैंकले हरेक रिर्पोटिङ्ग मितिमा हानि नोक्सानी भए वा नभएको objective evidence आंकलन गर्दछ ।

बैंकले जसरी परिषोधित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्तिको हानि नोक्सानी आंकलन गर्दछ, त्यसरी नै debt उपकरणहरुको हकमा व्यक्तिगत रुपमा हानि नोक्सानी आंकलन गर्दछ। यद्धपि नोक्सानीको कूल रकम भने परिषोधित मूल्य र वर्तमान उचित मूल्यको फरक रकममा नाफा वा नोक्सान हिसाबमा पहिले समावेश गरिसकेको नोक्सानी व्यवस्था घटाएर निकालिन्छ। भविष्यमा हुने व्याज आम्दानी हानि नोक्सानी घटाइसकेपछिको वित्तीय सम्पत्तिको मूल्यमा आधारित हुन्छ र व्याज आर्जनको लागि त्यही दरको प्रयोग गरिन्छ जुन दरले हानि नोक्सानी रकम आंकलन गरिएको हुन्छ। यदि भविष्यमा debt उपकरणहरुको उचित मूल्य बढेमा र त्यस्तो वृद्धिको कारण हानि नोक्सानी व्यवस्था गरिसकेपछि credit event भएको ठहर भएमा हानि नोक्सानी व्यवस्थालाई नाफा वा नोक्सान हिसाबमार्फत रिभर्स गरिन्छ ।

अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको इक्विटी उपकरणहरुको हकमा हानिको आधारभूत प्रमाणको रुपमा परल मूल्यभन्दा उचित मूल्य धेरैले वा दिर्घकालीन रुपले घटेको स्थितिलाई समेत लिइन्छ । यदि हानि भएको प्रमाण भेटेमा परल मूल्य र वर्तमान उचित मूल्यको फरक रकममा नाफा वा नोक्सान हिसाबमा पहिले समावेश गरिसकेको नोक्सानी व्यवस्था घटाएर आएको कुल नोक्सानलाई इक्विटीबाट हटाइ नाफा वा नोक्सान हिसाबमा देखाइन्छ । तर यदि भविष्यमा अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको impaired इक्विटी उपकरणहरुको उचित मूल्य बढेमा बढेको रकमलाई अन्य विस्तृत आम्दानीको विवरणमा समावेश गरिन्छ। अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको इक्विटी उपकरणहरु uncollectible हुने निश्चित भएमा बैंकले ती सम्पतिहरु अपलेखन गर्दछ ।

### ५.१.३ (क) तरलता जोखिम

तरलता जोखिम भन्नाले अस्वीकार्य मूल्य अथवा नोक्सानी नव्योहोरी भनेको समयमा आफ्नो दायित्व पूरा गर्न नसक्नाले वा सम्पत्ति वृद्धी गर्न नसक्नाको कारणले बैंकलाई हुन सक्ने नोक्सानीको सम्भावनालाई जनाउदछ । तरलता भनेको आफ्नो सम्पत्तिलाई समय रहदै दायित्व पूरा गर्न सक्ने हिसाबले नगद तथा नगद समानमा उपयुक्त मूल्यमा परिवर्तत गर्न सक्ने क्षमता हो । तरलता जोखिमलाई बैंकको एक मुख्य जोखिमको रुपमा लिइन्छ । बैंकको तरल सम्पत्तिले दायित्वको रकम पूर्ति गर्न नसकेको खण्डमा तरलता जोखिम उत्पन्न हुन्छ र त्यस्तो परिस्थितिमा बैंकले बजारबाट आवश्यक तरलताको पूर्ति गर्दछ।

**तरलता जोखिमलाई :**

- Maturity ladder analysis को प्रयोग गरी मापन गरिन्छ ।
- बैंकको तरलता जोखिम व्यवस्था संरचना अनुसार निगरानी गरिन्छ र सम्पत्ति तथा दायित्व व्यवस्थापन समितिद्वारा पुनर्निरीक्षण गरिन्छ ।
- बजारमा नियमीत रुपले चलि आएको बजार अभ्यास अनुसार नभएको खण्डमा कुनै सम्बन्धित पक्ष वा नेपाल राष्ट्र बैंकको भर नपरि एकल रुपमा व्यवस्थापन गरिन्छ ।

### ५.१.३ (ख) तरलता जोखिम व्यवस्थापन

बैंकको संचालक समितिले बैंकसंग आवश्यक तरलता जोखिम व्यवस्थापन संरचना भएको र बैंक अनियमित तरलता परिस्थितिहरुको सामना गर्न सक्षम रहेका सुनिश्चितता गर्दछ। त्यसै गरी बैंकले तरलता नीति र Contingency कोष योजना तयार पारेको छ जसलाई वरिष्ठ व्यवस्थापनको सिफारिसमा संचालक समितिले स्वीकृत गरेको छ । बैंकले तरलता अवस्था निर्धारण गर्न flow measures को प्रयोग गर्नुका साथै maturity ladder analysis को पनि प्रयोग गर्दछ जसले एक समय अवधि भित्र बैंकको inflow र outflow तय गरी net defict वा Surplus (GAP) को अनुमान गर्दछ। Maturity ladder को उपयोग गरी नगद अन्त प्रवाह (inflow) र नगद व्याय प्रवाह (outflow) को दैनिक रुपमा अथवा तोकिएको समयमा नेपाल राष्ट्र बैंकद्वारा जारित एकिकृत निर्देशिकाको (निर्देशिका-५) अन्तर्गत NRB Ni. Fa. No 5.1 अनुसार तुलना गरिन्छ ।

बैंकको तरलता मूल्याङ्कन, मापन र व्यवस्थापन ट्रेजरी विभागले गर्दछ र विभागले नेपाल राष्ट्र बैंकले तोकेको CRR, SLR र Credit to Deposit Ratio / Liquidity Ratio जस्ता अनुपातहरु बैंकले पालना गरेको सुनिश्चित गर्दछ । यसका साथै तरलता जोखिम व्यवस्थापनको निम्ति विभागले निर्धारित सीमाभन्दा माथि रहि लगानी कायम गर्दछ।

### ५.१.४ (क) बजार जोखिम

बजार जोखिम भन्नाले बजार मूल्यमा हुने प्रतिकुल गतिविधिले गर्दा बैंकको वासलात भित्र र वाहिरको स्थितिमा नोक्सान हुन सक्ने जोखिम हो । बजार जोखिमका मुख्य तत्वहरु देहाय बमोजिम हुन्छन् :

- व्याजदर सम्बन्धि उपकरणहरु सम्बन्धी जोखिम
- विदेशी विनिमय (सुनको मूल्य समेत) मा परिवर्तन सम्बन्धी जोखिम
- इक्विटी तथा कमोडिटिमा लगानी सम्बन्धी जोखिम
- बजार कारोवारमा एकाग्रता तथा सहसम्बन्ध तत्वहरुको जोखिम

### ५.१.४ (ख) बजार जोखिम व्यवस्थापन

बैंकको संचालक समितिले बजार जोखिम नीति तथा ढाँचालाई स्वीकृत गर्दछ । बजार तथा तरलता जोखिम निरिक्षण र व्यवस्थापनको निमित्त बैंकले सम्पत्ति तथा दायित्व व्यवस्थापन समिति (ALCO) गठन गरेको छ जसले नियमित रुपमा बैठक बसि बैंकको सम्पत्ति तथा दायित्वको स्थिति, प्रोफाइल, विदेशी मुद्राहरुमा विनिमय दरका परिवर्तनले उत्पन्न हुने जोखिमहरुको

निगरानी, GAP analysis को समिक्षा तथा इक्विटी लगानी सम्बन्धि रणनीतिहरु बनाउने गर्दछ । सबै विदेशी विनिमय अवस्थाहरुको व्यवस्थापन Treasury Front Office ले गर्दछ । Front Office ले गरेका सम्झौताहरुको कार्यावन्यन र बैंकको तरलता स्थितीको निरीक्षण Treasury Back Office ले गर्दछ भने Treasury middle office ले ट्रेजरी व्यवस्थापन सम्बन्धि जोखिमहरुको निगरानी, मापन तथा मूल्याङ्कन गर्दछ । उचित जाँच र नियन्त्रणको लागि ट्रेजरी विभागको Front Office र Back Office को छुट्टाछुट्टै रिर्पोटिङ्ग लाइन निर्धारण गरिएको छ । Treasury middle office ले ट्रेजरी सम्बन्धि गतिविधिहरुबाट स्वतन्त्र रहि ALCO तथा एकिकृत जोखिम व्यवस्थापन विभागलाई रिर्पोट गर्दछ ।

### ५.१.४ (ग) बजार जोखिम आंकलन पद्धति

नेपालको बजार जोखिमको थुप्रै अंगहरु मध्य विदेशी विनिमय दर परिवर्तन जोखिम प्रमुख हो । त्यसैले विदेशी विनिमय दर परिवर्तन जोखिम मापनको लागि बैंकले net open position approach को प्रयोग गर्नुका साथै नेपाल राष्ट्र बैंकले जारी गरेको पूँजी पर्याप्तता संरचना अनुसारको पूँजी कायम गर्दछ ।

### ५.१.५ (क) संचालन जोखिम

संचालन जोखिम भन्नाले अपर्याप्त वा विफल आन्तरिक प्रक्रियाहरु, व्यक्तिहरु र प्रणाली अथवा बाह्य घट्नाहरुले निम्त्याउन सक्ने नोक्सानी वा बैंकको प्रतिष्ठामा हुन सक्ने हानिलाई जनाउंदछ । संचालन जोखिम बैंकको सबै गतिविधिहरुमा अन्तर्निहित हुन्छ ।

### ५.१.५ (ख) संचालन जोखिम व्यवस्थापन

संचालन जोखिमको निरीक्षणको निमित्त बैंकले विभिन्न बैकिङ्ग कार्यहरुको लागि Standard Operating Procedures तयार पारेको छ जुन व्यवसायिक सन्दर्भलाई मध्यनजर राखि समय समयमा समीक्षा र परिमार्जन गरिन्छ ।

बैंकले सबै संचालन सम्बन्धित क्रियाकलापहरुमा दोहोरो नियन्त्रण प्रणाली अपनाएको छ जसमा हरेक वित्तीय र गैर वित्तीय कारोबारलाई कारोबारकर्ता भन्दा माथिल्लो तहको व्यक्तिले स्वीकृत गर्दछ । जोखिम निरिक्षण प्रणालीको पर्याप्तता मूल्याङ्कन गर्नका लागि नियमित बैठक बसी समीक्षा गर्दछ र उक्त प्रणालीमा आवश्यकता अनुसार परिवर्तन गर्दछ । वित्त विभागको निगरानीमा रहि सबै Nostro र Agency खाता, अन्तर-शाखा र अन्तर विभाग हिसाबको दैनिक रुपमा हिसाब मिलान गर्नका लागि स्वतन्त्र हिसाब मिलान इकाई गठन गरेको छ । यसका साथै बैंकले स्वतन्त्र आन्तरिक लेखापरीक्षण विभाग स्थापना गरेको छ जसले बैंकको लेखापरीक्षण समितिलाई रिपोर्ट गर्दछ । त्यसै गरी व्यवसायिक प्रक्रिया र वित्तीय अवस्था समीक्षा गर्न लेखापरीक्षण समितिको समय समयमा बैठक बस्दछ । बैंकको जोखिम व्यवस्थापन ढाँचा बमोजिम शाखाहरुको संचालन जोखिम व्यवस्थापन र निरीक्षण अझ सबल रुपले गर्न बैंकले छुट्टै संचालन जोखिम व्यवस्थापन विभाग र अनुपालन विभाग स्थापना गरेको छ ।

### ५.१.५ (ग) संचालन जोखिम आंकलन पद्धति

नेपाल राष्ट्र बैंकले जारी गरेको पूँजी पर्याप्तता संरचना Capital Adequacy Framework अन्तर्गत भएको Basic Indicator approach प्रयोग गरी बैंकले संचालन जोखिमको आंकलन गर्दछ । Basic Indicator Approach अनुसार समग्र रुपमा संचालन जोखिम तय गर्न Operational risk capital charge लाई ११% ले भाग गरिन्छ । संचालन जोखिम आंकलन गर्न बैंकले विगतमा घटेका प्रणाली विफलता, प्रणाली विफलताका कारण भएको घाटा तथा अन्य बाहिरी कारकहरुको मध्यनजर राख्दछ । बैंकले चरणवद्ध रुपमा जोखिम व्यवस्थापन प्रक्रिया प्रयोग गरी संचालन जोखिमको निगरानी, मापन, मूल्याङ्कन तथा भविष्यमा हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्दछ ।

### ५.१.६ वित्तीय सम्पत्ति तथा दायित्वको उचित मूल्य

वित्तीय सम्पत्ति तथा दायित्वको उचित मूल्यको मापन गर्न सो मूल्य झल्काउने उपयुक्त बजारको छनौटको लागि निम्न बमोजिमको प्राथमिकताको क्रम अपनाइएको हुन्छ:

***श्रेणी १***

यस श्रेणीमा बजार मूल्यको निर्धारण सो सम्पत्ति/दायित्व वा उस्तै सम्पत्ति/दायित्वको स्वतन्त्र र सक्रिय रुपमा खरिद बिक्री हुने बजारमा चलन चल्तीमा रहेको मूल्यलाई कुनै समायोजन विना नै गरिन्छ । व्यापारिक लगानी र अन्य विस्तृत आम्दानी मार्फत उचित मूल्यमा मूल्याङ्कन गरिएका वित्तीय सम्पत्तिहरुलाई श्रेणी १ मा वर्गिकरण गरिएको छ ।

***श्रेणी २***

यस श्रेणीमा बजार मूल्यको निर्धारण सो निर्धारण गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उपलब्ध हुने उपयुक्त तथ्याङ्कका आधारमा गर्ने गरिएको हुन्छ ।

*श्रेणी ३*

बजार मूल्य श्रेणी २ अनुसार पनि निर्धारण गर्न नसकिएमा सो को निर्धारण मूल्याङ्कनका विभिन्न पद्धति अपनाएर गरिन्छ र सो मध्य बढी उचित र उपयुक्त मूल्याङ्कन पद्धतिबाट आएको मूल्यलाई बजार मूल्यको रुपमा लिने गरिन्छ।

## ५.२ पूँजी व्यवस्थापन

### क) गुणात्मक प्रकटिकरण

व्यवसायको विकास र नियमनकारी पूँजी आवश्यकता पुर्तीलाई समर्थन गर्ने सुदृढ पूँजीको आधार कायम गर्ने बैंकको चाहना अनुरुप पूँजी व्यवस्थापन पद्धतिको विकास गरिएको छ।

बैंकसँग हेरक समयमा पर्याप्त पूँजी उपलब्ध होस् भन्ने सुनिश्चित गर्न पूँजी योजना र व्यवस्थापन अत्यन्त आवश्यक छ। बैंकले प्रतिकुल आर्थिक वातावरणलाई ध्यानमा राखी धेरै प्रकारको परिस्थितिहरु र त्यसले निम्त्याउन सक्ने असरहरुलाई समावेश गरेर पूँजी व्यवस्थापन योजना तयार पारेको छ।

प्रभावकारी पूँजी व्यवस्थापन योजनाको महत्वपूर्ण तत्वहरु:

- नेपाल राष्ट्र बैंक बमोजिम न्यूनतम पूँजी आवश्यकता
- व्यवसाय बृद्धिको सम्भावना तथा जोखिम
- लाभांश नीति
- पूँजी संकलनका सम्भावित उपकरणहरु (इक्विटी, ऋणपत्र, आदि)
- विभिन्न तनाव परिस्थितिहरु
- सम्पतिको बिक्री
- उच्च व्यवस्थापनले आवश्यक ठानेका अन्य तत्वहरु

**बैंकले जारी गरेका पूँजी उपकरणहरुको मुख्य विशेषता तथा शर्तहरु**

बैंकले ऋणपत्र जारी गरेर रु. ८,१६२,५५९,०००/- ले पूँजी बढाएको छ। बैंकले जारी गरेका ऋणपत्रहरुको मुख्य विशेषता तथा शर्तहरु निम्न बमोजिम छन् :

| ऋणपत्रको नाम | रकम (रु.) | व्याज दर (%) | जारी मिति | भुक्तानी मिति |
|---|---|---|---|---|
| एस.बि.एल ऋणपत्र २०७८ (रु. १००० को दरले) | ५००,०००,०००/- | ७.५० | २०७१/१०/०९ | २०७८/१०/०८ |
| एस.बि.एल ऋणपत्र २०८२ (रु. १००० को दरले) | २,१६२,५५९,०००/- | १०.५० | २०७५/०९/२९ | २०८२/०९/२८ |
| एस.बि.एल ऋणपत्र २०८३ (रु. १००० को दरले) | २,५००,०००,०००/- | १०.२५ | २०७६/०५/२६ | २०८३/०५/२५ |
| एस.बि.एल ऋणपत्र २०८४ (रु. १००० को दरले) | ३,०००,०००,०००/- | ८.५० | २०७७/०६/२७ | २०८४/०६/२६ |
| **जम्मा** | **८,१६२,५५९,०००/-** | | | |

आ.व. २०७७/७८ मा बैंकले रु ३ अर्ब बराबरको नयाँ ऋणपत्र जारी गरेको छ। सो ऋणपत्र जारी गर्दा कुल रु. ५,९५९,०४४ खर्च लागेको छ जुन जारी गरिएको ऋणपत्र रकमको ०.२० प्रतिशत रहेको छ।

**अन्य शर्तहरु:**

१. ऋणपत्रको म्याद सकेको समयमा ऋणपत्रको फेस भ्यालुमा रकम फिर्ता गरिनेछ।
२. अर्ध वार्षिक रुपमा व्याज भुक्तानी गरिनेछ।

(ख) परिमाणात्मक विवरण

## १. पूँजी संरचना तथा पूँजी पर्याप्तता

- **प्राथमिक पूँजी र यसका पुरकहरु**

| क्र.स. | विवरण | रकम (रु. हजारमा) |
|---|---|---|
| | **प्राथमिक पूँजी (CET 1+ AT 1)** | १६,७२५,९२४ |
| | **Common Equity Tier 1 (CET 1)** | १६,७२५,९२४ |
| १ | शेयर चुक्ता पूँजी | १०,९६२,२९९ |
| २ | इक्विटी शेयर प्रिमियम | - |
| ३ | प्रस्तावित बोनस इक्विटी शेयर | - |
| ४ | वैधानिक साधारण जगेडा कोष | ३,१९१,६४९ |
| ५ | संचित मुनाफा | १,८०८,६२९ |
| ६ | चालु आ.व. को नाफा/(नोक्सान) | - |
| ७ | पूँजी समायोजन कोष | १९,४२८ |
| ८ | पूँजी फिर्ता जगेडा कोष | १,२२०,८५३ |
| ९ | घटाउने : अमूर्त सम्पत्ति | ८१,५०१ |
| १० | घटाउने : वित्तीय स्वार्थ रहेका संस्थाहरुको इक्विटीमा लगानी | ३९५,४३२ |
| ११ | घटाउने : अन्य कटौतीहरु | - |
| | **अतिरिक्त Tier-1 (AT1)** | - |

- **पुरक पूँजी**

| क्र.स. | विवरण | रकम (रु. हजारमा) |
|---|---|---|
| १ | क्युम्युलेटिभ वा फिर्ता हुने अग्राधिकार शेयर | - |
| २ | सुरक्षण नराखिएको सहायक आवधिक ऋण | ७,२३०,०४७ |
| ३ | हाइब्रिड पूँजी उपरकणहरु | - |
| ४ | असल कर्जा नोक्सानी व्यवस्था | २,२३३,९७२ |
| ५ | लगानी समायोजन कोष | - |
| ६ | सम्पत्ति पुनर्मूल्याङ्कन कोष | - |
| ७ | सटही समिकरण कोष | ३१,१२६ |
| ८ | अन्य जगेडाहरु | - |
| | **जम्मा पुरक पूँजी** | **९,४९५,१४५** |

- **सुरक्षण नराखिएको सहायक आवधिक ऋण**

१. बैंकले रु. ५० करोडको एस.बि.एल ऋणपत्र २०७८ जारी गरेको छ जसको फेस भ्यालु रु. १००० रहेको छ। एस.बि.एल ऋणपत्र २०७८ को मुख्य विशेषताहरु निम्न लिखित छन् :

- समय अवधि - ७ वर्ष
- व्याज दर - ७.५० प्रतिशत प्रति वर्ष
- व्याज भुक्तानी - अर्ध वार्षिक रुपले
- Liquidation भएमा दावी - Depositor पछि
- ऋणपत्र चुक्ता गर्न ऋणपत्र भुक्तानी कोषको व्यवस्था गरिएको
- ऋणपत्रलाई अन्य बैंक तथा वित्तीय संस्थामा धरौटी राख्न सकिने
- नेपाल स्टक एक्सचेन्जमा सूचीकृत

२. बैंकले रु. २.१६ अर्बको एस.बि.एल ऋणपत्र २०८२ जारी गरेको छ जसको फेस भ्यालु रु. १००० रहेको छ। एस.बि.एल ऋणपत्र २०८२ को मुख्य विशेषताहरु निम्न लिखित छन् :

- समय अवधि - ७ वर्ष
- व्याज दर - १०.५० प्रतिशत प्रति वर्ष
- व्याज भुक्तानी - अर्ध वार्षिक रुपले
- Liquidation भएमा दावी - Depositor पछि
- ऋणपत्र चुक्ता गर्न ऋणपत्र भुक्तानी कोषको व्यवस्था गरिने
- ऋणपत्रलाई अन्य बैंक तथा वित्तीय संस्थामा धरौटी राख्न सकिने
- नेपाल स्टक एक्सचेन्जमा सूचीकृत

३. बैंकले रु. २.५० अर्बको एस.बि.एल ऋणपत्र २०८३ जारी गरेको छ जसको फेस भ्यालु रु. १००० रहेको छ। एस.बि.एल ऋणपत्र २०८३ को मुख्य विशेषताहरु निम्न लिखित छन् :

- समय अवधि - ७ वर्ष
- व्याज दर - १०.२५ प्रतिशत प्रति वर्ष
- व्याज भुक्तानी - अर्ध वार्षिक रुपले
- Liquidation भएमा दावी - Depositor पछि
- ऋणपत्र चुक्ता गर्न ऋणपत्र भुक्तानी कोषको व्यवस्था गरिने
- ऋणपत्रलाई अन्य बैंक तथा वित्तीय संस्थामा धरौटी राख्न सकिने
- नेपाल स्टक एक्सचेन्जमा सूचीकृत

४. बैंकले रु. ३ अर्बको एस.बि.एल ऋणपत्र २०८४ जारी गरेको छ जसको फेस भ्यालु रु. १००० रहेको छ। एस.बि.एल ऋणपत्र २०८४ को मुख्य विशेषताहरु निम्न लिखित छन् :

- समय अवधि - ७ वर्ष
- व्याज दर - ८.५० प्रतिशत प्रति वर्ष
- व्याज भुक्तानी - अर्ध वार्षिक रुपले
- Liquidation भएमा दावी - Depositor पछि
- ऋणपत्र चुक्ता गर्न ऋणपत्र भुक्तानी कोषको व्यवस्था गरिने
- ऋणपत्रलाई अन्य बैंक तथा वित्तीय संस्थामा धरौटी राख्न सकिने
- नेपाल स्टक एक्सचेन्जमा सूचीकृत

- **पूँजीबाट कटौती**

बैंकले सिद्धार्थ इन्स्योरेन्स लिमिटेडको साधारण शेयरमा रु. ८०,४३०,०००/-, सिद्धार्थ क्यापिटल लिमिटेडको साधारण शेयरमा रु. ५१,०००,०००/- र रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेडको को साधारण शेयरमा रु. २६४,०००,०००/- लगानी गरेको छ जुन पूँजी पर्याप्ता निर्धारण गर्दा प्राथमिक पूँजीबाट घटाइएको छ।

- **कूल योग्य (Qualifying) पूँजी**

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| Common Equity Tier-1 (CET-1) | १६,७२५,९२४ |
| अतिरिक्त Tier-1 (AT1) | - |
| पूरक पूँजी (Tier 2) | ९,४९५,१४५ |
| **जम्मा पूँजी कोष** | २६,२२१,०६९ |

- **पूँजीकोषको अनुपात**

| पूँजीकोष अनुपात | प्रतिशत |
|---|---|
| Common Equity Tier-1 अनुपात | ८.५२ % |
| प्राथमिक पूँजी अनुपात - Tier 1 | ८.५२ % |
| कुल पूँजीकोष अनुपात (Tier 1 & Tier 2) | १३.३६ % |

- **पूँजी पर्याप्तता निर्धारण गर्ने बैंकको आन्तरिक तरिका**

प्रतिकुल आर्थिक वातावरणको सामना गर्न बैंकले विभिन्न परिस्थितिहरुसामेल गरेर र अर्थतन्त्र, बजार, प्रतिस्पर्धा, राजनीतिक अवस्था तथा अन्य बाहिरी तत्वहरुमा आउने परिवर्तनप्रति सजक भइ आफ्नो पूँजी पर्याप्तताको आंकलन गर्दछ। पूँजीपर्याप्तता निर्धारण गर्दा निम्न तत्वहरु ध्यानमा राखिन्छ :

- नेपाल राष्ट्र बैंक बमोजिम न्यूनतम पूँजी आवश्यकता
- व्यापार बृद्धि सम्भावना तथा जोखिम
- लाभांश नीति
- पूँजी संकलनका सम्भावित उपकरणहरु (इक्विटी, ऋणपत्रहरु जस्ता)
- विभिन्न तनाव परिदृश्यहरु
- सम्पतिको बिक्री
- उच्च व्यवस्थापनले आवश्यक ठानेका अन्य तत्वहरु

## २. जोखिम भारित सम्पत्ति

- **कर्जा जोखिम, बजार जोखिम र संचालन जोखिमको लागि जोखिम भारित सम्पत्ति**

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| कर्जा जोखिमको लागि जोखिम भारित सम्पत्ति | १७८,७१७,७५५ |
| संचालन जोखिमको लागि जोखिम भारित सम्पत्ति | ७,६९४,२०९ |
| बजार जोखिमको लागि जोखिम भारित सम्पत्ति | २,३७१,७०६ |
| पिल्लर-II अन्तर्गतको समायोजन | |
| जोड : ६.४(क)(७) अनुसार सम्पत्ति दायित्व व्यवस्थापन सन्तोषजनक नरहेको कारण खुद व्याज आम्दानीको ३% बजार जोखिममा समायोजन | १,८२०,७९२ |
| जोड : ६.४(क)(९) अनुसार समग्र जोखिम व्यवस्थापन सन्तोषजनक नभएकोले कुल जोखिम भारित सम्पतिमा ३% समायोजन | ५,६६३,५१० |
| **कुल जोखिम भारित सम्पत्ति (पिल्लर-II अन्तर्गतको समायोजन पछि)** | **१९६,२६७,९७२** |

- **कर्जा जोखिम वर्गीकरणको आधारमा जोखिम भारित सम्पत्ति**

| क्र.स. | वर्गीकरण | जोखिम भारित सम्पत्ति (रकम रु. हजारमा) |
|---|---|---|
| १ | अन्य वित्तीय संस्था उपरको दाबी | - |
| २ | आवश्यक पूँजी पर्याप्तता पूरा भएको स्वदेशी बैंक उपरको दाबी | ६९,७६२ |
| ३ | आवश्यक पूँजी पर्याप्तता पूरा नभएको स्वदेशी बैंक उपरको दाबी | - |
| ४ | विदेशी बैंक उपरको दाबी (ECA 0 - 1) | ४३१,२९८ |
| ५ | विदेशी बैंक उपरको दाबी (ECA 2) | ४३४,९८० |
| ६ | विदेशी बैंक उपरको दाबी (ECA Rating 3 - 6) | - |
| ७ | SAARC क्षेत्रभित्र स्थापना भएका विदेशी बैंक जसको पूँजीकोष तोकिएको पूँजीकोष भन्दा १% बढी छ, त्यस बैंक उपरको दाबी | ३८४,७०२ |
| ८ | स्वेदशी संघ संस्थाहरु उपरको दाबी | ९४,२०४,७२२ |
| ९ | विदेशी संघ संस्थाहरु उपरको दाबी (ECA 0-1) | - |
| १० | विदेशी संघ संस्थाहरु उपरको दाबी (ECA 7) | - |
| ११ | Regulatory Retail Portfolio (भाका ननाघेको) मा दाबी | ३४,९२२,५०६ |
| १२ | आवासिय घरजग्गाबाट सुरक्षित दाबी | २,९६७,८३५ |
| १३ | आवासिय घरजग्गाबाट सुरक्षित दाबी (भाका नाघेको) | १०६,५२२ |
| १४ | व्यापारिक घरजग्गाबाट सुरक्षित दाबी | १,३३२,८७२ |
| १५ | भुक्तानी अवधि समाप्त भईसकेको दाबी (आवासिय घरजग्गाबाट सुरक्षित बाहेक) | ५,५०९,५८६ |
| १६ | उच्च जोखिमयुक्त दाबी | ९,८१६,२३३ |
| १७ | शेयर तथा ऋणपत्रहरु द्वारा सुरक्षित ऋण | ६,०२१,२०४ |
| १८ | स्टक एक्सचेन्जमा सूचीकृत कम्पनीको शेयर र अन्य पूँजीगत उपकरणमा भएको लगानी | १,८९७,१४८ |
| १९ | स्टक एक्सचेन्जमा सूचीकृत नभएको कम्पनीको शेयर र अन्य पूँजीगत उपकरणमा भएको लागनी | ३४८,७४१ |
| २० | आवासिय घरजग्गाबाट सुरक्षित कर्मचारी कर्जा | १,१८२,१५२ |
| २१ | मार्गस्थ नगद तथा कलेक्सनमा रहेको नगदजन्य सम्पत्ति | - |
| २२ | अन्य सम्पत्ति | ४,३८९,९९९ |
| २३ | वासलात बाहिरको कारोवार | १४,६९७,४९२ |
| | **जम्मा** | **१७८,७१७,७५५** |

- **कुल जोखिम भारित सम्पत्ति**

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| कुल जोखिम भारित सम्पत्ति | १९६,२६७,९७२ |
| Tier 1 पूँजी (प्राथमिक पूँजी) (CET1+AT1) | १६,७२५,९२४ |
| कुल पूँजी कोष | २६,२२१,०६९ |
| कुल प्राथमिक पूँजी/कुल जोखिम भारित सम्पत्ति % | ८.५२% |
| कुल पूँजी कोष/कुल जोखिम भारित सम्पत्ति % | १३.३६% |

### निष्कृय सम्पत्तिको विवरण

- **निष्कृय सम्पत्तिको रकम (कुल र खुद)**

रकम (रु. हजारमा)

| निष्कृय सम्पति | रकम | कर्जा नोक्सानी व्यवस्था | खुद निष्कृय कर्जा |
|---|---|---|---|
| पुनरतालिकीकरण/पुनरसंरचना गरिएको | २७,३४५ | ३,४१८ | २३,९२७ |
| कमसल | ९३७,०२३ | २२३,२६८ | ७१३,७५५ |
| शंकास्पद | २०४,२९३ | ९९,९५५ | १०४,३३८ |
| खराब | ४८०,८७५ | ४६८,१७७ | १२,६९९ |
| **जम्मा** | **१,६४९,५३७** | **७९४,८१९** | **८५४,७१९** |

- **निष्कृय सम्पत्ति (%):** १.०० %

### (ग) बाह्य व्यवस्थाहरुको पालना

बैंकले नेपाल राष्ट्र बैंक बमोजिम न्युनतम पूँजीकोष कायम गर्नु पर्ने हुन्छ। त्यस अनुरुप बैंकले १३.३६% पूँजीकोष कायम गर्दै नेपाल राष्ट्र बैंक बमोजिमको न्युनतम पूँजीकोषको अनुपात आ. व. २०७७/७८ मा कायम गरेको छ।

### ५.३ वित्तीय सम्पत्ति तथा दायित्वको विभाजन

**वित्तीय सम्पत्ति**

NFRS 9 अनुसार वित्तीय सम्पत्तिलाई निम्न श्रेणिमध्ये कुनै एकमा बर्गीकृत गर्नु पर्ने :

- नाफा नोक्सान हिसाब मार्फत उचित मूल्यमा मूल्याङ्कन गरिएका वित्तीय सम्पत्ति
- परिषोधित मूल्यमा मूल्याङ्कन गरिएका वित्तीय सम्पत्ति
- अन्य विस्तृत आम्दानी मार्फत उचित मूल्यमा मूल्याङ्कन गरिएका वित्तीय सम्पत्ति

**वित्तीय दायित्व**

NFRS 9 अनुसार वित्तीय दायित्वलाई निम्न श्रेणि मध्ये कुनै एकमा बर्गीकृत गर्नु पर्ने :

- नाफा नोक्सान हिसाब मार्फत उचित मूल्यमा मूल्याङ्कन गरिएका वित्तीय दायित्व
- परिषोधित मूल्यमा मूल्याङ्कन गरिएका वित्तीय दायित्व

नाफा नोक्सान हिसाब मार्फत उचित मूल्यमा मूल्याङ्कन गरिएका वित्तीय दायित्वलाई दुई उपश्रेणिमा विभाग गरिन्छ :

- initial recognition को समयमा नाफा नोक्सान हिसाब मार्फत उचित मूल्यमा मूल्याङ्कन गरिने भनी designate गरिएको
- व्यापारीक उद्देश्यले धारण गरिएको

### ५.४ संचालन सेग्मेन्ट्सको जानकारी

**१. सामान्य जानकारी**

**बैंकको रिपोर्टेवल सेग्मेन्ट्सको पहिचान गर्नका लागि प्रयोग हुने कारकहरु/तत्वहरु**

बैंकले कार्यकारी समिति (Executive committee) लाई व्यवसाय संचालन सम्बन्धि निर्णय लिन र स्रोत परिचालनमा मद्दत गर्ने आधारमा महत्वपूर्ण सेग्मेन्ट्सहरुको पहिचान गरेको छ। यस बमोजिम पहिचान गरिएका सेग्मेन्ट्सहरु बैंकिङ्ग (कर्जा, निक्षेप र ट्रेड अपरेशन समेत), भुक्तानी समाधान (कार्ड्स), बिप्रेषण, ट्रेजरी र माइक्रोबैंकिङ हुन्। ट्रेजरी विभागले बैंकको कोष व्यवस्थापकको रुपमा कार्य गर्दछ।

**सामान र सेवाको प्रकार जसबाट रिपोर्टेवल सेग्मेन्ट्सले आम्दानी आर्जन गर्दछ**

| | |
|---|---|
| **(क)** | **विप्रेषण** |
| | विप्रेषण शुल्क तथा कमिसन |
| | IBT व्याज आम्दानी |
| | विदेशी मुद्रा आम्दानी |
| | अन्य शुल्क र कमिसन |
| **(ख)** | **भुक्तानी समाधान (कार्ड्स)** |
| | Interchange Income |
| | क्रेडिट कार्ड |
| | डेबिट कार्ड |
| | प्रिपेड कार्ड |
| | ए.टि.एम. शुल्क |
| | मर्चेन्ट सेटलमेन्ट् शुल्क तथा कमिसन |
| | अन्य शुल्क तथा कमिसन |
| | विदेशी मुद्राको विनीमय दर परिवर्तनको कारण नाफा |
| **(ग)** | **माइक्रो बैंकिङ** |
| | व्याज आम्दानी |
| | शाखा रहित बैकिङ्ग सेवाबाट आम्दानी |
| | अन्य शुल्क तथा कमिसन |
| **(घ)** | **ट्रेजरी** |
| | लगानीबाट भएको आम्दानी |
| | शेयर तथा बोण्ड र वित्तीय उपकरण खरिद तथा विक्रीबाट भएको आम्दानी |
| | Bullion Trading Income |
| | लाभांशबाट आम्दानी |
| | विदेशी मुद्राको कारोबारबाट नाफा |
| | IBT आम्दानी |
| | नोस्ट्रो बैंकबाट रिबेट |
| | अन्य शुल्क तथा कमिसन आम्दानी |
| **(ङ)** | **बैंकिङ्ग** |
| | व्याज आम्दानी |
| | बिल खरिद तथा डिस्काउन्ट सेवाबाट आम्दानी |
| | प्रतितपत्र जारी गरेको वापत आम्दानी |
| | जमानतपत्र जारी गरेको वापत आम्दानी |
| | कागजात संकलन सेवाबाट आम्दानी |
| | विप्रेषणबाट आम्दानी |
| | स्विफट् शुल्कबाट आम्दानी |
| | विदेशी मुद्राबाट नाफा |
| | सम्पत्तिको बिक्रीमा लाभ |
| | गैर बैंकिङ्ग सम्पत्तिको विक्रीमा लाभ |
| | IBT आम्दानी |
| | अन्य बैंकिङ्ग सेवाहरुबाट आम्दानी |

## २. नाफा र नोक्सान, सम्पत्ति, दायित्वको जानकारी

### आ.व. २०७७/७८

**रकम रु.मा**

| विवरण | | भुक्तानी समाधान (कार्ड) | विप्रेषण | ट्रेजरी | माइक्रोबैंकिङ्ग | बैंकिङ्ग | कुल |
|---|---|---|---|---|---|---|---|
| १ | बाह्य ग्राहकबाट आम्दानी | ३४८,८५६,४४३ | ६२,३३१,६५६ | २,८९१,४६८,१३१ | ५०७,६८६,६०२ | १४,२९६,५०५,४५० | १८,१०६,८४८,२८२ |
| २ | अन्तर सेग्मेन्ट् आम्दानी | - | १०८,८७४,३८७ | ९८,०६७,०६६ | - | ६,१०७,७९५,२५४ | ६,३१४,७३६,७०८ |
| ३ | खुद आम्दानी | ३४८,८५६,४४३ | १७१,२०६,०४४ | २,९८९,५३५,१९७ | ५०७,६८६,६०२ | २०,४०४,३००,७०४ | २४,४२१,५८४,९९० |
| ४ | ब्याज आम्दानी | ३४,७१०,६५९ | १०८,८७२,८४० | १,३०८,२०४,९६० | ४७८,३८९,७४१ | १९,३१३,७६८,६३९ | २१,२४३,९४६,८४० |
| ५ | ब्याज खर्च | (७,३४५,९७०) | (५०,८८३,२४५) | (७२९,९२८,३२८) | (५,७८७,५३४) | (१४,९३९,७९५,३२६) | (१५,७३३,७४०,४०३) |
| ६ | कुल ब्याज आम्दानी | २७,३६४,६९० | ५७,९८९,५९५ | ५७८,२७६,६३३ | ४७२,६०२,२०७ | ४,३७३,९७३,३१३ | ५,५१०,२०६,४३७ |
| ७ | ह्रासकट्टि र परिषोधन | (३,१२९,९६०) | (६६८,२१३) | (२५१,९६८) | (२,३५९,५२४) | (१९६,२३२,१६५) | (२०२,६४१,८३०) |
| ८ | सेग्मेन्ट् नाफा/(नोक्सान) | १०८,९९६,१८६ | ७७,०३३,०९७ | २,२४६,४८७,५५४ | ४४४,२२१,८७१ | १,२९०,५०२,५७७ | ४,१६७,२४१,२८६ |
| ९ | सहायक कम्पनिको नाफा नोक्सानमा बैंकको भाग जसको लेखा इक्विटी तरिकाले गरिएको छ | - | - | - | - | - | - |
| १० | अन्य material non-cash items | - | - | - | - | - | - |
| ११ | कर्जाको जोखिम व्यवस्था तथा अन्य नोक्सानी | (९,६१७,१८९) | - | - | (३८,८३८,७०२) | (७४४,६१३,१७८) | (७९३,०६९,०६९) |
| १२ | सेग्मेन्ट्को सम्पत्ति | ३११,४८०,०५१ | १,६८४,६६९,८२२ | १०,६३२,९६४,१८८ | २,७७०,६७१,६९३ | २१३,५४२,१७४,१६१ | २२८,९४१,९५९,९१४ |
| १३ | सेग्मेन्ट्को दायित्व | (१९३,४८२,७३२) | (१,६०४,८७४,०५५) | (८,४२७,१६०,२९८) | (२,३२३,४०२,१९९) | (२१६,३९३,०४०,६३१) | (२२८,९४१,९५९,९१४) |

### आ.व २०७६/७७

रकम रु. मा

| | विवरण | भुक्तानी समाधान (कार्ड) | विप्रेषण | ट्रेजरी | माइक्रो बैंकिङ्ग | बैंकिङ्ग | कुल |
|---|---|---|---|---|---|---|---|
| १ | बाह्य ग्राहकबाट आम्दानी | २८२,९५१,४१८ | ३४,१०४,७०९ | १,४५४,००४,२८५ | ५२७,०५७,१०० | १४,८८१,३८१,९१७ | १७,१७९,४९९,४३० |
| २ | अन्तर सेग्मेन्ट् आम्दानी | - | ५९,३३९,४२१ | ८७,६८९,३८७ | - | ५,८६३,५५०,२५० | ६,०१०,५७९,०५८ |
| ३ | खुद आम्दानी | २८२,९५१,४१८ | ९३,४४४,१३० | १,५४१,६९३,६७२ | ५२७,०५७,१०० | २०,७४४,९३२,१६७ | २३,१९०,०७८,४८७ |
| ४ | ब्याज आम्दानी | ३३,९९८,३८४ | ५९,३४०,९९७ | १,००७,०६१,४७५ | ५०८,५१६,०४२ | १९,८०२,१४६,२३५ | २१,४११,०६३,१३३ |
| ५ | ब्याज खर्च | (१३,२०२,०३८) | (३२,७२०,९४०) | (७३८,०७७,७१८) | (३६३,१६५,७२४) | (१४,६८९,७५९,३३३) | (१५,८३६,९२५,७५२) |
| ६ | कुल ब्याज आम्दानी | २०,७९६,३४६ | २६,६२०,०५७ | २६८,९८३,७५८ | १४५,३५०,३१८ | ५,११२,३८६,९०२ | ५,५७४,१३७,३८१ |
| ७ | ह्रासकट्टि र परिषोधन | (२,९९२,०८२) | (८२९,३२५) | (१७८,९३३) | (२,८३१,३४४) | (१९०,११८,७९२) | (१९६,९५०,४७६) |
| ८ | सेग्मेन्ट् नाफा/(नोक्सान) | ४५,६१९,१९३ | २५,१२६,५३८ | ७९१,२३५,४७३ | ८३,७८४,४४७ | २,१८२,८७४,४५४ | ३,१२८,६४०,१०५ |
| ९ | सहायक कम्पनिको नाफा नोक्सानमा बैंकको भाग जसको लेखा इक्विटी तरिकाले गरिएको छ | - | - | - | - | - | - |
| १० | अन्य material non-cash items | - | - | - | - | - | - |
| ११ | कर्जाको जोखिम व्यवस्था तथा अन्य नोक्सानी | (२०,३९८,२६३) | - | - | (१९,३१२,०५१) | (६४६,७१०,२१३) | (६८६,४२०,५२७) |
| १२ | सेग्मेन्ट्को सम्पत्ति | २२७,७९३,१८९ | ९७५,२५३,४३६ | १,२१७,२२०,६०९ | १५१,४०४,९४१ | १६८,०१३,४८८,१४३ | १७०,५८५,१६०,३१८ |
| १३ | सेग्मेन्ट्को दायित्व | (१७५,२०६,५१४) | (९४८,०६४,७५५) | (४२५,६०८,२०५) | (५५,३३२,८६९) | (१६८,९८०,९४७,९७५) | (१७०,५८५,१६०,३१८) |

### ३. संचालन सेग्मेन्ट्सको नाफा/नोक्सान, सम्पत्ति र दायित्वको मापन

**(क) लेखाङ्कनको आधार**

सेग्मेन्ट्स बीच हुने सम्पूर्ण कारोवारहरु पूर्व निर्धारित स्थानान्तर मूल्यको प्रयोग गरी लेखांकन गरिन्छ ।

**(ख) रिपोर्टेवल सेग्मेन्ट्सको नाफा वा नोक्सान र बैंकको नाफा नोक्सानको आय कर अघिको मापन विचको भिन्नताको प्रकृति**

सेग्मेन्ट्सको नाफा वा नोक्सान र बैंकको नाफा नोक्सानको आय कर अघिको मापन विच कुनै पनि भिन्नता छैन ।

**(ग) रिपोर्टेवल सेग्मेन्ट्सको सम्पति र बैंकको सम्पतिको मापन विचको भिन्नताको प्रकृति**

सेग्मेन्ट्सको सम्पति र बैंकको सम्पतिको मापनमा कुनै पनि भिन्नता छैन ।

**(घ) गत वर्षको रिपोर्टेड सेग्मेन्ट्सको नाफा वा नोक्सान मापनको तरिकाहरुको प्रकृतिमा कुनै परिवर्तन, यदि कुनै छ भने त्यसको असर**

गत वर्षको रिपोर्टेड सेग्मेन्ट्सको नाफा वा नोक्सान मापनको तरिकाहरुको प्रकृतिमा कुनै परिवर्तन छैन ।

**(ङ) रिपोर्टेवल सेग्मेन्ट्समा हुने कुनै असमन बाँडफाडको प्रकृति र असर**

रिपोर्टेवल सेग्मेन्ट्समा कुनै पनि असमान बाँडफाड गरिएको छैन ।

## ४. हिसाब मिलान

### (क) आम्दानी

रकम रु.मा

| | २०७७/७८ | २०७६/७७ |
|---|---|---|
| **रिपोर्टेवल सेग्मेन्ट्सको कुल आम्दानी** | २४,४२१,५८४,९९० | २३,१९०,०७८,४८७ |
| अन्य आम्दानी | - | - |
| घटाउ : अन्तर सेग्मेन्ट् आम्दानी | (६,३१४,७३६,७०८) | (६,०१०,५७९,०५८) |
| **बैंकको आम्दानी** | १८,१०६,८४८,२८२ | १७,१७९,४९९,४३० |

नोटः अन्तर सेग्मेन्ट् आम्दानीमा निम्न लिखित आम्दानीहरु समावेश गरिएको छः

रकम रु.मा

| | २०७७/७८ | २०७६/७७ |
|---|---|---|
| व्याज | ६,२९४,७४१,४१९ | ५,९७८,९१०,८६० |
| भल्ट क्यास इन्सेन्टिभ | १९,९९५,२८८ | ३१,६६८,१९८ |
| **जम्मा** | ६,३१४,७३६,७०८ | ६,०१०,५७९,०५८ |

### (ख) नाफा तथा नोक्सान

रकम रु.मा

| | २०७७/७८ | २०७६/७७ |
|---|---|---|
| **रिपोर्टेवल सेग्मेन्ट्सको कुल नाफा/(नोक्सान)** | ४,१६७,२४१,२८६ | ३,१२८,६४०,१०५ |
| अन्य नाफा तथा नोक्सान | - | - |
| अन्तर सेग्मेन्ट् आम्दानीको उन्मुलन | - | - |
| बाँडफाँड नभएको रकम | - | - |
| **आयकर अघिको मुनाफा** | ४,१६७,२४१,२८६ | ३,१२८,६४०,१०५ |

### (ग) सम्पत्ति

रकम रु.मा

| | २०७७/७८ | २०७६/७७ |
|---|---|---|
| **रिपोर्टेवल सेग्मेन्ट्सको कुल सम्पति** | २२८,९४१,९५९,९१४ | १७०,५८५,१६०,३१८ |
| अन्य सम्पति | - | - |
| बाँडफाँड नभएको सम्पति | - | - |
| **बैंकको सम्पति** | २२८,९४१,९५९,९१४ | १७०,५८५,१६०,३१८ |

### (घ) दायित्व

रकम रु.मा

| | २०७७/७८ | २०७६/७७ |
|---|---|---|
| **रिपोर्टेवल सेग्मेन्ट्सको कुल दायित्व** | २२८,९४१,९५९,९१४ | १७०,५८५,१६०,३१८ |
| अन्य दायित्व | - | - |
| बाँडफाँड नभएको दायित्व | - | - |
| **बैंकको दायित्व** | २२८,९४१,९५९,९१४ | १७०,५८५,१६०,३१८ |

## ५. रिपोर्टेवल सेग्मेन्ट्सहरुले प्रदान गर्ने सेवा सम्बन्धी जानकारी

रकम रु.मा

| | | २०७७/७८ | २०७६/७७ |
|---|---|---|---|
| (क) | **विप्रेषण** | **१७१,२०६,०४४** | **९३,४४४,१३०** |
| | विप्रेषण शुल्क तथा कमिसन | २३,४४१,८९३ | १६,०७३,०५५ |
| | IBT व्याज आम्दानी | १०८,८७२,८४० | ५९,३४०,९९७ |
| | विदेशी मुद्रा आम्दानी | ३७,२७३,८९३ | १५,८३७,२७८ |
| | अन्य शुल्क तथा कमिसन | १,६१७,४१७ | २,१९२,८०० |
| (ख) | **भुक्तानी समाधान (कार्ड्स)** | **३४८,८५६,४४३** | **२८२,९५१,४१८** |
| | Interchange Income | ४१,९६७,१४० | ३२,९२३,०४३ |
| | क्रेडिट कार्ड | ५८,७५०,६३२ | ६०,३२९,३८२ |
| | डेबिट कार्ड | ९३,३२६,५४८ | ६३,७८७,९७६ |
| | प्रिपेड कार्ड | ४३८,५५१ | ८००,८१० |
| | ए.टि.एम. शुल्क | १५,८८१,४४४ | २३,४१३,१०७ |
| | मर्चेन्ट सेटलमेन्ट् शुल्क तथा कमिसन | २७,३३३,१२९ | ३०,२७५,७१६ |
| | अन्य शुल्क तथा कमिसन | १०९,६७२,२०९ | ६७,४४०,२०७ |
| | विदेशी मुद्राको कारोबारबाट नाफा | १,४८६,७९० | ३,९८१,१७६ |
| (ग) | **माइक्रो बैंकिङ** | **५०७,६८६,६०२** | **५२७,०५७,१००** |
| | व्याज आम्दानी | ४८७,५७५,२३७ | ५२६,७२४,४५९ |
| | शाखा रहित बैकिङ्ग सेवाबाट आम्दानी | २८४,८८५ | २२८,७७३ |
| | अन्य शुल्क तथा कमिसन | १९,८२६,४८१ | १०३,८६९ |
| (घ) | **ट्रेजरी** | **२,९८९,५३५,१९७** | **१,५४१,६९३,६७२** |
| | लगानीबाट भएको आम्दानी | १,३०८,२०४,९६० | १,००७,०६१,४७५ |
| | शेयर तथा बोण्ड र वित्तीय उपकरण खरिद तथा विक्रीबाट भएको आम्दानी | १,१७८,३९६,०५८ | ९३,९८३,१६१ |
